
# पटेर्वा सुगौली गाउँपालिकाको

# शिक्षा योजना (२०८२/८३-२०९१/९२)

( स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्ग दर्शन २०७८ (परिमार्जित सस्करण २०८१)मा आधारित शिक्षा योजना)




## पटेर्वा सुगौली गाउँपालिका, पर्सा

## शिक्षा, युवा तथा खेलकुद शाखा

## मधेश प्रदेश

**योजना तयार कार्यदका सदस्यहरु :**

विजय गैरे- सामाजिक विकास सयोजक

सोलेन्द्र पंजियार – शिक्षा प्रमुख

रामाशंखर प्रसाद – मा. प्र.अ.

रामचन्द्र आझैया – शिक्षा विज्ञ

सुनिता चौधरी – शिक्षा समिति

**सल्लाकार**

दिनेश चौधरी – गाउँपालिका अध्यक्ष

ममता महतो – गाउँपालिका उपाध्यक्ष

प्राण मेहता - प्रमुख प्रशासकिय अधिकृत

शम्भू प्रसाद साह - प्रशासन प्रमुख

**साझेदार सस्था/ प्राविधिक सहयोग**

सभिल सोसाईटी इम्पावरमेन्ट फर एकाउन्टेवल एजुकेशन (CSC) परियोजना/ कारखाना समूह र मधेश सिकाई समूह-२

# भनाई

शिक्षा आजको विकासको मुल आधार हो । यसलाई नेपालको सविधान र कानूनले सुनिश्चित गरेको छ । यसरी सविधानले र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक तह सम्बन्धी अधिकार स्थानीय सरकारलाई हस्तान्तरण गरेको छ ।यसलाई पालिकाले शिरोधार्य गरी शिक्षालाई व्यवस्थापन गर्न शिक्षा सम्बन्धी ऐन र नियमावली सार्वजनिक गरेको छ । तदअनुरुप गरी शिक्षा सम्बन्धी योजना र कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

शिक्षा क्षेत्रमा संघ र प्रदेशले लिएका मार्गदर्शनलाई आधार मानि पटेर्वा सुगौली गाउँपालिकाले सविधान, कानून, दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजनाले शिक्षा क्षेत्रमा गरेको परिकल्पनालाई व्यवहारमा उतार्न गाउँपालिका स्थापना भए देखि नै कार्य गरिरहेको छ । पालिकाले सञ्चालन गरेको शिक्षा सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन र सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धि गर्ने अभिप्रायले शिक्षा क्षेत्र योजना (२०८२-२०९१) तयार गरी कार्यान्वयमा ल्याउन लागिरहेको छ । यस शिक्षा क्षेत्रमा बन्न गईरहेका दश वर्ष शिक्षा योजनाले सामुदायिक विद्यालयमा देखिएका समस्यालाई पहिचान गरी समाधान गर्दे यस गाउँपालिकाका सबै बालबालिकाहरुको विद्यालयसम्मको पहुँच पुर्याउन आवश्यक वातावरण पुग्ने अपेक्षा राखिएको छ ।

आगामी दिनमा यस गाउँपालिकाले १० वर्षे शिक्षा क्षेत्र योजनाले मार्गदर्शन गरेको आधारमा शैक्षिक कार्यक्रम र बजेट तयार गर्दे अगाडी बढ्ने अपेक्षा गाउँपालिकाले गरेको छ । यस शिक्षा क्षेत्र योजना तयार पार्न सम्पूर्ण जिम्मेवार लिई प्रत्यक्षरुपमा भूमिका निर्वाह गर्ने दलित महिला संघ, पर्सा, सरक्षण नेपाल र पिपिसि सस्था प्रति धन्यवाद व्यक्त गर्न चाहान्छु ।त्यस्तै गरी यस शिक्षा क्षेत्र योजना तयार पार्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन भूमिका निर्वाह गर्नु हुने कारखाना समूह प्रति आभार व्यक्त गर्न चाहान्छु । त्यसैगरी यसमा सक्रिय भूमिका निर्वाह गर्नु हुने सामाजिक विकास समिति,शिक्षा समितिका सयोजक तथा सदस्यहरु, शिक्षा शाखाको प्रमुख र यसमा प्रत्यक्ष र अप्रत्यक्षरुपमा सुझाव र सल्लाह दिनु हुने सबै प्रति पालिकको तर्फबाट कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

...............................

(दिनेश प्रसाद चौधरी)

अध्यक्ष

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

भनाई

शिक्षालाई नेपालको सविधान र कानूनले सुनिश्चित गरेको छ। यसरी सविधानले र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक तह सम्बन्धी अधिकार स्थानीय सरकारलाई हस्तान्तरण गरेको छ।पालिकाले तदअनुरुप शिक्षा सम्बन्धी विभिन्न योजना र कार्यक्रमहरु सञ्चालन गरिरहेको अवगत नै छ।

शिक्षा क्षेत्रमा संघ र प्रदेशले लिएका मार्गदर्शनलाई आधार मानि पटेर्वा सुगौली गाउँपालिकाले सविधान, कानून, दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजनाले शिक्षा क्षेत्रमा गरेको परिकल्पनालाई व्यवहारमा उतार्न गाउँपालिका स्थापना भए देखि नै कार्य गरिरहेको छ। पालिकाले सञ्चालन गरेको शिक्षा सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन र सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धि गर्ने अभिप्रायले शिक्षा क्षेत्र योजना (२०८२-२०९१) तयार गरी कार्यान्वयमा ल्याउन लागिरहेको छ। यस शिक्षा क्षेत्रमा बन्न गईरहेका दश वर्ष शिक्षा योजनाले सामुदायिक विद्यालयमा देखिएका समस्यालाई पहिचान गरी समाधान गर्दै यस गाउँपालिकाका सबै बालबालिकाहरुको विद्यालयसम्मको पहुँच पुर्याउन आवश्यक वातावरण पुग्ने अपेक्षा राखिएको छ।

आगामी दिनमा यस गाउँपालिकाले १० वर्षे शिक्षा क्षेत्र योजनाले मार्गदर्शन गरेको आधारमा शैक्षिक कार्यक्रम र बजेट तयार गर्दै अगाडी बढ्ने अपेक्षा गाउँपालिकाले गरेको छ। यस शिक्षा क्षेत्र योजना तयार पार्न सम्पूर्ण सरोकारवालप्रति कृतज्ञता व्यक्त गर्न चाहान्छु। त्यसैगरी यसमा सक्रिय भूमिका निर्वाह गर्नु हुने सामाजिक विकास समिति,शिक्षा समितिका सयोजक तथा सदस्यहरु, शिक्षा शाखाको प्रमुख र यसमा प्रत्यक्ष र अप्रत्यक्षरुपमा सुझाव र सल्लाह दिनु हुने सबै प्रति पालिको तर्फबाट आभार व्यक्त गर्न चाहान्छु।

अन्तमा यस शिक्षा योजना बनाउन प्राविधिक सहयोग गर्नु हुने कारखाना समूहलाई मुरीमुरी धन्यवाद दिदै आगामी दिन पनि समन्वय, सहकार्य र साझेदारी निरन्तर रहने अपेक्षा राखेको छु।

...............................

(ममता महतो)

उपाध्यक्ष

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

## मेरो भनाई

गुणस्तरिय, प्रविधिमैत्री र समावेशी शिक्षा दिगो विकासको मूल आधार हुन । दिगो विकास लक्ष्य हासिल गर्नका लागि समावेशी शिक्षा, लैङ्गिकमैत्री र विभेदरहित अवसर शिक्षाको अवसर अपरिहार्य छ । यसलाई व्यवहारमा उतार्न सविधान र कानूनमा पनि तत् सम्बन्धी व्यवस्था गरेको छ । यसरी सविधानमा गरिएका व्यवस्थालाई व्यवहारमा उतार्न पालिकाले आफनो भूगोल र क्षमतालाई आधारमानी तद अनुसारको स्पष्ट र व्यवहारिक शिक्षा योजना बनाउन आवश्यक छ ।

पालिकाले आफनो सामार्थ र भूगोललाई आधारमानी गुणस्तरिय शिक्षा अभिबृद्धि गर्न, समावेशी र लैङ्गिकमैत्री शिक्षा प्रवर्द्धनलाई प्राथमिकतामा राखी विभिन्न गतिविधिहरु सञ्चालन गर्दे आएको छ । यसरी पालिकाले सञ्चालन गर्दै आएको कार्यक्रम र उपलब्धीलाई सस्थागत गर्नका लागि यस शिक्षा क्षेत्र योजनाले कोशेढुगा सावित हुनेछ ।

यस योजना निर्माण गर्नका निर्माणको प्रारम्भिक चरणदेखि सामाजिक विकास समितिका सयोजक तथा सदस्य, शिक्षा योजना निर्माण कार्यदलका सयोजक तथा सदस्य, नगरशिक्षा समिति, शिक्षा शाखा लगायत प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने कारखाना समूह प्रति आभार प्रकट गर्दछु ।

अन्तमा आगामी दिनमा पालिकाले यस शिक्षा क्षेत्र योजना प्रभावकारी कार्यान्वयन गर्न पालिका पदाधिकार, कर्मचारी र सबै सरोकारवालाहरुले आ आफनो क्षेत्रबाट निरन्तर सहयोग र समन्वयको अपेक्षा राखेको छु ।

प्राण महेता

...............................

(प्रमुखा प्रशासकिय अधिकृत )

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

प्राक्कथन

सविधान र कानूनले सुनिश्चित गरेको शिक्षाको अधिकारलाई व्यवहारमा उत्तारी गुणस्तरिय, प्रविधिमैत्री र समावेशी शिक्षा प्रवर्द्धन आजको प्रमुख आवश्यकता हो । सविधानमा गरिएका व्यवस्थालाई व्यवहारमा उतार्न पालिकाले क्षमतालाई आधारमानी तद अनुसारको स्पष्ट र व्यवहारिक शिक्षा योजना बनाउन अपहरीहार्य छ।

पालिकाले योजनाबद्ध तरिकाले शिक्षा योजना बनाई तत अनुसारको बजेट विनियोजन गरेर सविधान र कानूनले परिकल्पना गरेको गुणस्तरिय शिक्षा समावेशी र लैङ्गिकमैत्री शिक्षा प्रवर्द्धनलाई प्राथमिकताका साथ कार्यान्वयनमा जोड दिनु पर्छ ।

यस योजना निर्माण गर्नका निर्माणको प्रारम्भिक चरणदेखि सामाजिक विकास समितिका सयोजक तथा सदस्य, शिक्षा योजना निर्माण कार्यदलका सयोजक तथा सदस्य, नगरशिक्षा समितिका सदस्यहरुलाई धन्यवाद दिन चाहान्छु।

शोलेन्द्र पंजियार

...............................
...............
(शिक्षा शाखा प्रमुख )
पटेर्वा सुगौली गाउँपालिका, पर्सा

विषयसूची


(क) विषय प्रवेश

**परिच्छेद १ : परिचय** **१३**

१.१ वर्तमान अवस्था १३

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण १६

**परिच्छेद २ :** **२०**

दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण २०

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार २०

२.२ दूरदृष्टि २२

२.३ लक्ष्य २२

२.४ उद्देश्य २२

२.५ रणनीति २२

**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र** **२९**

३.१ प्रारम्भिक बाल विकास र शिक्षा २९

३.२ आधाभूत शिक्षा ३४

३.३ माध्यमिक शिक्षा ४२

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ४९

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ५२

**परिच्छेद ४ : अन्तरसम्बधित विषय तथा क्षेत्र** **५७**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन ५७

४.२ शिक्षक व्यवस्थापन र विकास ६३

४.३ शैक्षिक समता र समावेशीकरण ७१

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ७५

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ८०

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ८३

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ८७

**परिच्छेद ५ : अन्य उपक्षेत्र** **९१**

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन** **९४**

६.१ शिक्षा व्यवस्थापन तथा संस्थागत क्षमता विकास ९४

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयन प्रबन्ध ९७

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** **१०१**

अनुसूची अनुसूची १ : स्थानीय शिक्षा योजना ढाँचा

अनुसूची २ : विद्यालय शिक्षा विद्यमानन समस्या, तीनका कारण र असरका केही उदाहरण देखाइएको नमुना समस्या बृक्ष (Problem Tree)

अनुसूची ३ : विद्यालयमा प्रारम्भिक बालबिकास शिक्षा क्षेत्रमा भएका सवल पक्ष, कम्जोरी, असर र चुनौतीका केही उदाहरण देखाइएको SWOT विश्लेषणको नमुना

अनुसूची ४  शिक्षासग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीति दस्तावेजहरूको सूची

अनुसूची ५ स्थानीय तहको शिक्षा योजना विश्लेषण प्रमवर्क

## १. विषय प्रवेशः

देशको विकासको मुख्य सूचकहरु मध्ये गुणस्तरिय र व्यवहारिक शिक्षा हो । नेपालको संविधान मौलिक हकको रुपमा प्रदत्त शिक्षा सम्बन्धी अधिकारलाई आम नागरिकको पहुँच पुर्याउन र प्रभावकारीरूपमा कार्यान्वयन गरी  अपेक्षित नतिजा हासिल गर्नमा एवं शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि  शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।  स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम स्थानीय तहमा प्रभावकारी सञ्चालन गर्न  दिशानिर्देश गरेको छ । यसरी संविधान र ऐनले सुनिश्चत गरेको अनिवार्य तथा निशुल्क तथा आधारभूत तथा निशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि पटेर्वा सुगौली गाउँपालिकाले स्थानीय आवश्यकता र सन्दर्भलाई समेटेर १० वर्षे शिक्षा योजना निर्माण गरेको छ ।

## २. शिक्षा योजना निर्माणको  आवश्यकता

नेपालले शिक्षालाई प्राथमिकतामा राखेको छ । नीतिगतरुपमा नेपालको  संविधान, २०७२,  राष्ट्रिय शिक्षा नीति, अनिवार्यमा तथा निशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय सम्बन्धी ऐन कानुनले प्राथिमकतामा राखेको छ । उक्त सम्बैधानिक तथा कानुनी,  नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न  र विद्यालय क्षेत्रको विकासलाई दिशा निर्देश गर्नका लागि स्थानिय तहले शिक्षा योजना निर्माण गर्न  आवश्यक छ । विज्ञान र प्रविधिमा भएका विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सृजनशिल, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरण लागि दक्ष मानविय श्रोत तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन विद्यालय क्षेत्रको योजना मार्फत शिक्षा प्रणालीमा सुधार गर्नु जरुरी छ ।

नेपालको  संविधान, २०७२ को अनुसूची ८ को क्रमसंख्या ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार पालिकालाई प्रदान गरेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय सरकारले आ्फनो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गने नीतिगत व्यवस्था रहेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले पछि परेका  सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धी सुनिचित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिबृद्धि  गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्विकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा पटेर्वा सुगौली गाउँपालिकाले शिक्षा क्षेत्र योजना निर्माण गर्नु आवश्यकता महसुस गरी स्थानिय शिक्षा योजना निर्माण गरेको हो ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बिय (Vertical) र क्षितिजीय (Horizontal) सम्बन्ध स्थापित गर्ने
३.२ सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्ने
३.३ कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्ने

३.४ साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

३.५ शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

३.६ स्थानीय आवश्यकता श्रोत, क्षमता र सान्दर्भवलाई विश्लेशण गरी शिक्षाको गुणस्तरलाई प्रर्वधन गर्न

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाई गरिएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामाग्री प्रयोग गरी निर्माण गरिएको छः

1. शिक्षा ऐन, २०२८ (संशोधितसहित)
2. शिक्षा नियमावली, २०५९(संशोधन सहित)
3. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५
4. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७
5. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८
6. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५
7. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
8. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी निर्देशिका, २०६९
9. नमुना शिक्षालय विकास एवम सञ्चालन निर्देशिका, २०७४
10. बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०
11. विपन्न लक्षित छात्राबृत्ति कार्यक्रम मापदण्ड,२०८०
12. विशेष कारणको अवस्थामा रहेका शिक्षक व्यवस्थापन सम्बन्धी निर्देशिका शिक्षकहरुको व्यवस्थापन निर्देशिका, २०८०
13. शिक्षा पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८०
14. शिक्षक मेन्टरिङ कार्यामान्वयन कार्यविधि, २०८०
15. विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०
16. विद्यालय भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०
17. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
18. अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७
19. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
20. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५
21. स्यानिटेरी प्याड सम्बन्धी कार्यविधि, २०७६
22. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
23. गुनासो सुनुवाई कार्यविधि, २०७४ ( संशधनसिहत)
24. किशोर किशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७
25. विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७

26. कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रत्येक वर्ष कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि विकास हुने) (केन्द्रस्तर एवम् प्रदेश, जिल्ला तथा स्थानीयस्तर)
27. विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी कार्यविधि,२०७४
28. विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन (संशोधनसिहत) निर्देशिका, २०६९ व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ (प्राविधिक तथा व्यवसायिक माध्यामिक शिक्षा) शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरु, २०७४
29. परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड,२०७८

नीति, रणनीति र पुस्तिका

६ दिगो विकास लक्ष्य, २०३० र राष्ट्रिय कार्यढाँचा

७ राष्ट्रिय शिक्षा नीति, २०७६

८ शिक्षाको सोचपत्र, २०७९

९ विद्यालय शिक्षा क्षेत्र योजना, २०२२-२०३२

१० बृहत् विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५

११ विद्यालय शिक्षाको एकीकृत समता रणनीति, सन् २०१४

१२ बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०

१३ बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७

१४ प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गनिर्देशक पुस्तिका, २०६७ (संशोधन सहित)

१५ विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०

१६ सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६

१७ विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०

१८ अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०८०

यसका अलावा पटेर्वा सुगौली गाउँपालिकाले अन्य क्षेत्रमा गरेका योजनाहरु विभिन्न शाखाहरु कृषि, स्वास्थ्य पुर्वाधार विकास आदिसंग समन्वय गरी गरिएको थियो । सामुदायिक विद्यालयले बनाएका विद्यालय सुधार योजना, नमुना विद्यालय विकास योजनाका साथै पालिकाले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रवन्ध तथा त्यसको सबलीकरणलाई पनि ध्यान दिएको थियो ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

कारखाना समूहको आर्थिक तथा प्राविधिक सहयोगमा दलित महिला सघ, पर्साले पटेर्वा सुगौली गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा पालिकाको शिक्षा समिति नेतृत्वमा गरिएको थियो । पालिकाले आवश्यकता अनुसार योजना तर्जुमामा अन्य समितिका सदस्यलाई पनि सहभागिता गराएको थियो । योजना निर्माण गर्दा मुख्य समूहमा शिक्षा शाखा प्रमुखलाई पनि सहभागी गराई गरिएको थियो। पालिकाको शिक्षा योजना निर्माण गर्दा सहभागिमूलक ढंगले गरेको थियो । पालिकाले योजना निर्माण गर्दा निम्न प्रक्रिया अवलम्बन गरिएको थियोः

५.१ पटेर्वा सुगौली गाउँपालिकासग समन्वय बैठक

५.२ सरोकारवालाहरुलाई शिक्षाको वर्तमान अवस्थाबारेमा अभिमुखिकरण र साझा सहमतिमा पालिकाको शिक्षा क्षेत्र योजना निर्माण सामाजिक विकास समितिका संयोजकत्वमा सरोकारवालालाई समेटेर कार्यदल गठन गरेको

५.३ पालिकाको शिक्षा क्षेत्रको अवस्था विश्लेषण

५.४ पालिकामा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्ता भएका व्यक्तीसँग सम्बन्धित सङ्घसस्था लगायत विभिन्न सरकारी/गैरसरकारी सघ संस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन

५.५ पालिकास्तरिय छलफल २०८२ साल मसिर १५ गते गाउँपालिकाको सभा हलमा शिक्षा योजनाका बारेमा पालिका पदाधिकारी , शिक्षा समिति, कर्मचारीहरु र सघ सस्थाका प्रतिनिधिहरुसग बसी प्रारम्भिक छलफल गरी शिक्षा योजनामा देखिएका समस्याहरु पहिचान गरी शिक्षा योजना निर्माणको थालनी गरिएको थियो ।यस कार्यलाई दलित महिला सघ र बाल सरक्षण नेपालले शुरु देखि अन्तिमसम्म नेतृत्व लिएको थियो ।

५.६ पालिकाको विगतको शिक्षा योजना कारखाना समूहले तयार गरेको स्थानीय तहको शिक्षा योजन विश्लेषण प्रेमवर्क अनुसार पालिका पदाधिकारी र कर्मचारीहरुको सहयोगमा गरिएको थियो ।

५.७ शिक्षा योजनको मस्यौदा तयारीमा पालिकाका पदाधिकारी, शिक्षा समितिका सदस्यहरु, सामाजिक विकास समितिको सयोजक, प्रमुख प्रशासकिय अधिकृत, प्रशासन प्रमुख, शिक्षा शाखा प्रमुखहरुसग २०८३ साल बैशाख ५ गते देखि ७ गतेसम्म पालिकाको बैठक कक्षमा छलफल गरिएको थियो ।

५.८ मस्यौदा माथि सरोकारवालाहरुको सुझाव सङ्कलन तथा पृष्ठपरोषण

५.९ शिक्षा योजनाको अन्तिमीकरण

५.१० बाह्य विज्ञद्धारा शिक्षा योजनाको लेखाजोखा र सुझाव समायोजन

५.११ पटेर्वा सुगौली गाउँपालिकाबाट योजनाको स्विकृति भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि र कार्यान्वयन

## ६. शिक्षा योजनाको लेखाजोखा

पालिकाको शिक्षा योजना निर्माण भएपछि योजनाको विश्वासनीय, वस्तुनिष्ठ र लगानी योग्य बनाउन कार्यान्वयन पुर्व योजनाको विविध पक्षहरुलाई समेटेर लेखाजोखा गरिएको थियो । पालिकाले बनाएको शिक्षा योजनाको लेखाजोखा निम्नानुसारका पक्षहरुलाई सुक्ष्म विश्लेषण गरिएको थियोः

लेखाजोखाका पक्षहरु

| क्रस | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्व थियो कि थिएन ?<br>• शिक्षक योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्णमा सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | प्रयाप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतिलाई सम्बोधन गर्नका लागि प्रयाप्त तथा सान्दर्भिक छन् कि छैनन् |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रर्दशन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्धाहरुको सम्बोधन भएको छ कि छैन । |
| ४ | अन्तरसम्बन्ध र तादाम्याता (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेको योजना (कृषि, स्वास्थ्य, पुर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाविच अन्तसम्बन्ध कायम भएको छ कि छैक छैन?<br>• शिक्षकका अन्तराष्ट्रिय लक्ष्यसंग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ कि छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्य अनुरूप योजना बनाइएको छ ?<br>• शिक्षक योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भावयता र कार्यान्वियनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहरुको अन्य पक्षसग तादम्यता कायम छ कि छैन ?<br>• योजनाका लक्ष प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यामान्यन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएका वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकरोणका साथ विकास गरिएकरो छ ? |

| | | |
|---|---|---|
| | | • योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतिलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापको लागि आवशयक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा प्रयाप्त मात्रामा बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्यमा र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि पालिकामा विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि पालिका भित्र रहेका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजना कार्यान्वयनका लागि बार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रिया प्रयाप्त प्रबोधिकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याक विश्लेषण र प्रक्षेपण | • पालिका भित्रका शैक्षिक सूचक र अन्य तथ्याक सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याक तथा सूचनाबिच तादम्यताको विश्लेषण प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रुपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरेको छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ? |

| | | |
|---|---|---|
| | | • प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

## ७. योजनाको दस्तावेजको स्वरुप

योजनाको दस्तावेजको स्वरुप पालिकाले योजनाको स्वररूपलाई अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार गरिएको थियो । यस योजनाको परिचय खण्ड भन्दा पहिला योजनाको कार्यकारी सारांश, विषयसूची, तालिकाहरूको सूची, चित्रहरुको सूची समावेश गरिएको छ ।

## परिच्छेद १ : परिचय

पटेर्वा सुगौली गाउँपालिका मधेश प्रदेशको पर्सा जिल्लामा अवस्थित छ । यस पर्सा जिल्लाको १४ स्थानीय तहहरु मध्ये एक स्थानिय तह हो । यस गाउँपालिकाले आफनो क्षेत्रको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक लगायत सम्पूर्ण पक्षको विकास गरिनु पर्छ । नेपालको संविधानले समातामुलक र समावेशी राष्ट्र निर्माण मुख्य ध्येय राखेर शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधान प्रदत्त शिक्षा सम्बन्धी मौलिक हकलाई व्यवहारमा उतार्न निशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकलाई थप मझबुत बनाएको छ । राष्ट्रिय शिक्षा निति २०७६ ले संम्बैधानिक व्यवस्था अनुसार शिक्षा क्षेत्रको सुधार तथा परिवर्तन परिवर्तनको निम्ति नितिगत व्यवस्था गरेको छ ।

स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ (२)ज मा आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । यसैलाई आधार मानेर पटेर्वा सुगौली गाउँपालिकाले शिक्षा क्षेत्रको विकास केन्द्रित भई कार्य गर्न जरुरी छ ।

कुनै पनि क्षेत्रको दिगो विकासको लागि सर्वप्रथम यर्थातपरक योजना तर्जुमा अहम भूमिका खेल्दछ । नेपालमा शिक्षा विकास विजारोपण राणा कालिन समयमा भएको शुरुवात भएको पाईन्छ तर त्यसको लागि ठोस योजना बनेको पाईदैन । नेपालमा विधिवत शिक्षाको योजना नेपालमा राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ मा उल्लेख छ । यसै गरी सर्वाङगीर्ण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२) लागु भएको देखिन्छ । पछिल्लो चरणमा दीगो विकास लक्ष्य कार्यक्रम (२०१५-२०३०) को बुदाँ न ४ ले समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाईको सुनिश्चितता गर्ने रहेको छ । संघीय सरकारले शिक्षा क्षेत्रमा सुधारका लागि विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan - SESP) २०७८-२०८८ कार्यान्वयनमा ल्याएको छ । यसैलाई आधार बनाई पटेर्वा सुगौली गाउँपालिकाले शिक्षा योजना (२०८३-२०९२) तयार पारेको छ ।

### १.१ वर्तमान अवस्था

नेपालमा २०४६ सालमा लोकतन्त्रको स्थापनाकाका लागि आन्दोलन भएको थिथो । त्यस पश्चात २०६२/६३ भएको अर्के आन्दोलन पश्चात सविधान सभा मार्फता नेपालको सविधान, २०७२ सालमा जारी भयो । सो सविधानमा तीन तहको सरकारको परिकल्पना गरेको छ । यसै सविधान र कानूनको अधिनमा रहेर २०७४ सालमा पटेर्वा सुगौली गाउँपालिका गठन भएको थियो । यस पालिकामा ५ वटा वडाहरु रहेका छन ।

शिक्षा समाजको ऐना हो । गुणस्तरिय शिक्षाले दिगो विकासको आधारहरु खोल्ने र भविष्य निर्माणमा सहजता सृजना हुन्छ । शिक्षाको विकासका लागि यर्थाथपरक योजना बनाउन जरुरी छ । विद्यमान अवस्थामा सामुदायिक विद्यालयहरुको गुणस्तर खस्कदै जादा आलोचनाको विषयवस्तु बनेको छ । यस आलोचनालाई मनन् गरी गुणस्तरिय शिक्षा प्रर्वधन गरिनु पर्छ । नेपालको सविधानले स्थानीय तहलाई प्रदान गरेको विद्यालय शिक्षाको जिम्मेवारी पुरा गर्न र निशुल्क र गुणस्तरिय शिक्षा प्रदान गर्न दायित्व अव पटेर्वा सुगौली गाउँपालिकाको काँधमा आएको छ ।


यस पालिकामा २४ सामुदायिक विद्यालयहरु रहेका छन । यसमा एक मदर्शा रहेको छ । शिक्षा क्षेत्र योजना निर्माणका लागि विद्यालय, शिक्षक र विद्यार्थीहरुको तथ्याक सकलन गरिएको थियो । प्राप्त सुचना तथा तथ्याकलाई एकत्रित गरी शिक्षा क्षेत्रको योजना निर्माणका लागि प्रक्रिया थालनी गरियो ।

(क) भौगोलिक अवस्थितिको विश्लेषण

यस गाउँपालिकाको कुल क्षेत्रफल ६४.२९ वर्ग किलोमिटर रहेको छ । कुल जनसंख्या २०७८ को राष्ट्रिय जनगणना अनुसार २५,४९८ रहेका छन । जसमा पुरुष संख्या १२,८०२ (५०.२ प्रतिशत) र महिलाको १२,६९६ (४९.८ प्रतिशत) रहेको छ । यस पालिकाको लैङ्गिक अनुपात १००.८३ रहेको छ ।  यो पालिका उत्तरमा पर्सा राष्ट्रिय निकुञ्ज, दक्षिणमा पटेर्वा सुगौली गाउँपालिका, पुर्वमा सखुवा प्रसौनि गाउँपालिका र पश्चिममा जिराभवानी गाउँपालिका  रहेका छन । यो पालिका प्रशासनिकरुपमा ५ वटा वडामा विभाजन गरिएको छ ।  यस पालिकाको सम्पूर्ण भु-भाग समथल तराई पर्दछ । यो पालिका २७.१० डिग्रि अक्षांश र ८४.४४ डिग्रि देशान्तरमा रहेको छ ।

(ख) जनसाङ्ख्कि संरचनाको विश्लेषण


पटेर्वा सुगौली गाउँपालिकाको कूल जनसंख्या २५,४९८ रहेका छन । जसमा पुरुष संख्या १२,८०२ (५०.२ प्रतिशत) र महिलाको १२,६९६ (४९.८ प्रतिशत) रहेको छ । यस पालिकामा लैङ्गिक अनुपात १००.८३ रहेको छ । अर्थात महिलाको सख्या भन्दा पुरुषको सख्या १०६ जनाले (०.८३%) ले वढि देखिन्छ । विभिन्न समूहको जनसख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।




| | ९५ माथि | ९०-९४ | ८५-८९ | ८०-८४ | ७५-७९ | ७०-७४ | ६५-६९ | ६०-६४ | ५५-५९ | ५०-५४ | ४५-४९ | ४०-४४ | ३५-३९ | ३०-३४ | २५-२९ | २०-२४ | १५-१९ | १०--१४ | ०५--०९ | ००-०४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ९ | ७ | १९ | ३७ | १४४ | २४६ | ४४८ | ४०७ | ५४८ | ५५० | ६६३ | ७२० | ८७९ | ७४८ | ९४० | १०१९ | १३९६ | १३८५ | १४०६ | १२३१ |
| महिला | ७ | ६ | १३ | ३६ | १२१ | २७५ | ३३५ | ४०८ | ४६५ | ५७७ | ६०० | ६९१ | ९३३ | ८८५ | ९९७ | ११२२ | १३६६ | १३७३ | १३२५ | ११६१ |

पुरुष महिला

*स्रोत :राष्ट्रिय जनगणना २०७८*




| | 1 | 2 | 3 | 4 | 5 |
|---|---|---|---|---|---|
| वडा नं. | १ | २ | ३ | ४ | ५ |
| पुरुष | २२५० | २१८३ | १८२० | २९५९ | ३५९० |
| महिला | २२५५ | २२३२ | १७७५ | २९६१ | ३४७३ |

*स्रोत :राष्ट्रिय जनगणना २०७८*

(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

पटेर्वा सुगौली गाउँपालिका सामाजिक तथा सास्कृतिक विविधतायुक्त रहेको छ । यो पालिकाको नाम साविकको पटेर्वा सुगौली गाविसको नामबाट राखिएको छ । यस पालिकामा विभिन्न संस्कार, सस्कृति, धर्म सस्कृति र रितिरिवाज बोकेका समुदायहरु रहेका छन । यस क्षेत्रमा थारु जातिको बाहुल्यता रहेको छ । यहाँ ब्रम्हण/क्षेत्री, दलित, यादव, मुश्लिम आदि समुदायको बसोबास रहेको छ । यहाँ मुख्यरुपमा थारु र भोजपुरी भाषा बोलिन्छ । यस पालिकामा बढि मात्रमा हिन्दु र मुश्लिम धर्म मान्नेहरु रहेका छन । यस क्षेत्रमा मनाउने मुख्य चाडपर्वहरुमा दशै, तिहार, छडपर्व, माघे संग्रान्ति, फागु पुर्णिमा, तिज, पञ्चमी र बकरईद आदि रहेका छन । समग्रमा यस पालिकामा अनेकताको विचमा एकता कायम रहेको छ । सामाजिक सदभाव, सहकार्य र पारस्परिक सहयोग र सदभावना रहेको छ ।

(घ) आर्थिक अवस्था विश्लेषण:

नेपाल विकासन्मुख देशको सूचि भित्र पर्छ । नेपाल मध्यम आय भएको राष्ट्रमा पुर्याउने नेपाल सरकारले लिएको लक्ष्यलाई सहयोग पुर्याउन पटेर्वा सुगौली गाउँपालिकाले विभिन्न किसिमको आय आर्जनका लागि आर्थिक क्रियाकलापहरु सञ्चालन गरेको छ । यसका समुदाय मुख्यरुपमा कृषिमा निर्भर रहेका छन । यहाँ मुख्यरुपमा धान, मकै, गहुँ, उखु, सुर्ति र सर्सो र तरकारी खेति हुने गरेका छन । यहाँको समुदायले मुख्यरुपमा उन्नत जातको वीउविजन, पशुपालन पालन, व्यवसायिक खेति तथा रोजगारी र स्वरोजगारी कार्यक्रम गर्दै आएका छन । साथै यस पालिकाबाट बैदेशिक रोजगारीमा गई राम्रो आर्थिक अवस्था बनाएका छन ।

(ङ) शैक्षिक अवस्थाको विश्लेषण:

यस पालिकामा २४ वटा सामुदायिक विद्यालय रहेका छन । यसमा एक प्रारम्भिक बाल विकास केन्द्र, १९ आधारभूत विद्यालय र चार माध्यमिक विद्यालय रहेका छन । २०८२ तथ्यांक अनुसार बालविकास खुद भर्नादर ९८.० प्रतिशत रहेको छ । यो राष्ट्रिय औषत भन्दा निकै कम देखिन्छ । कक्ष १ मा खुद भर्ना दर ७५.५ प्रतिशत रहेको छ । यसले सामुदायिक

विद्यालयमा भर्नादर निकै कम अर्थात कम्जोर रहेको पुष्टि गर्छ । कक्षा १ देखि १० सम्मको टिकाउ दर ६२.८ प्रतिशत रहेको छ । अतः उपरोक्त तथ्यांकले यस पालिकाको शिक्षाको अवस्था राम्रो नरहेको सकेत गरेको छ । यस पालिकामा रहेका शिक्षाका प्रमुख समस्याहरुमा शिक्षक व्यवस्थापन, भौतिक पुर्वाधार, क्षमता विकास, विद्यार्थी संख्या बढी, सघबाट सर्शत अनुदान मात्र आउनु, नजिक नजिकमा सामुदायिक विद्यालय स्थापना, विद्यालय व्यवस्थापन समिति गठन तथा परिचालन, अभिभावक परिचालन आदीमा रहेका छन । यस्ता समस्यालाई नियमितरुपमा सम्बोधन गर्द जानु आवश्यक छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीहरुको विश्लेषण

(क) समस्या बृक्ष (Problem Tree) र विश्लेषण


समस्या बृक्ष अन्तर्गत जरामा देखि जड (Root cases) हरु सामुदायिक विद्यालयमा गुणस्तरिय शिक्षा नहुनु, सूचना तथा प्रविधिको कम्जोर, विद्यार्थीहको अनुपातमा कक्षा कोठा कम हुनु, विषगत शिक्षक अभाव, प्राविधिक शिक्षा नहुनु, सघ र प्रदेशबाट विद्यालयमा सर्शत बजेट मात्र विनियोजन हुने आदी प्रमुख रहेका छन ।

बृक्षको फल तथा परिमाणमा सामुदायिक विद्यालय प्रति अभिभावकको आकर्षण कम हुदै हुनु, विद्यार्थी पढाई कम्जोर हुनु, रोजगार मुलक शिक्षा नहुदा बेरोजगारीको सख्या बढ्दै जानु, लक्षित समूहका बालबालिकाको सहभागीता कमजोर हनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गदै अपेक्षितरुपमा सिकाइ उपलिब्धी हासिल हुन नसक्नु, तहगत र विषयगत रुपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, प्राविधिक शिक्षालाई विद्यालयको मुल धारको रुपमा विकास गर्न नसक्नु, शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनको लागि प्रयाप्त श्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सस्थामा तह पार गर्नको सख्य कम हुन, पठन संस्कृतिको विकास तथा आजीवन सिकाइका लागि सार्वजनसक पुस्तकालय प्रणालीको विकास नहुन, शिक्षा क्षेत्रका सबै तहमा सुशासन प्रत्यभूत हुन नसक्नु, निजि लगानीका शैक्षिक सस्थाहरु उचित व्यवस्था र प्रतिभाहरुको पलायन नियन्त्रण हुन नसक्नु प्रमुख चुनौति हुन ।

पटेर्वा सुगौली गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षा उपलब्धीको अनुसार विद्यालय शिक्षा क्षेत्रमा देखिएका अन्य समस्या तथा चुनौतिका देहाय रहेका छनः

- स्पष्ट र मार्गनिर्देश शिक्षा निति र योजनाको अभाव

- स्थानीय पाठ्यक्रम निर्माण
- बिद्यार्थी टिकाउ र विकाउका लागि गुणस्तरिय शिक्षाको सुनिश्चितता
- प्रारम्भिक बालविकास केन्द्रको कक्षा र शिक्षक व्यवस्थापन
- बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री सिकाई वातावरणको सृजना गर्नु ।
- बिद्यालयमा इन्टरनेट, सूचना र प्रविधिको पहुँच र तद अनुसारको पाठ्यक्रम निर्माण
- शिक्षक प्रविधिमैत्र क्षमता विकास
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु
- सीप र प्रविधिमैत्रि सिकाईको व्यवस्थापन
- व्यवसायिक तथा प्राविधिक शिक्षाको लागि उपर्युक्त संरचना, कार्यक्रमको विकास र कार्यान्वयन




## १.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण

पटेर्वा सुगौली गाउँपालिकाले १० वर्षे शिक्षा क्षेत्र योजना बनाउन गईरहेका छ । यस अवस्थामा पालिकामा शिक्षा क्षेत्र सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, चुनौति र अवसरहरु पहिचान हुन सकेन भने योजना प्रभावकारी हुदैन । जवसम्म SWOT विश्लेषण गरिदैन तबसम्म शिक्षामा गुणस्तर कायम गर्न बनाएको योजना प्रभावकारी हुदैन । यसै परिपेक्षलाई ध्यानमा राखि कार्यपालिका सदस्य र शिक्षा समितिसग छलफल गरी तयार गरिएको SWOT विश्लेषण निम्नानुसार रहेका छन ।

**सवल पक्ष**

क) पटेर्वा सुगौली गाउँपालिकाको शिक्षा सम्बन्धी ऐन र कार्यविधि कार्यान्वयनमा रहेको

ख) सबै विद्यालयको भौतिक संरचना सुधार भएको

ग) प्राविधिक शिक्षाको सुभारम्भ (११ र १२ कक्षाका विद्यार्थीहरुलाई कम्प्युटर सम्बन्धी तालिम दिन शुरुभएको)

घ) विषयगत शिक्षकको उपलब्धतामा बृद्धि हुदै गएको

ङ) विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकहरुको आचारसहिता निर्माण भएको

च) प्रयोगशालाको व्यवस्थापन (तीन माध्यमिक विद्यालयहरुमा )

छ) कम्प्युटर (ICT) सम्बन्धी शिक्षाको व्यवस्थापन

ज) बालशिक्षकहरुको लागि मन्टेश्वरी तालिम प्रदानको सुभारम्भ

झ) आधारभूत विद्यालयमा कक्षा बृद्धि ( ५ कक्षाबाट ८ कक्षासम्म बढोउत्तरी )

ञ) आवश्यकता अनुसार विद्यालयको विषयगत शिक्षक तथा कर्मचारीको व्यवस्थापन (पालिकाले शिक्षकको क्षमता अनुसार आधारभूत विद्यालयको दरबन्दी रहेकाझ शिक्षकलाई आवश्यकता अनुसार माध्यमिक तहको कक्षामा खटाइएको विषयगत शिक्षक व्यवस्थापन गर्ने प्रयास गरेको )

ट) सबै विद्यालयमा बाल विकास केन्द्रको स्थापना भएको
ठ) गाउँपालिकाको सबै वडामा विद्यालय रहेको

**सुधार गर्नुपर्ने पक्ष**

- विद्यार्थी संख्याको अनुपातमा शिक्षक, कक्षाकोठा तथा सामाग्रीको चुस्त व्यवस्थापन गर्ने
- शैक्षिक वातावरण तथा हरित विद्यालयको निर्माणका लागि बजेट सहितको कार्यक्रम सुनिश्चितता गर्ने
- नेपाली/मातृ भाषामा स्थानीय पाठ्यक्रम तयार गर्नु पर्ने
- प्रविधिमैत्री शिक्षाको लागि आवश्यक पर्ने सामाग्री र उपकरण व्यवस्थापन
- अभिभावकलाई विभिन्न तौर तरिका र पद्यतिबाट शिक्षा सम्बन्धी सचेतना गर्ने
- समयानुकुल पाठ्यक्रम परिवर्तन हुन साथ तद अनुसार विषयगत शिक्षकहरुको क्षमता अभिबृद्धि गर्ने
- विपन्न समुदायका बिद्यालय बाहिर रहेका बालबालिकाका अभिभावकलाई पालिकाको आयमुलक कार्यक्रमसग जोड्ने
- विद्यलय समय पछि प्रत्येक टोलमा लक्षित समुदायका बालबालिकालाई अतिरिक्त कक्षा सञ्चालन गर्ने
- फरक क्षमता भएका व्यक्तिहरुको लागि शिक्षामा पहुच लागि सहज शिक्षाको व्यवस्थापन गर्ने
- प्रत्येक वडामा ई पुस्तकालयको निर्माण गर्नेका लागि दात्र संस्थासग समन्वय र आवश्यक श्रोतको व्यवस्थापन गर्ने
- विहान छ बजे देखि वेलुका छ बजेसम्म कक्षा सञ्चालन गर्ने (लागु आसत दुव्यवसनि नियन्त्रण र बिद्यार्थीलाई पढाई प्रति ध्यान केन्द्रित गर्न )

**अवसर**

- सम्बैधानिक र कानूनी आधारहरु प्राप्त हुनु
- प्राप्त श्रोतहरुको उचित व्यवस्थापन गरी गुणस्तरिय शिक्षा दिन सकिने
- सूचना तथा प्रविधिको विकास हुनु
- स्थानीय पाठ्यक्रममा वातावरण सरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु निर्माण गरी कार्यन्वयनको अवसर हुनु
- पालिकाले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) अन्तर्गत कार्यविधि बनाएर शिक्षक व्यवस्थापनको लागि श्रोत जुटाउन सक्ने
- करको दायर बढाएर थप श्रोत संकलन गर्न सक्ने
- संघको शिक्षा ऐनको मस्यौदा तयार भएको र समयमा पारित हुने अपेक्षा राखेको
- गरिव समुदायको पहिचान गरी आर्थिक बृद्धिका लागि रोजगारमूक कार्यक्रम सञ्चालन गर्ने
- गुणस्तरिय शिक्षा प्रदान तालिम प्राप्त शिक्षकहरुको उपलब्धता
- खेल्दै शिक्दै कार्यक्रम मार्फत प्रयोगात्मक शिक्षा प्रदान गर्न सकिने

- व्यवहारिक शिक्षालाई व्यवस्थित गर्न र विद्यालय व्यवस्थापन समिति क्षमता अभिबृद्धि गरी अनुगमन तथा मुल्यांकन प्रणाली प्रभावकारी बनाउन सकिने ।
- विद्यार्थी अनुसार दरबन्दी उपलब्ध गराउन र श्रोतको व्यवस्थापन
- संघको सहयोगमा एक पालिका एक प्राविधिक विद्यालय सञ्चालन गर्न सकिने
- पालिकामा शिक्षा कार्यक्रम सञ्चालन गरि रहेका गैरसकारी संस्थाहरुसंग समन्वय गरी गुणस्तरिय शिक्षा प्रवर्धन गर्न सकिने ।
- शिक्षा क्षेत्रको विकासको लागि शिक्षा क्षेत्र योजना बनाई कार्यान्वयन गर्न सक्ने अवसर रहेका
- विद्यालय सञ्चालनका लागि संविधान र कानूनको अधिनमा रही आवश्यकता अनुसार ऐन, कानुन, नियमावली तथा कार्यविधि बनाउन सक्ने ।
- शिक्षा क्षेत्रमा पालिकाको आन्तरिक श्रोतबाट र प्राप्त समानुकरण अनुदानबाट शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्न सक्ने ।
- शिक्षकहरुसग कार्यसम्पादन मुल्यांकन सम्झौता गरी तद अनुसार कार्य भए नभएको समिक्षा गर्ने

चुनौति

- संघिय शिक्षा ऐन समयमा पारित नभएको
- गरिविका कारण विद्यालय छोड्ने संख्या बढेको
- सामुदायिक विद्यालयका अभिभावकहरुमा अभिभावकिय भूमिका निर्वाह नगर्ने
- युवाहरुमा लागु औषध दुव्यवसनि बढ्दै गएको
- विद्यालय व्यवस्थापन समिति सक्रिय नहुनु
- विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कमी
- कम विद्यार्थी भएको विद्यालय गाभ्ने विषयमा अनावश्यक दबाव सृजना हुने गरेको
- दरबन्दी अनुसार विषयगत शिक्षकको अभाव
- रोजगारीको सिलसिलामा अन्यत्र बसाई सराई
- बालबिवाह
- नागरिता बनेपछि बैदेशिक रोजगारीमा जानाले विद्यालय छोड्ने वढेको
- विद्यार्थी भर्ना हुने तर नियमित कक्षामा उपस्थित नहुने
- सघीय सरकारले पालिकामा शिक्षा क्षेत्रमा सर्शत अनुदान मात्र दिदा थप शिक्षकको पारिश्रमिक व्यवस्थापन गर्न कठिन
- शिक्षकहरु विचमा मतभेद र समन्वयको अभाव रहेको

## परिच्छेद २: दुरदृष्टि, ध्येय, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा योजना तर्जुमाका आधारहरु

शिक्षा सम्बन्धी अधिकारलाई नेपालको संविधान, २०७२ ले मौलिक हकको रुपमा स्थापित गरेको छ। संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको रुपमा सविधानमा व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न समुदायका बालबालिकाहरुलाई सविधान बमोजिम निःशुल्क उचित शिक्षा पाउने र प्रत्येक नेपाली समुदायका बालबालिकालाई कानून बमोजिम आफनो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ।दृष्टीविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हकको सुनिश्चित गरेको सविधानले छ।

त्यस्तै गरी सविधानको धारा ५१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिबृद्धि गरी अगाडि बढाउने उल्लेख छ। शिक्षाका क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षाको क्षेत्रमा निजि क्षेत्रको लगानीलाई नियमित र व्यवस्थापन गरी सेवामूलक बनाउन, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशय निःशुल्क बनाउँदै लैजान, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्न व्यवस्था रहेको छ।नेपालको सविधानको धारा ३८ ले महिला हक र धारा ३९ ले बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्दान्त, नीति तथा दायित्व, राज्य संविधान र राज्य शक्तिको बाँडफाँड सम्बन्धी हक, धारा ४० ले दलित सम्बन्धी हक र धारा ४२ ले सामाजिक न्याय सम्बन्धी हकको व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ले प्रारिमभक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, ठूला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी निति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, सामुदायिक, संस्थाग, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यस्थापन तथा नियमन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन, गाभिएका वा बन्द गरिरएका विद्यालयको सम्पति व्यवस्थापन गाउँ तथा नगर समिति गठन तथा व्यवस्थापन विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वमित्व, सम्पतिको अभिलेखि, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिबृद्धि तथा पाठ्यसामग्रीको वितरण, सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, विद्यालयकरो नक्साङ्कन, अनुमति, स्विकृति, समायोजन तथा नियमन, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत तथा सभार, सञ्चालन र व्यस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाई उपलब्धीको परिक्षण र व्यवस्थापन, निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रबृत्तिको व्यवस्थापन, ट्यूसन, कचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन , स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रतिनिधिको सरक्षण, प्रवर्द्धन र स्तरीकरण, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन, सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सरोकार व्यस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन, शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास, अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन आदिका बारेमा व्यवस्था गरेको छ।

सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्धी ऐन, २०७७ (योजना निर्माण सम्बन्धी) अन्तर्गत (क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)ले स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनको तर्जुमा स्थानीय तहले गर्ने, प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्ने, सङ्घले आयोजना तर्जुमामा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्ने व्यवस्था रहेको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ को दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था रहेको छ । जस्मा स्थानीय तहमा राज्यले चार वर्षमा पूरा भई तेह वर्षमा उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्ने, चार वर्षमा उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्ने, दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने, दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने, दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने, दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था गर्न सकिने, दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा, दफा २० माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने पाठ्यपुस्तक उपलब्धी गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रबृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्धि, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था, साक्षरता कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार (क) सामुदायिक सिकाई केन्द्र, (ख) आधारभूत प्रौढ शिक्षा, (ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम परिचान गर्न सक्ने व्यवस्था छ ।

त्यस्तै गरी आर्थिक, भौगोलिक, शारीरिक वा मानिसक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउने, मा माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः (क) विद्यार्थी भर्ना शुल्क, (ख) मासिक पढाइ शुल्क, (ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । छात्रबृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तको लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षका, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । जनआन्दोलन, सशस्त्र सङ्घर्षमा, क्रान्तिको क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपता पारिएका व्यक्ति, द्न्द् पीडित, घाइते तथा अपाङ्ता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रबृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष असर प्रदान गर्ने सकिने व्यवस्था रहेको छ ।

यिनै सविधान र कानूनको परिधिभित्र रहेर पालिकाको शिक्षालाई योजनाद्ध ढंगले अगाडि बढाई स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्टिरिय तथा अन्तराष्टियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ती उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लाई यो १० वषे विद्यालय शिक्षा क्षेत्रको योजना (२०८३-२०९२) तयार गरिएको छ ।

नेपालमा वि.स.२०१० सालबाट "नेपालमा शिक्षा" मार्फत शिक्षा योजनाको शुरुवात भएको हो । प्राथमिक शिक्षा परियोजना, आधारित तथा प्राथमिक शिक्षा परियोजना, आधारित तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षा परियोजना, प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उचित शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र

विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेश अनुसार नेपालले राष्टियस्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्दताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्गनपर्देश गर्ने भएकोले यो योजना तयार गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस गाउँपालिकाको शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरेर महत्वपूर्ण राय सुझावलाई योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

सविधान र कानूनले शिक्षामा गरिएको अधिकार प्रत्योजनलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मूल मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्दान्तमा अगाडि बाडेकामा मात्रै स्थानीय स्रोत र साधनको उचितम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे बिद्यालय शिक्षा क्षेत्रको योजना (२०८३/८४-२०९३/९४) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

## २.२ दूरदृष्टिः

पटेर्वा सुगौली गाउँपालिकाको दिगो विकासको लागि समावेशी, गुणस्तरिय तथा व्यवसायिक, सिपमुलक र शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने

## २.३ लक्ष्यः

सृजनशिल, दक्ष जनशक्ति, जीवन उपयोगी सीपयुक्त, रोजगारमुलक, सामाजिक मूल्य मान्यता प्रतिवद्ध, समता र समावेशीकरण प्रति सचेत र जुझारु नागरिक समाज तयार गर्ने

## २.४ उद्देश्य

- शिक्षामा समावेशीकरण सुनिश्चित गर्ने,
- प्रतिस्पर्दी र व्यवहारिक शिक्षा प्रणालीको विकास गर्ने,
- पढ्दै, सिक्दै र कमाउने अभियान सञ्चालन गर्ने ,
- पालिका र विद्यालयको समन्वय, सहकार्य, साझेदारीमा विपन्न वर्गमा आय आर्जन र सचेतिकरण कार्यक्रम सञ्चालन गर्ने,
- व्यवासायिक र सिपमुलक शिक्षा प्रणालीको विकास गर्ने,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक र कर्मचारीको क्षमता अभिबृद्धि गर्ने।

## २.५ रणनीति

- पहुँच वृद्धि गर्ने
- आवश्यकताको आधारमा प्रारम्भिक बालविकास तथा बाल शिक्षा केन्द्र तथा विद्यालयको नक्साङ्कन, समायोजन र पुर्नवितरण गरिनेछ।
- हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिना भित्र विद्यालयस्तरमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको नेतृत्वमा एक कार्यदल निर्माण गरी अभियान सञ्चालन गर्ने

- विद्यालय जान नसक्ने वा भर्ना हुन नसक्ने बालबालिकाहरुको लागि बैकल्पिक शिक्षाका बारेमा योजना निर्माण गर्ने ।
- सिमान्तकृत तथा पछाडि पारिएका समुदायको पहिचान गरी उनिहरुका बालबालिकालाई विद्यालयमा पहुँच पुर्याउनका लागि उनिहरुको अभिभावकहरुलाई "पालिकाको आयआर्जन कार्यक्रम" सग जोड्ने । गाउँपालिका र वडास्तरमा सत प्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

**सिकाइ उपलब्धी सुधारका लागि कार्यनिति**

- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई पुर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- प्रारम्भिक शिक्षाको सिकाइ सुधारको लागि "खेल्दै सिक्दै" अवधारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीतिलाई पुर्ण कार्यान्वयनमा लगिनेछ ।
- सिकाइ सुधारको लागि बालमैत्री तथा क्रियाकलापमा आधारित सिकाइ (ABL) जस्ता विधिलाई जोड दिदै क्रमशः प्रविधिमैत्री शिक्षामा जोड दिइने छ ।
- तालिममा सिकेका कुरा कक्षा कोठामा प्रयोग गर्न शिक्षण सुधार योजना (TIP) लाई पुर्णरुपमा कार्यान्वयनमा लागिने छ ।
- विद्यालय तहका सबै कक्षा कम लागत अर्थात low cost no cost मा आधारित शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री सहित व्यवस्थापन गरिनेछ ।
- प्रत्येक शिक्षकलाई आफनो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निदेर्शिकाको E-Copy उपलब्ध गराई प्रयोगमा अनिवार्य प्रयोगको लागि सहजीकरण गर्ने ।
- शिक्षकको अनुपस्थिति भएमा त्यसको व्यवस्थापन गर्नका लागि पालिकाबाट आर्थिक स्रोतको व्यवस्था मिलाइने छ ।
- हरेक विद्यालयमा महिनाको कम्तिमा १ दिन सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफनो विद्यालयको जनशलि वा नजिकको विद्यालय वा स्थानीय जनशक्तिको सहयोगमा शिक्षकको आवश्यकताको विषयवस्तुमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहायता कार्यविधि २०८० अनुसारको शिक्षकको पेशागत सहयोग प्रणालीलाई तत्काल कार्यान्वयनमा लागिने छ ।
- कक्ष कोठामा शिक्षक र विद्याथीको कक्षाकोठाको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय कार्यविधि २०७४ वा लगबुकलाई तत्काल कार्यान्वयनमा ल्याइने छ ।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गदै कक्षा १ - ३ सम्म थिमगत मूल्यांकन र ४ - १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्णरुपमा लागु गरिने छ ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा लगिने छ ।
- बालबालिकाहरुको चौतर्फी विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइ हरेक शुक्रबारलाई बुक फ्रि शुक्रबारका रुपमा वा परियोजना कार्य वा प्रयोगात्मक कार्यका रुपमा सञ्चालनमा ल्याइने छ ।

- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अभिभावकहरु बीचमा विद्यालयस्तरमा चौमासिक रुपमा अन्तरक्रिया सञ्चालन गरिनेछ ।
- महिनाको १ पटक अन्तिम शुक्रबार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/कर्मचारी बैठक सञ्चालन गरिने छ ।
- सिकाइ सुधारका लागि हरेक २ महिनामा कलस्टर स्तरीय विषयगत बैठकको लागि घुम्ति शैक्षिक बैठक सञ्चालनमा ल्याइने छ ।
- शिक्षा सिकाइ र अनुभवका लागि शैक्षिक भ्रमणको अभ्यासलाई कार्यान्वयनमा लगिने छ ।
- नव-नियुक्त शिक्षकहरुलाई mentoring मार्फत पेशागत विकास गरिने छ ।
- सिकाइ क्षति सुधारको लागि आपूरण र द्रुत सिकाइ कार्यक्रमलाई पालिकास्तरमा प्रभावकारीमा नियमित कार्यक्रम जोडी कार्यान्वयनमा लगिने छ ।

**सिकाइ वातावरण**

- सामुदायिक विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारीरुपमा सञ्चालनको लागि सिकाइ वातावरण सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित भई विद्यालय सुधार योजनामा तथा पालिका शिक्षा योजनामा आधारित "पालिका शैक्षिक सुधार कार्यक्रम" लागू गरिनेछ ।
- गाउँपालिका भित्रका सबै बाल विकास तथा बाल शिक्षा सहित सबै तहको विद्यालय शिक्षामा विद्यालय शिक्षा क्षेत्र योजनाले तोकेका न्युनत्तम मापदण्डहरु क्रमागत रुपमा शिक्षा क्षेत्र योजना भित्र पुरा गरिने छ । त्यसको लागि सबै विद्यालयको न्युनत्तम वातावरणको अवस्थाबारेमा बार्षिक रुपमा पहिचान गरी सोही बमोजिम बार्षिक कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।
- सिकाइ वातावरण सुनिश्चतताका लागि अभिभावक, समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम तथा समावेशी तथा सुरक्षित सिकाइ वातावरणमा सुधार ल्याइने छ ।
- योजना अवधिभित्र प्रत्येक विद्यालयमा विपत व्यवस्थापन कार्य योजना निर्माण गरी कार्यान्वयनमा गरिनेछ ।
- सामुदायिक विद्यालयमा सुशासन प्रवर्द्धन गर्नका लागि गुनासो सुनुवाई सयन्त्रलाई प्रभावकारी बनाईने छ ।
- बालिका समावेशी शिक्षा सञ्जाललाई निरन्तरता दिदै थप परिचालन गरिने छ ।
- स्रोत कक्षालाई थप ब्यवस्थित तथा स्थानीयस्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण तथा प्रयोग सहितको सिकाइ वातावरण तयार गरिने छ ।
- युवा क्लव गठन र परिचालन गरी विद्यालयमा अतिरिक्त क्रियाकलापको साथै हरित विद्यालयको अवधारणालाई व्यवहारमा उर्तान बजेट विनियोजन समेत गरिने छ ।

**नेतृत्व, व्यवस्थापन, सुशासन र प्रशासन**

- विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुधारप्रति जिम्मेवार बनाउन लागि हालको विब्यस गठन प्रक्रियामा सुधार ल्याउन वा विद्यालय सुधारका अन्य क्षेत्रहरु सुधारको लागि नीतिगत ब्यवस्था गर्न पालिकाले नितिगत सुधार गरी कार्यान्वयनमा लगिनेछ ।
- सबै सामुदायिक विद्यालयका प्रधानध्यापकको नियुक्तिको लागि पालिकाले कार्यविधि बनाई खुल्ला प्रतिस्पर्दा गरिने छ ।

- सबै विद्यालयका प्रधानध्यापकहरुसग कार्यसम्पादनको मूल्यांकनको करार संझौता गरी वार्षिक रुपमा मुल्याकन गरिने अभ्यास प्रारम्भ गरिनेछ । सोही सम्झौता अनुसारको कायण सम्पादन मूल्यांकनको आधारमा बार्षिणक रुपमा प्रअलाई थप प्रोत्साहन प्रदान गरिने छ ।
- वडास्तरीय अनुगमन समिति मार्फत विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पादन प्रगतिको सस्थागत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिने छ ।
- शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी बार्षिक रुपमा पालिकास्तरीय उत्कृष्ट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत गरिनेछ ।
- बालिकाका सञ्जालको गठनलाई निरन्तरता तथा प्रभावकारी परिचालनको लागि थप सहयोग गरिने छ ।
- युवा समुह तथा बाल समुहको सशक्तिकरण तथा अभिभावक तथा समुदाय परिचालन तथा सचेतना कार्यक्रममा जोड दिईने छ ।
- विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधार गरिने छ ।
- पालिकाले स्थानीयस्तरमा कार्यारत बैक, वित्तिय संस्था तथा कम्पनीले आम्दानी गरेको कुल बजेटको १ प्रतिशत सामाजिक उत्तरदायित्व अन्तर्गतको बजेटलाई उचित परिचालन गर्नका लागि संस्थागत सामाजिक उत्तरदायित्व बजेट परिचालन कार्यविधि बनाई लागु गरिने छ ।
- पालिकाले श्रोत परिचानको लागि पुर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्न अभिप्रेरित गदै स्रोत ब्यवस्थापन गर्ने रणनीति लिइने छ ।
- विद्यालयमा सुशासन, उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्नका लागि प्रभावकारिता रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम गरिनेछ ।
- विद्यालयमा शिक्षक र विद्यार्थी आचारसंहिता प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । उक्त कार्यको सघन रुपमा शिक्षा शाखाबाट मूल्यांकन गरी गुणस्तर एकिन गरिनेछ र उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोड्ने अभ्यासलाई कार्यान्वयनमा लगिनेछ ।
- समयमा तथ्यांक अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्ने र उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिनेछ ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयम् सेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गदै लगिनेछ ।

साक्षरता अभियान

- विभिन्न संघसस्था, उच्च शिक्षा, कक्षा ११ र १२ का विद्याथीहरु, शिक्षकहरु सहित सबै निकायहरु परिचालन गरी साक्षर पालिका घोषणा गरिने छ ।
- साक्षर पालिका घोषणा गर्न तथा निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रलाई थप प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

- माध्यमिक विद्यालयमा अध्ययनरत विद्याथीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि साक्षरता तथा निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ ।

आपतकालिन शिक्षा

- विपतको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन प्रक्रियालाई नियमितरुपमा सञ्चालन गर्न वृहत सुरक्षा योजना तयार गरिने छ ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ ।
- विपद् ब्यवस्थापन तथा तयारिका लागि कार्यविधि तयार गरी पालिकास्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिने छ ।

**उच्च तथा प्राविधिक शिक्षा**

- उच्च शिक्षा तथा प्राविधिक एवम् ब्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि थप प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ ।

मुख्य कार्यसम्पादन सुचकहरु

| क्रस | तह | सुचक | २०७९ | २०८५ | २०८९ |
|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक वालविकास तथा शिक्षा | प्रारम्भिक वालविकास तथा शिक्षाको कूल भर्ना दर (%) | ९६.९ | ९८ | १०० |
| १.२ | | प्रारम्भिक वालविकास तथा शिक्षाको खद भर्ना दर (%) | ६५.२ | ७० | ७५ |
| १.३ | | न्युनतम योग्यता पुरा भएका सहजकर्ताको प्रतिशत | १०० | १०० | १०० |
| १.४ | | आधाभूत तालिम प्राप्त सहजकर्ताको प्रतिशत | ४० | ७५ | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लाई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिक (%) | ६७ | ७४ | ८० |
| २.१ | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९३.३ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | १२४.८ | १२० | ११५ |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९८.६ | ९९ | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | १११.१ | १२० | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९६.५ | ९८ | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १२०.७ | १०६ | १०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९७.९ | ९८ | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ९७.८ | १०० | १०० |
| २.९ | | आधारभूतह(कक्षा १-८) खुद भर्ना दरमा लैङकगिक समता सूचक | ०.९९ | १ | १ |
| २.१० | | आधारभूतहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ७४.१ | ८७ | ९० |
| २.११ | | आधारभूत तहको कक्षा १ मा भर्ना लिई कक्षा ८ पूरा गने दर(%) | ७२.९ | ७७ | ८० |
| २.१२ | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १-८ | २.१ | १ | ० |
| ३.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ७०.५ | ७४ | ८० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ९१.८ | १०० | १०० |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | ३३.८ | ३७ | ४० |
| ३.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर (%) | ६४.१ | ७० | ७३ |
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ५८ | ६३ | ७० |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ८२.४ | ९० | ९५ |
| ३.७ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ६८.२ | ७३. १ | ८० |
| ३.८ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | ३६ | ४७ | ५० |
| ३.९ | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्कगिक समता सूचक | ०.९५ | १ | १ |
| ४ | साक्षरता | ५ बर्ष माथिको साक्षरता दर | ६८.१ | ६७ | ७० |
| ५.१ | महिला शिक्षक प्रतिशत | आधारभूत तह (कक्षा१-८) | २५ | ३० | ३५ |
| ५.२ | | माध्यमिक तह (कक्षा ९-१२) | १० | १५ | २० |
| ६.१ | PMEC पुरा गरेका विद्यालयको प्रतिशत | बालविकास | ५ | २५ | ५० |
| ६.२ | | आधारभूत | २५ | ३५ | ५० |
| ६.३ | | माध्यमिक | ३० | ३५ | ४५ |
| ७ | बजेट प्रतिशत | स्थानीय तहको कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजन बजेट(%) | २.६२ | ८ | १२ |
| ८.१ | छोड्ने दर | आधारभूत तह (कक्षा १-५) | २ | १ | ० |
| ८.२ | | आधारभूत तह (कक्षा ६-८) | १.४ | १ | ० |
| ८.३ | | माध्यमिक तह (कक्षा ९-१०) | ०.२ | ० | ० |
| ९.१ | दोर्याउने दर | आधारभूत तह (कक्षा१-५) | ४ | ४ | २ |
| ९.२ | | आधारभूत तह (कक्षा ६-८) | ०.७ | ०.५ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.३ | | माध्यमिक तह (कक्षा ९-१०) | ०.२ | ०.१ | ० |
| १०.१ | सिकाइ उपलब्धी दर | कक्षा ८ नेपालीमा A माथि ल्याउने % | १० | १५ | २० |
| १०.२ | | कक्षा ८ अंग्रेजीमा A माथि ल्याउने % | १५ | २५ | ३० |
| १०.३ | | कक्षा ८ गणितमा A माथि ल्याउने % | २५ | ३० | ३५ |
| १०.४ | | कक्षा ८ सामाजिक तथा मानवमूल्यमा A माथि ल्याउने % | २० | २५ | ३० |
| Source: Census 2078, Flash Report 2079, CEHRD and IEMIS 2080 | | | | | |

## परिच्छेद तीन: शिक्षाको मूख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पुगेका बालबालिकाहरुको सर्वाणङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । सर्वाणङगीण विकास अन्तर्गत बालबालिकाहरुको शारीरिक, मानसिक, तथा बौद्दिक, सामाजिक र संवेगात्मक विकास पर्दछन् । नेपालको संविधान, २०७२ को धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (३) मा प्रत्येक बालबाललकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनि उल्लेख गरीएको छ । शिक्षा ऐन २०२८ आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालयको संरचना भित्र कायम गरेको छ । राष्टिय पाठ्यक्रम प्रारुप २०७६ ले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने छ भनी उल्लेख गरेको छ साथै नेपालको सोह्रौ आवधिक योजनाले पनि प्रारम्भिक बालविकास तथा शिषा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य गर्ने  रणनीति लिएको पाइन्छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले प्रारम्भिक बाल शिक्षा तथा विकासमा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सवार्णङ्गीण विकासमा केन्द्रित प्रारलम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उद्देश्य लिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्दरा बालबालिकाहरुको सर्वाणङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु हो ।

प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरूमा सर्वाणङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाई र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सीपको विकास रहेका छन् । हालका वर्षहरुमा प्रारम्भिक बाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षाका कारण सिकाइको तत्परतामा उल्लेनिय प्रगति भएको र विचैमा पढाई छाड्ने तथा कक्षा दोहोर्याउने दर घटाउनेमा यसको सकारात्मक प्रभाव रहेको र कक्षा एकमा प्रवेश गरेका बालबालिकाहरुको शैक्षिक उपलब्धी दर बढेको पाइएको छ । यो तह विद्यालय शिक्षाको आधार स्तम्भ मात्र नभई बालबालिकाको जीवनभरीको विकासको पूर्वाधार हो । प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय र समुदाय दुवैमा सञ्चालन गरीएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई थप विस्तार गरी सबैको पहुँचसम्म  पुर्याउने रणनीति विकास तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमा यो योजना केन्द्रित  छ ।

#### ३.१.१ वर्तमान अवस्था

पटेर्वा सुगौलि गाउँपालिकमा जम्मा २४ वटा सामुदायिक विद्यालयहरु रहेका छन र सबै विद्यालयहरुमा एक/एक वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन । वि स २०८२ को तथ्याक अनुसार प्रारम्भिक बालविकास केन्द्रमा ५१४ बालबालिकाहरु रहेका छन ।  उक्त बालबिकास केन्द्रमा १२७५ कुल भर्ना दर रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास शिक्षा अनुभव सहितको भर्ना दर ६५.७ प्रतिशत रहेको छ ।

#### प्रमुख समस्या तथा चुनौतिहरु

- सबै प्रारम्भिक बालविकास केन्द्रमा गुणस्तरका न्यूनतम मापदण्ड कायम गर्नु र कार्यन्वयन गर्नु,

- बालमैत्रि धारा, धूलो रहित बसाँई, सिकाइका छ कुना, बालमैत्री फर्निचर,बालमैत्री खेल मैदान र तालिम प्राप्त सहजकर्ताको प्रबन्ध मिलाउनु , सबै प्रारम्भिक बाल विकास तथा शिक्षाका उमेरका बालबालिकाहरुको पहुँच सुनिश्चित गर्नु,
- प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धीमा अभिभावकहरु जिम्मेवार बनाउनु,
- बालविकास केन्द्र सहजकर्ता र बालबालिकाहरु बीचको उपयुक्त अनुपात कायम गर्नु,
- सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि, वृत्तविकास र क्षमता विकास गर्नु,
- चार वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको नियमित उपस्थिति हुनु,
- प्रारम्भिक बालविकासका बालबालिकाहरुलाई विद्यालयमा नियमित गराउनु,
- प्रारम्भिक बालविकास केन्द्रहरुमा भौतितक तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापन, ।
- सबै बाल विकास सहजकर्ता तालिम प्राप्त नभएको

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालबिकास र शिक्षाको प्रमुख उद्देश्य सबै वालबालिकाहरुलाई गुणस्तरीय शिक्षामा पहुँच र अवसर सुनिश्चित गर्नु हो । उक्त घोषित उद्देश्य प्राप्तीका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्न उद्देश्यहरु रहेका छनः

१. चार वर्षको उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालबिकास तथा शिक्षामा सहभागिता र पहुँचको अवसर सुनिश्चित गर्नु ।

२.सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तरको सुनिश्चितता कायम गर्नु

३ सबै प्रारम्भिक बालबिकास तथा शिक्षा केन्द्रमा भौतिक पुर्वाधारको न्युनत्तम मापदण्ड पुरा गरेको सुनिश्चता

४ बालबालिकाहरुको सिकाई उपलब्धी सुधार गर्नु,

### ३.१.३ रणनीति

यस पालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उद्देश्यहरु हासिल गर्न निम्न लिखत रणनीतिहरु अवलम्वन गरीनेछ ।

- प्रारम्भिक बालबालिका र शिक्षकमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नाम्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने
- प्रारम्भिक बाल विकास शिक्षकहरुको नियुक्तीको लागि पालिकाले कार्यविधि बनाउने
- बालमैत्री शिकाइमा पहुँच पुर्याउन सूचक सहितको ठोस कार्ययोजना तथा मापदण्ड बनाउने
- अपाङ्गता भएका बालबालिकाका लागि प्रारम्भिक बाल विकास शिक्षाको अनुभव डिजाईन गर्ने प्रावधानहरु बनाउने
- प्रारम्भिक बाल विकास शिक्षाका लागि गतिविधि र नतिजाहरुको मापनका लागि सूचकहरु स्पष्टरुपमा परिभाषित र मापन योग्य बनाउने

- प्रारम्भिक बालविकास तथा बाल शिक्षा कार्यक्रमलाई प्रविधिमैत्री, बालमैत्री एवं गुणस्तरीय बनाउँदै सबै बालबालिकाहरुको पहुँचमा विस्तार गर्ने,
- पालिकामा कार्यरत गैरसरकारी संस्थाहरुसग सहकार्य गरी सरकारले तोकेको न्यूनत्तम मापदण्डहरु (साबुन सहितको बालमैत्रि धारा, धूलो र सहज बसाई, सिकाइका छ कुना, र तालिम प्राप्त सहजकर्ता) सबै बालविकास केन्द्रमा पुरा गरिने,
- माग, आवश्यकता तथा दुरीको आधारमा प्रारम्भिक बालविकास केन्द्रहरुको समायोजन, पूर्नवितरण तथा आवश्यक भएमा नयाँ स्थानमा केन्द्र स्थापना गरिने,
- वाल शिक्षालाई अझ प्रभावकारी वनाउन नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिने
- प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ को प्रभावकारी कार्यान्वयन गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, सरकारी तथा निजी क्षेत्र र विद्यालयलाई जिम्मेवार बनाउने,
- प्रारम्भिक बालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइ व्यवस्थालाई ध्यान दिइ खेल तथा सिकाइ सामाग्री र अडियो भिडियो सामग्री सहितको कक्षाकोठा व्यवस्थापन गरीने,
- सबै शिक्षकका लागि न्युनतम योग्यता कक्षा १० (SEE) उत्तीर्ण निर्धारण गर्ने र न्युनतम योग्यता पुरा नगरेका शिक्षकहरुका लागि योग्यता वृद्दिको अवसर प्रदान गरीने,
- बालविकास सहजकर्ताको लागि सेवाकालीन क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरीने,
- प्रत्येक वडा वा टोलमा खेल तथा सिकाई सामग्री सहितको बाल उद्यान वा बाल पार्कको निर्माण गरीने,
- प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना गरीने,
- बालविकास सहजकर्ताहरुसंग कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको व्यवस्था गरीने,
- वि.व्य. स. सदस्यहरु, अभिभावकहरु तथा सरोकारवालाहरुको लागि प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी नियमित अभिमुखीकरण गरीने,
- बालविकास शिक्षकमा महिलालाई प्रथामिकता दिने
- प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिृद्धि गर्ने

**३.१.४ प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर वृद्धि भएको हुनेछ ।
- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा भएको हुनेछन् ।

**प्रमुख नतिजा**

यस योजनाको अन्त्यसम्ममा निम्नानुसार नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ ।

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरुलाई एक वर्षेको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
- प्रारम्भिक बालविकास केन्द्रहरुका सबै शिक्षकहरुले न्युनतम योग्यता र तालिम हासिल गरेको हुने
- प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना भएको हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी संघसंस्था, विद्यालय र स्थानीय सरकार जिम्मेवार हुने
- सरकारले तोकेको न्यूनत्तम मापदण्ड सबै प्रारम्भिक बाल कक्षा केन्द्रहरुमा पुरा भएको हुने ।
- बालविकास केन्द्रको सहजकर्ता पुरस्कृत भएको हुने ।
- बालबालिकाहरुको अपाङगता तथा कार्यत सिमितताको पहिचानका लागि तालिम प्रदान गरी प्रारम्भिक अवस्था पहिचान गरिने

नतिजा तथा परिमाणातमक लक्ष्य

| क्र स | सूचक | आधार वर्ष (२०८३/०८४) | (२०८३/०८४) | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्नामा सङ्ख्या | १२७६ | १२७६ | १२९० | १३१० | १३२० | १३३० |
| २ | न्यूनतम मापदण्ड पूरा भएका बालविकास केन्द्रको सङ्ख्या | ५ | ८ | १२ | १६ | २० | २४ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (पाच वर्षमा ) | | | | | | भौतिक लक्ष्य (दश वर्षमा ) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुर्ननिर्माण | केन्द्र | १ | १ | २ | २ | ३ | ७ | २४ |
| २ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | ४ | ४ | ४ | ५ | ६ | २३ | २४ |
| ३ | शिक्षक/सहयोगी कार्य क्षमताको विकास | जना | ३ | ३ | ४ | ४ | ४ | १८ | २४ |
| ४ | पालिका तहको स्वास्थ्य केन्द्र मार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वास्थ्य जाँच गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | १५ |
| ५ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | ६ |
| ६ | ECED कक्षाको सहयोगी कार्यकर्ता/शिक्षकको तलव भत्ता | जना | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ७ | ECED कक्षाको सहयोगी कार्यकर्ता/शिक्षकको पोषाक भत्ता | जना | ० | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ८ | विपन्न समुदायको बालबालबालिकाको अभिभावकहरुलाई पालिकाको आयआर्जनसग जोडने | जना | २ | २ | २ | २ | २ | १० | १५ |
| ९ | दिवा खाजामा स्थानिय उत्पादनलाई जोड्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | अभिभावकहरुलाई बालबालिका हेरचाहको लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.२ आधाभूत शिक्षा

नेपालमा लोकतन्त्रको स्थापना पश्चात सरकारी योजानामा नीतिगत रुपमा विद्यालय शिक्षाको पहुँच अभिबृद्धिका लागि उच्च प्राथमिकता पाउँदै आएको छ । यसै अनुरुप पालिकाले आधारभूत तहको शिक्षामा ९८ प्रतिशत भन्दा बढी आधारभूत शिक्षाको पहुँचमा रहेको देखिन्छ। त्यसकारण यो योजनाले पहुँचलाइ कायम राख्दै गुणस्तर बृद्धिमा जोड दिइएको छ ।

विद्यालय शिक्षाको विकासका सन्दर्भमा लागु भएका विभिन्न परियोजनाहरुमा परियोजनाहरु मध्ये आधारित तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा विकास परियोजना ,सेती परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैकालागि शिक्षा कार्यक्रम,विद्यालय क्षेत्र सुधार योजना आदि धेरै परियोजनाहरु सञ्चालन गरिएको थियो जसको प्रमुख लक्ष्य नेपालको शिक्षामा पहुँच अभिबृद्धि र शिक्षक ब्यबस्थापनमा तालीम अनिबार्य गरीएको हुनाले आधारभूत तहका

शिक्षकहरुलाई ब्यापक तालीमको ब्यबस्था गरियो  विद्यालयको समग्र भौतिक ब्यबस्थापनलाई पनि उच्च महत्वका साथ भौतिक सँरचनारुको समेत उल्लेख्य विकास गरिएको छ । सन २०१५ पछाडी शैक्षिक सुधार र गुणस्तर बृद्धिका प्रयासहरु भएको देखिन्छ । हाल सञ्चालित विद्यालय क्षेत्र विकास कार्यक्रमले शैक्षिक गुणस्तरलाई जोड दिदै सँरचनागत रुपमा परिवर्तन गरीएको छ । जस अन्तर्गत ४ बर्ष उमेर समूहकालागि प्रारम्भिक वलविकास र शिक्षा, ५ देखि ७ बर्ष उमेर समूहका लागि आधारभू तह १ (कक्षा १ देखि ३) ८ बर्ष देखि ९ बर्ष उमेर समूकालागि आधारभूत तह २ (कक्षा ४ र ५) १० देखि १२ बर्ष उमेर समूहका लागि, आधारभूत तह ३ (कक्षा ६, ७ र ८) रहेका छन । यिनै ३ वटा तहलाई नेपालको आधारभूत शिक्षाको तह भनिएको छ ।

नेपालमा शिक्षा विकासको क्रममा नेपालको सविधान, २०७२ को  धारा ३१(१) मा नागरीकको मौलिक हकको रुपमा ब्यबस्था गरीएको छ । सविधानले सबैकालागि निःशुल्क तथा आधारभूत शिक्षा सुनिश्चित गर्न प्रत्याभूति गरीएको सन्दर्भमा शिक्षा क्षेत्रको ब्यबस्थापन एवम सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम परिमार्जन आबश्यकता महसुस गरी सविधानले स्थानीय तहको अधिकारमा विद्यालय शिक्षा ब्यबस्थापन रहेको र सँघ, प्रदेशको साझा अधिकार भित्र राखिए पनि सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल वा साझा सूचिका आधारमा तिनै तहका सरकार जिम्मेवार रहेको देखिन्छ । आधारभूत शिक्षाको लक्ष्य ४ बर्ष देखि १२ बर्ष उमेर समूहका सबै वालवालिकालाई विद्यालय प्रवेशको पूर्व तयारी एवम गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गरी तिनको शारीरिक, सामाजिक सँवेगात्मक सज्ञानात्मक आध्यामिक तथा नैतिक शिक्षाको विकास गराई जीवन उपयोगी सीप एवम मूल्यमा आधारित सामाजिक साँस्कृतिक विविधताबारे परिचित गराइ अपाङ्गता तथा सिकाइ कठिनाइ भएका वालवालिकालाई शैक्षिकस्तर बृद्धिका लागि सस्थागत सहयोग आबश्यक पर्ने हुदा पटेर्वा सुगौली गाउँपालिकाका सामाजिक समिति, शिक्षा तथा स्वास्थ्य शाखा बीच समन्वय कायम गदै माध्यमिक शिक्षामा प्रबेश गराई आबश्यकता अनुरुप निर्माण गरीएका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नू सबैको समान दायित्व रहनेछ ।

### ३.२.१. वर्तमान अवस्था

पटेर्वा सुगौली गाउपालिका भित्र समुदायिक विद्यावलय तर्फ कक्षा १-५ सञ्चालित १६, कक्षा १-८ सञ्चालित ५, विद्यालयहरु गरी आधारभूत विद्यालयहरुको संख्या २१ वटा रहेको छ । कक्षा १ मा प्रारम्भिक वालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर ६५.७ प्रतिशत रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थीहरु हेर्दा सामुदायिक विद्यालय तर्फ कक्षा १-५ मव ५१.१ प्रतिशत छात्रा र ४८.९ प्रतिशत छात्र, कक्षा ६-८ मा ५२.४ प्रतिशत छात्रा र ४७.६ प्रतिशत छात्रहरु रहेका छन । यसरी हेर्दा विद्यालयमा छात्राको प्रतिशत उच्च छ। शिक्षक विद्यार्थी अनुपातमा कक्ष १-५ मा

२८:१ र कक्षा ६-८ मा ६४:१ रहेको अवस्थामा  विद्यालयमा रहेको पुरानो दरबन्दी सरचनाले गर्दा न्यायोचितरुपमा विद्यालय विद्यार्थी संख्याको आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुशिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दीको पुनवितरण तथा दरबन्दी मिलान गर्नु आवश्यक रहेको छ। कक्षा ६-८ मा खुद भर्नादर ५१.० र कुल भर्नादर ९२.९ प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाहरुले आधारभूत शिक्षा लिएको देखिन्छ।

आधाभूत शिक्षा १-८ मा कक्षा दोहर्याउने दर १३.६ प्रतिशत, कक्षा छाड्ने दर ५.३ प्रतिशत र कक्षा उन्नति दर ८१.१ प्रतिशत रहेकोले यस पालिकामा आगामी दिनमा शिक्षकको पेशागत तालिमकाको लागि जोड दिनुपर्ने देखिन्छ।

**आधारभूत शिक्षा देखिएका चुनौतिहरु**

१. विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी कम हुनु।
२. विद्यालय बाहिर रहेका बालबालिका भर्ना गराउन कठिन
३. सार्वजनिक शिक्षा प्रति चासो र विश्वास कम हुनु
४. शिक्षा नियमावली अनुसार प्रधानध्यापकहरुको व्यवस्था नहुनु
५. खुद भर्ना दर ८२.१ प्रतिशतमात्र हुनु।
६. १-८ कक्षा सम्म पुन: उहि कक्षामा दोर्याउने संख्या १३.६ प्रतिशत हुनु।
७. कक्षा छाडने दर ५.३ प्रतिशत हुनु।
८. कक्षा उन्नती दर ८१.१ प्रतिशत मात्र हुनु।
९. प्रधानअध्यापक व्यवस्थापनमा समस्या हुनु।
१०. निशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाहरुको पहुँच र सहभागिता नहुनु
११. विद्यार्थीको सिकाइ उपलब्धी दर शतप्रतिशत नहुनु।
१२. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री बनाउन नसक्नु।
१३. विद्यालय व्यवस्थापनमा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र सरोकारवालाहरुके अर्थपुर्ण सहभागिता नहुनु।
१४. सूचना तथा सञ्चार प्रविधिको दक्षतामा र बृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढंगले प्रयोग हुनु र नयाँ प्रविधिलाई आत्मसाथ नगर्नु
१५. विद्यालयमा आवश्यक राजनैतिक हस्तक्षेप हुनु।
१६. मौसम अनुसारको कक्षा कोठाको व्यवस्थापन नहुनु।

**३.२.२ उद्देश्य**

सबै बालवालिकाहरुका लागि पहुँचमा निरन्तरता सहित समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षाको सूनिश्चतता गर्नु आजको आवश्यकता हो। पटेर्वा सुगौली गाउँपालिकाको १० बर्षे शिक्षा योजनाको आधारभूत तहका उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

१. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा कार्यान्वयन गर्नु

२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु

४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु

**३.२.३ रणनीति**

- विद्यालय नक्साङ्कन, पुर्ननिर्माण तथा समायरोजन गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने
- जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने छ।
- जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्याथीहरू तथा सीमान्द्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ समग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिने छ
- अति विपन्न बाल बालिकालाई अभिभावकत्व ग्रहण गराइने छ।
- विद्याथीलाई टिकाइ राख्न खाजा कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
- छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रबृद्धि वितरण दिवसका रुपमा मनाउदै थप प्रभावकारी बनाइने छ।
- उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोर्याउने र अनुर्त्तीण हुने विद्याथीहरुको सङख्यालाई क्रमशः न्युनिकरण गर्दै लगिनेछ।
- बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षिक वातावरण, शिक्षक विद्यार्थी बीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ।
- प्राथामिकताको आधारमा विद्यालयमा आवश्यक न्युनत्तम भौतिक ब्यवस्था भवन, शौचालय, खानोपानीको ब्यवस्था का लागि अन्तर सरकारहरुसँग पनि समन्वय गरिने छ।
- शिषक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा प्रयोग गरिने छ।
- शिक्षकलाई शिक्षण सुधार योजना, पाठ नोट अनिवार्य गरिने छ।
- विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने छ।
- लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधि मार्फतको शिषण सिकाइलाई उच्च प्राथामिकता प्रदान गरिने छ।
- सिकाइका लागि मुल्याकन प्रणालीको आधारमा आधारभूत तह कक्षा १-३ को मुल्यांकन प्रणाली सञ्चालन गरिनेछ।
- स्तरीकृत परिक्षा सञ्चालन गरिने छ।
- परिक्षाबाट प्राप्त अंकलाई विद्यालय स्तर तथा पालिका स्तरमा विश्लेषण समिक्षा सहित सुधार योजना तयार गरी लागु गरिने छ।
- अभिभावक सचेतना कार्यक्रम मार्फत अभिभावक परिचालन गरिने छ।

- हरेक चौमासिकमा सिकाइ समिक्षाका लागि अभिभावक सम्मेलन गरिने छ ।
- विद्यालयमा अभिभावकहरु बाट दैनिक भ्रमणको ब्यवस्था मिलाइने छ ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गदै आधारभूत साक्षरता सीप विकासको लागि पाढाइ तथा गणितय साथै अन्य अन्तरविषय जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई निरन्तरता गरिने छ ।
- कक्षा ४ र ५ सम्मका बालबालिकाहरुका लागि पठन सीपमा आधारीत सिकाइ वातावरणका लागि छापामय कक्षाकोठा ब्यबस्थापन सुनिश्चित गदै समयानूकुल जीवनोपयोगी ब्यबहारिक गणितीय सीप सहितको अन्य विषयको शिक्षण सिकाइलाई सीप केन्द्रीत क्रियाकलापहरुलाई निरन्तरता दिइने छ ।
- कक्षा ६ देखि ८ सम्मका आधारभूत तह पुरा गर्ने प्रत्येक उमेर समुहका बालबालिहरुमा रहेको अन्तर निहित प्रतिभा समेतको अबसरलाई सुनिश्चित गदै विषयगत पठन सीपका आधारमा माध्यमिक शिक्षा प्रबेशको लागि गुणस्तरीय ब्यबहारिक तथा गणीतीय सीप विकासको जीवन उपयोगी पक्षको सिकाइलाई सुनिश्चतताका लागि समयानुकुल विविध प्रविधि मैत्री क्रियाकलापहरुलाई निरन्तरता दिँदै अनिबार्य आधार शिक्षा प्रदान गरी माध्यमिक शिक्षामा प्रबेश गने अबसर प्रदान गरिने छ ।
- स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरहरुमा नियमित पाइ तथा स्वयम सिकाइ एवम गणितिय सीप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता सो को अभिलेखिकरण गरिने
- प्रविधि मैत्री कक्षा कोठा ब्यबस्थापनका लागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट कम्प्युटर लगायतको सुविधा तथा अभिबृद्धिकालागि वजेट ब्यबस्थापन गिरने
- कक्षा १ देखि ५ सम्मका बालबालिकाहरुको सिकाइ सहजीकरणका लागि आबश्यकताका आधारमा शैक्षिक सामाग्री ब्यबस्थापन शिर्षकमा अनुदानको ब्यबस्था गरिने
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिका लागि निरन्तर विद्यार्थी मूल्याँकन सहित पठनसीपमा आधारित एवम कक्ष ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधि मैत्री सिकाइ सञ्चालन गरिने
- कक्षा १ देखि ५ सम्मका बालबालिकाका लागि पठन सीप विकासका लागि पालिका स्तरीय पाइ मेला तथा प्रतियोगिता सञ्चालनका लागि बजेट विनियोजन गर्ने
- पठन सीप सम्बन्धी अभिभावकहरुको जागरुक तथा सहयोग गर्नै आधारमा पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरु बीचका उमेर समुहका आधारमा लेखन सीप सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गरिने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरुमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम विज्ञान गणित तथा सामाजिक विषय बस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामाग्री निर्माण सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गने
- आधारभूत तहको स्थानीय पाठयक्रमको परिमार्जन र विकास तथा प्रयोग
- संघीय मापदण्ड अनुसार यस गाउँपालिकाले आवश्यक समन्वय गरी विद्यालय नक्साडकन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरुको पुनः वितरण तथा समायोजन गरिने

- यस पालिका भित्रका आधारभूत तहमा उचितम सिकाइ उपलब्धी हासिल गराउन आबधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको थप सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई पालिका प्रति जवाफदेही र उत्तरदायी बनाइने
- सबै आधारभूत विद्यालयमा विशुद्ध खानेपानी शौचालय भौतिक सुविधा बालमैत्री समाबेशी सुरक्षित सिकाइ बातावरण तयार गरिने
- सबै आधारभूत तहमा प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEP) पूरा गराउन आबश्यक लगानीको प्रबन्ध गरिने
- विद्यालय ब्यवस्थापन समिति,शिक्षक अभिभावक संघ पदाधिकारीहरुको क्षमता विकास एवम अभिभावक अभिमुखीकरण गरिने
- विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता र खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसंग जोड्ने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवा खाजाको ब्यबस्थापन थप ब्यबस्थित गर्न विद्यालय अभिभावक स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवाखाजा कार्यक्रम थप ब्यबस्थित गरिने । यसले समुदायमा आय आर्जनको वातावरण सृजना गर्छ ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परिक्षण तथा विद्यार्थी सिकाइस्तर परिक्षण गरी जवाफदेहिता सुनिश्चित गरी सुधारका क्षेत्रहरु पहिचान गरिने ।
- दैनिक जीवनसंग सम्बन्धित व्यवहारकुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गरिने
- विद्यालयमा बालउदान, फुलबारी, करेसाबारी, बृक्षारोपण आदिमा बजेट विनियोजन तथा श्रोतका लागि समन्वय गर्ने । करेसावारीमा गरिएको खेतिले दिवा खाजाको कार्यक्रमलाई सहयोग गर्छ ।
- विद्यालय जान नसक्ने विद्यार्थीहरुका लागि वैकल्पिक माध्यमबाट विद्यालय शिक्षाको पहुँचका लागि शिक्षाको सुनिश्चतता गर्ने

### ३.२.४ उपलब्ध, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण उपलब्धिहरु

**उपलब्धी**

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
- आधारभूत शिक्षामा गुणस्तर अभिबृद्धि भएको हुनेछ ।

**नतिजाहरु**

- सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहुँचमा हुनेछ ।
- आधारभूत तह पुरा गर्ने बालबालिकाले न्युनत्तम सिकाइ उपलब्ध अनिबार्य हासिल गरेको हुनेछ ।
- आधारभूत तहमा शिक्षक तयारी, विकास एवम सहायता प्रणालीको ब्यबस्था गरिने छ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचक | आधार वर्ष (२०८३/०८४) | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा | २७७ | २७७ | २५० | २३० | २०० | १५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १-५) मा विद्यालय बाहिर रहेका विद्यार्थी संख्या | | | | | | |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ३० | ३० | ५० | ७० | ९० | १०० |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ८ | ८ | १२ | १६ | १८ | २१ |
| ४ | आधारभुत तहको न्युनतम सिकाई उपलब्धि प्रतिशत | ७३.९ | ७३.९ | ८० | ८५ | ९० | ९५ |
| ५ | EMIS मा Complete Data entry गर्ने विद्यालयको संख्या | ० | ० | २४ | २४ | २४ | २५ |

### ३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुर्ननिर्माण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालयको न्युनत्तम भौतिक पूर्वाधार विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | शिक्षकको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| ७ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | अपाङ्गता भएका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीलाई सहयोग | | | | | | | | | |
| १० | EMIS मव Complete Data entry गर्न विद्यालयका प्रधान अध्यापकलाई क्षमता विकास तालिम | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| ११ | गुनासो सुनवाई संयन्त्रको प्रभावकारी परिचालन | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | बाल क्लब गठन र परिचालन | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | विपन्न समुदायका बालबालिकाको लागि ड्रेस, स्टेसनरीका लागि छात्रवृत्ति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | अभिभावक जागरुक कार्यक्रम | नियमित | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। संविधानले प्रत्याभूत गरेका शिक्षाको हकलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि तिनै सघ, प्रदेश र स्थानीय तहलाई जिम्मेवारी दिएको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९—१२ लाई सम्मलाई माध्यमिक शिक्षा कायम गरेको छ। माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धारको विकल्पहरू सहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ती उत्पादन गने गरी प्राविधिक तथा व्यवसायक शिक्षाको समेत व व्यवस्था गरिएको छ। शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विषेश जोड दिएको छ। यस तहका १५ वटा सिकाइ सक्षमताहरु तय गरिएको छ।

सोह्रौ योजनाले माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको छ भने शिषा निति २०७६ ले गुणस्तरीय माध्यमिक शिषामा सबैको निःशुल्क पहुँच सुनिश्चित गदै सृजनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने प्राथमिकतामा राखेको छ। पटेर्वा सुगौली गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निशुल्क, बालमैत्री, र समावेशी गराउने निति लिएको छ।

#### ३.३.१ वर्तमान अवस्था

पटेर्वा सुगौली गाउपालिका भित्र कक्षा १-१२ सम्मका विद्यालय ३ वटा रहेको छन। मध्यमिक तहमा कक्षा ९-१० मा खुद भर्ना दर १३.० र कूल भर्नादर ६२.५ रहेको छ। माध्यमिक तहमा लैङ्गिक दृष्टिकोणले हेर्दा कक्षा ९-१० मा ५७.१ प्रतिशत छात्रा र ४२.९ प्रतिशत छात्र भर्ना भएका छन। यस तहमा खुद भर्नादर लैङ्गिक समता सूचक १.१० र शिक्षक विद्यार्थी अनुपात ७४:१ रहेको छ। माध्यमिक तह कक्षा १० मा पुनः उहिकक्षामा दोर्याउने दर २.० प्रतिशत, कक्षा छाडने दर ० प्रतिशत र कक्षा उन्नति ९८.० प्रतिशत रहेको छ। कक्षा १० मा उतिर्ण विद्यार्थी १०० प्रतिशत रहेको छ।

माध्यमिक तहको शिक्षामा देखिएका चुनौतिहरुः

१. विद्यालयमा विद्यार्थी भर्ना हुने तर निमित कक्षामा उपस्थित नहुने
२. माध्यमिक तह सम्म निशुल्क शिक्षा भएपनि बालबालिका विद्यालयको पहुँच भन्दा बाहिर रहनु।
३. बिद्यालय छाड्ने दर नघट्नु,
४. माध्यमिक तहमा प्राविधिक र व्यवसायिक शिक्षालाई व्यवस्थापन गर्नु,
५. विद्यालयमा प्रोत्साहनको अभ्यासलाई सुनिश्चित गर्नु,
६. अभिभावकहरु आफनो बालबालिकाको सिकाई प्रति उत्तरदायी बनाउनु,
७. विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्तिको व्यवस्था गर्नु,
८. सिकाईको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलव्धमा सुधार ल्याउनु,
९. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिलस्थिति उत्थानशिल बनाउन
१०. कक्षा १० उत्तिर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्ना गराउनु,

### ३.३.२. उद्देश्य

- माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.३.३ रणनिति

प्रस्तावित योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयको पुनवितरण, समायोजन तथा स्थापना गर्ने

२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिृद्धि गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने

३. जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने,

४. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोउन्मुख समुदायका विद्यार्थीहरू तथा सीमान्तकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ सामग्री लगायतको सहयोग कार्यक्रम सञ्चालन गरिने,

५. छात्रवृद्धि कार्यक्रमलाई बर्षको १ पटक छात्रबृद्धि वितरण दिवसका रुपमा मनाउदै थप प्रभावकारी बनाइने,

६. उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमशः न्युनिकरण गदै लगिने,

७. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षिक वातावरण, शिक्षक विद्यार्थी विच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षा कोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिने,

८. प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्युनतम भौतिक सरचना, शौचालय, शुद्ध खानोपानीको ब्यवस्था अन्य सरोकारवालाहरुसँग पनि समन्वय गरिने,

९. सामान्य मर्मत संभार गरी ब्यवस्थापन गरिने भौतिक ब्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गदै अगाडि बढाउने,

१०. भौतिक निर्माणको कार्यलाई ‘‘आफनो विद्यालय आँफै बनाउ’’ भन्ने नारा तय गदै लागत सहभागितालाई प्राथमिकता दिइने,

११. निर्माणात्मक मुल्याकंनको लागि त्रैमासिक टेस्ट लिदै विद्याथीको सकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिने,

१२. शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिने,

१३. विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने,

१४. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

१५. अपुग विषयगत शिक्षकको मागलाई स्वयम् सेवक शिक्षक नियुक्ति गरी सम्वोधन गरिने,

१६. माध्यमिक तहका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गरिने,

१७. प्राविधिक तथा ब्यवसायिक धार पढ्ने बालबालिकाहरुलाई छात्रवृद्धि प्रदान गरिने तथा स्थानीय स्तरमा रोजगारीमा प्रथमिकता दिइने,

१८. सिकाइ सुधारको लागि शिक्षण सुधार योजना (TIP) लाई पुर्ण रुपमा कार्यान्वयनमा लगिने,

१९. माध्यमिक शिक्षालाई विज्ञान प्रयोगशाला पुस्ताकालय तथा आइसीटी ल्याबलाई थप ब्यवस्थित बनाइ प्रभावकारी प्रयोगको लागि वातावरण बनाउने,

२०. माध्यमिक विद्यालयहरूमा विद्यालय छाड्ने दर घटाउन कुनै विशेष योजनाहरू बनाउने

२१. सबै लैङ्गिगता र अपाङ्गता भएका व्यक्तिहरूका लागि शौचालय जस्ता सुविधाहरू सफा र पहुँचयोग्य बनाउने

२२. विद्यालयहरूमा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित [Science, Technology, Engineering, Art and Mathmatics-STEAM] पद्धति जस्ता अन्तरविषय सिकाइ लागू गर्ने

२३. माध्यमिक विद्यालय पुरा गरेपछि विद्यार्थीहरूले सान्दर्भिक सीप र ज्ञान प्राप्त गर्ने कुरा सुनिश्चित गर्न निजी क्षेत्र र नागरिक समाज संस्थाहरूसँग साझेदारी गर्ने

२४. विद्यार्थीहरूलाई उच्च शिक्षाको लागि तयार गर्ने वा उनीहरूको करियर परामर्शको लागि कुनै प्रावधान र इच्छुक योजनाहरू

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ
- माध्यमिक शिक्षाको सान्र्दभिकता र गुणस्तरमा सुधार भएको हुनेछ

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गरी खुद भर्नादर तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि आउने,

२. माध्यमिक विद्यालयमा न्युनत्तम आधारभूत मापदण्ड पूरा भएको हुने,

३. माध्यमिक विद्यालयमा व्यवसायिक जनशक्ती तयार हुने,

४. विद्यार्थीले न्युनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

५. गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्नामा भएका विद्यार्थी सङ्ख्या | ६६७ | ६६७ | ६८० | ७०० | ७२० | ७५० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्नामा भएका विद्यार्थी सङ्ख्या | १२० | १२० | १३० | १५० | १७० | १९० |
| ३ | विज्ञान विषयमा अध्यनरत विद्यार्थी सख्या | ५० | ५५ | ६० | ६५ | ७० | ८० |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ० | १ | ० | ० | १ | ० |
| ५ | स्वास्थ्य नर्स भएको विद्यालयको संख्या | ० | ० | १ | १ | १ | १ |
| ६ | गुनासो सुनवाई संयन्त्र भएको | ३ | ३ | ३ | ३ | ३ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | | | | | | |
| ७ | पालिका स्तरीय बालिका संजाल गठन | १ | १ | १ | १ | १ | १ |
| ८ | विषयगत सिकाई समुह सक्रिय भएको विद्यालय संख्या | १ | १ | १ | १ | १ | १ |
| ९ | विशेष विद्यालय संख्या | ० | ० | १ | ० | ० | ० |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्निर्माण तथा समायोजन | सख्या | १ | १ | १ | १ | १ | ५ | सबै | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | सख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यायलय सख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | अति विपन्न तथा पछाडि परेका बालबालबालिकाको अभिभावकको लागि पालिकाको आय आर्जन कार्यक्रम सग जोड्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | विद्यालय उत्थानशील योजना निर्माण तथा कायान्वयन | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| ७ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | छात्राहरुलाई सेनेटरी प्याडको खरिद र वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | विव्यस शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | बाल समुह, स्काउट, रेडक्रस क्लव गठन, क्षमता विकास र परिचालन | सख्य | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

परिवर्तित विद्यमान अवस्थामा व्यवहारिक र सिपमूलक शिक्षाको आवाज उठिरहेको छ। यसलाई सम्बोधन गर्नका लागि माध्यमिक तहको पाठ्यक्रम प्रवाविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिएका छन। तर प्रविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सिमित भएको, उत्पादित जनशक्ती जागिर खोज्ने खालको मात्र भएको, आफैले केहि गर्न पुँजी लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासाहरु आउन थालेको छ। अर्कोतिर कक्षव ६-८ को पाठ्यक्रममा राखिएको पेशा, व्यवसाय र प्रविधि प्रति रुचि जगाएर नरम सीपको विकासमा जोड दिनु पर्ने विषयमा विद्यार्थी त्यति सजग भएको देखिदैन। यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक तथा बौदिक क्षमता तथा रुचि र चाहनाको कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा परेका देखिन्छन। त्यस्ता व्यक्तिका लागि गाउपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर सृजना गर्नु पर्नेमा यो कार्यक्रम केन्द्रित छ।

### ३.४.१ वर्तमान अवस्था

यस गाउँपालिकामा शिक्षा तथा व्यसवयिक तालिम परिषद अन्तर्गत संचालित प्रि-डिप्लोमा ईलेक्टिकल विषयमा श्री ने. रा. मा.वि. निचुटामा संचालित रहेको छ। सो प्राविधिक धारमा अध्यनरत विद्यार्थीहरुको लागि छोटो अवधिका व्यवसायिक र सिपमूलक

तालिमहरु जस्तै मोटर मर्मत, पंखा, विद्युत टान्सफर जस्ता तालिम पालिकाको समन्वयमा समेत सञ्चालन भईरहेका छन । यस प्रकारको तालिमबाट विद्यार्थीको सिप विकास भई कमाउदै पढ्दै अभियानमा समेत टेवा पुर्याउछ र सोको लागि पालिकाले प्रत्येक वर्षमा बजेट विनियोजन गर्नु पर्नेछ ।

**३.४.२. उद्देश्य**

- सबै नागरिकहरुका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा अवसर सुनिश्चित गर्नु
- प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीयस्तरमा रोजगारी तथा स्व-रोजगारीका अवसर उपलब्ध गराउनु ।

**३.४.३ रणनीति**

- माध्यमिक तहमा अध्यनरत जम्मा विद्यार्थीमध्ये ४० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने
- पालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, सानोठिमीसग भक्तपुरसँग समन्वय गरेर गाउँपालिकमा एक प्राविधिक शिक्षालयको स्थापना गर्ने
- सञ्चालनमा रहेका विद्यालयहरुमा समेत प्राविधिक धार संञ्चालन गर्ने
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने
- प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपको गुणस्तर प्रभावकारिता र पहुँच वढाउनका लागि सरोकारवालाहरुसग समन्वय, सहकार्य र साझेदारी गर्ने
- आय आर्जन सृजना हुने क्रियाकलापहरुका लागि संघ, प्रदेश, गाउँपालिकाका निजि क्षेत्र संग आवश्कता अनुसार समन्वय र सहकार्य गर्न
- औपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non formal Education National qualification framework) को प्रभावकारी कार्यान्वयन गर्ने ।

**३.४.४ प्रमुख उपलब्धी तथा नतिजा**

उपलब्धी

- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका विद्यार्थी मध्ये शैक्षिक सत्र २०८३ मा सत प्रतिशत उतिर्ण भएका छन।
- प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गरेका मध्ये कम्तिमा ५०% विद्यार्थीहरु पालिका, निजी तथा सरकारी क्षेत्रमा रोजगार वा स्वरोजगार हुनेछन ।
- औपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप (Non-formal Education National qualification framework) को प्रभाकारी कार्यान्वयन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८३/८४) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८७/८७) | (२०८७/८८) |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गर्न विद्यालय सङ्ख्या | ० | १ | ० | १ | ० | ० |
| २ | माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक तालिममा भर्नामा भएका विद्यार्थी सङ्ख्या | ० | १० | २० | ३० | ५० | ६० |
| ३ | प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा लिईरहेका विद्यार्थी मध्ये रोजगार स्व रोजगार भएका विद्यार्थीहरु प्रतिशत | ० | ० | ३ | ३ | ३ | ५ |
| ४ | औपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप कार्यान्वयनबाट लाभान्वित संख्या | ० | ० | ० | ० | ५ | १० |
| ५ | बहु प्राविधिक शिक्षालय संख्या | ० | ० | १ | ० | ० | ० |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम भर्ना हुन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चाहने विद्यार्थीको तथ्यांक सकलन तथा खण्डिकृत तथ्याक सकलन गर्ने | | | | | | | | |
| २ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | विद्यालय | ० | १ | ० | १ | ० | २ | २ | |
| ३ | कक्षा ९-१२ विद्यार्थीका लागि छात्रबृत्ति | सख्य | ७ | ९ | १२ | १५ | १५ | ५८ | १५० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदायक संस्थाहरुको अनुगमन र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | आय आर्जन बढाउने क्रियाकलापको लागि संघ, प्रदेश, पालिकासग समन्वय गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १० | |
| ६ | रोजगार मेल | पटक | १ | १ | १ | १ | १ | १ | १० | |

### ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ

मानव जिवनभरी नै औपचारिक वा अनौपचारिक कुनै न कुनै क्षेत्रमा सिकिरहेने र अनुभव गरिरहने हुन्छ । हाम्रो समाजमा विभिन्न परिस्थिति र कारणले ओपचारिक शिक्षा हासिल गर्नबाट बन्चित भएका छन । यसरी औपचारिक शिक्षा प्राप्त गर्नबाट बन्चित समुदाय र लक्षित वर्गलाई जसमा केही गरम भन्ने चाहना र हुटहुटी छ त्यस्ता ईच्छुक समुदायहरुलाई समय अनुकुल हुने गरी जिवन उपयोगी शिक्षा प्रदान अनौपचारिक माध्यमबाट गरिने अभ्यास निरन्तर चलिरहेको छ । यस प्रकारको शिकाईलाई पटेर्वा सुगौली गाउँपालिकाले निरन्तरता दिई राखेको छ ।

विगतका दिनमा अनौपचारिक शिक्षा सञ्चालन भएका थिए । साक्षता सघन कार्यक्रम मार्फत जिल्लालाई पूर्ण साक्षरता घोषणा अभियान पनि सञ्चालन गरिएका थिए । तर अपेक्षाकृत नतिजा हात हालसम्म पनि परेको छैन । अब स्थानीय सरकारले पालिकामा पूर्ण साक्षरता अभियानलाई निरन्तरता दिन अनौपचारिक शिक्षा महत्वपूर्ण छ ।

जीवन उपयोगी शिक्षा आजको प्रमुख आवश्कता हो । यसले मानिसको वास्तविक जिवनमा सुधार ल्याउन सक्छ । समुदायलाई दिने व्यवहारिक शिक्षाले कृषि, पशुपालन, घरेलु उद्योग तथा पेशागत व्यवसाय सञ्चान गर्नका लागि प्रमुख आधार बन्छ । यस प्रकार गरिएको आय आर्जन दिगो हुने जिवनस्तर उकास्न पनि सहज हुने र परिणाम पनि चाढै नै प्राप्त गर्न सकिन्छ ।

**३.५.१ वर्तमान अवस्थाः**

विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई यस गाउँपालिकाले अनौपचारिक प्रौढ शिक्षा सञ्चालन गरे पनि यस अवस्थाका सबै बालिबालबिलका पहुँच अझै पुग्न सकेको छैन । दलित महिले सघ, पर्साले २०८२ सालमा गरेको अध्ययन प्रतिवेदन अनुसार पालिकामा २७७ जना बालबालिकाहरु अनौपचारिक प्रौढ शिक्षामा पहुँच छैन । पालिकाले अनौपचारिक शिक्षाका लागि सामुदायिक पुस्तकालय हालसम्म सञ्चालनमा ल्याएको छैन । त्यस्तै गरि विभिन्न माध्यमबाट प्राप्त गरेका शिक्षालाई समकक्षता दिने प्रणालीको अभ्यास छैन ।

पालिकाको साक्षरता अवस्था विश्लेषण गर्दा ५ वर्ष भन्दा माथिको साक्षरता दर ६१.३ प्रतिशत, १५ वर्ष भन्दा माथि ५३.१ प्रतिशत, १५ देखि २५ वर्ष भित्रका उमेर समूहका साक्षरता प्रतिशत ८१.२ मात्र रहेको छ । तथ्याङकले पालिकामा अझै पनि १९.८ प्रतिशत निरक्षर रहेको देखिन्छ । अतः पालिकाले विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाहरुला अनौपचारिक शिक्षा तथा जिवन उपयोगी शिक्षा प्रदान गर्नका लागि बजेट सहितको निति तथा कार्याक्रम सञ्चालन गर्नु जरुरी छ ।

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू**

- सर्वप्रथम पालिकाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाई अभियानलाई निरन्तरता दिनका लागि स्पष्ट निर्देशिका बनाउने
- अनौपचारिक शिक्षा तथा आजिवन सिकाईको लागि स्थानीय पाठ्यक्रमको निर्माण
- सामुदायिक पुस्तकालय स्थापना तथा सञ्चालन
- विभिन्न माध्यमबाट प्राप्त गरेको शिक्षालाई समकक्षता दिने प्रणालीको अभ्यास
- विद्यालय बाहिर रहेका बालबालिकाका अभिभावकसग पालिकाको आय आर्जन कार्यक्रमसग जोड्ने
- स्थानीय आवश्यकतामा आधारित सिप मुलक कार्यक्रम सञ्चालन

**३.५.२. उद्देश्य**

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
- सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने
- विद्यालय बाहिर रहेका बालबालिकाको अभिभावकहरुलाई पालिकाको आय आर्जन कार्यक्रम तथा बजेटसग जोड्ने
- पालिकास्तरमा समकक्षता प्रणालीको स्थापित गरी अभ्यास गर्ने

**३.५.३ रणनितिहरु**

- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा समपन्न पुसतकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्य संयन्त्का रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रुपमा विकास गर्ने
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंसथा, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने
- सिकारुहरुको आवश्यकता अनुसार तहगत पाठयक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने
- सरोकारवालाको समन्वय, सहकार्यमा र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, बैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने
- सामुदायिक सिकाइ केन्द्रमारमा त विभिन्न सीप विकास र आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने
- अनौपचारिक माध्यमबाट सिकेएका ज्ञान तथा सीपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्था बमोजिम मिलाउने

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धी

- सबै नागरिकका लागि साक्रियता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्ति हुने छन्
- विद्यालय बाहिर रहेका बालबालिकाहरुको अनौपचारिक शिक्षा र आजिवन सिकाईका क्षेत्रमा पहुँच पुग्नेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्द्र वर्ष भन्दा माथि) (%) | ५३.१ | ५३.१ | ७२.० | ८०.५ | ९०.० | १०० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप ( पन्द्र भाषा भन्दा माथिको महिला) (%) | ४०.६ | ४०.६ | ४५.५ | ६५.५ | ७०.० | ७५.० |
| ३ | आरभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सख्या | ० | ० | १ | २ | ३ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक पुस्तकालयको सख्या | ० | ० | १ | १ | १ | १ |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | विद्यालय बाहिर रहेका बालबालिका कोतथ्याङ्क सङ्कलन तथा खण्डिकृत डाटाबेस तयारी गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| २ | साक्षरता तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने | कक्षा | १ | १ | १ | १ | १ | १ | १ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | केन्द्र | ० | ० | १ | १ | १ | १ | १ | |
| ४ | वडा तहमा सामुदायिक सिकाई केन्द्र स्थापना तथा सञ्चालन | संख्या | ० | ० | १ | १ | १ | २ | १ | |
| ५ | सामुदायिक केन्द्र सवलीकरण तथा व्यवस्थापन अनुदान | संख्या | ० | ३ | १ | १ | ० | ० | ० | ५ |

## परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्र

शिक्षा क्षेत्र योजनाको यस परिच्छेदमा अघिल्लो परिच्छेद तीनमा शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा, उच्च शिक्षा तथा औपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायतसँग सम्बन्धित विद्यमान अवस्थालाई विश्लेषणको आधारमा उद्देश्य, रणनिति तथा प्रमुख नतिजा, क्रियाकलाप र लक्ष्य सम्बन्धित विभिन्न अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु समानता र समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रबृत्ति, आपतकालिन तथा सकटपुर्ण अवस्थामा, विद्यालयको भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायत विषयवस्तु समावेश भएपनि यि अन्तरसम्बन्धित विषयवस्तुलाई समग्र विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रबीचमा समन्वय गराउन सहयोग गर्ने उद्देश्य यस परिच्छेदमा गरिएको छ ।

यस परिच्छेद अन्तर्गत शिक्षामा समता तथा समावेशीकरणको अभिबृद्धि, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रबृत्ति, आपतकालिन तथा सकटपुर्ण अवस्थामा, विद्यालयको भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका विषयवस्तुलाई समेटिएको छ ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम ज्ञान, सिप र क्षमतालाई मार्गनिर्देश गर्ने आधार हो । पाठ्यक्रम विकास एउटा निरन्तर चलिरहने प्रक्रिया भएकाले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तीका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभव हासिल दिशा निर्देश गर्छ ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन नियमित र प्राविधिक विषय हो । यो समय सापेक्ष हुनु पर्छ । स्थानीय परिवेशलाई समेटेको हुनु पर्छ । यो समावेशी र व्यवहारिक पनि हुनु पर्दछ । मानवको जिवनमा काम लाग्ने र परिवर्तन गर्न सक्ने हुनु पर्छ ।

पाठ्यक्रम कुनै कक्षा तथा तहमा कुन कुन विषय सिकाउने भन्ने कुरामा मात्र सिमित नरही विद्यार्थीको क्षमता विकासका लागि विभिन्न कार्यक्रम तय गर्ने र विद्यार्थीले बुझेका नबुझेका, सिकेका नसिकेका कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्यांकन गर्ने भन्ने कुराको आधार प्रस्तुत पाठ्यक्रममा गरिएको हुन्छ ।

#### ४.१.१ वर्तमान अवस्था

पटेर्वा सुगौली गाउँपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयमा भर्नाको समयमा पुस्तकहरु हात हात पुगेका छन । यस गाउँपालिकाले नेपाल सरकारवाट स्वीकृति पाठ्यक्रम लागू गदै आएको छ । पालिकाले छिटै नै आधारभूत कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याउने योजना रहेको छ । यसै गरी आधारभूत तह कक्षा ६-८ का लागि पाठ्यक्रमका लागि विषयवस्तुको खोजी तथा सकलन गरिरहेको छ ।

स्थानीय पाठ्यक्रमले पालिकाको समग्रतालाई झल्काई विद्यार्थीहरुलाई स्थानीय परिवेशसग साक्षत्कार गराउन र जोड्न मद्त पुर्याउछ । स्थानिय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकिकृत गरिएको, व्यवहार कुशल तथा जीवनउपयोगी सीपहररू समावेश हुने गरि सिकाई क्रियाकलाप तर्जुमा गर्ने रणनिति लिएको, आधारभूत तहको स्थानिय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानिय पाठ्यक्रम स्थनिय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानिय परिवेश तथा दैनिकिसग सम्बन्धित गरिएको छ ।

सबै विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाईमा सहजता ल्याउनका लागि आवश्कयता अनुसार मात्रृ भाषा, स्थानीय भाषा, बहुभाषाको प्रयोग गरि सिकाई सहजीकरण गरिने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनउपयोगी तथा व्यवहारिक सीपका रूपम एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मुल्यांकनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगको रुपमा सिकाई सुधारका लागि निरन्तर पृष्ठपोषण गर्ने निति लिइने छ।

त्यस्तै गरी आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङकन उदार कक्षोन्नति निति अपनाईने छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्यङकन अपनाईने छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङन अपनाईने छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङकन प्रणाली अपनाइने छ। कक्षा ८ को बार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुसार गरिने छ।

**पाठयक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन कार्यमा देखिएका चुनौती तथा अवसर**

१. स्थानिय परिवेशमा आधारित पाठ्यक्रम विकास
२. स्थानिय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास
३. प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मात्रृभाषा, स्थानीय भाषा, बहुभाषाको प्रयोग
४. स्थानिय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने
५. सिकाइ सहजीकरण र मूल्याङनमा सूचना प्रविधिको प्रयोग
६. स्थानिय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याकनमा स्थानिय तहको अर्थपुर्ण सहभागिता
७. अपाङगता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।
८. स्थानिय पाठ्यक्रम कार्यान्वय।

**पाठयक्रम, पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कन अवसर**

१ पालिकाले स्थानिय पाठ्यक्रमसग सम्बन्धित निर्देशिका बनाउन सक्ने
२ स्थानीय भाषा, संस्कृति र धर्मका बारेमा तथ्यांकहरु सकलन गर्ने
३ स्थानी पाठ्यक्रम निर्माणका लागि बजेट विनियजन गर्न सक्ने

**४.१.२ उद्देश्य**

१ पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्धारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
२. स्थानीय पाठ्क्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु
३. निरन्तर, आवधिक तथा सतरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु

**४.१.३ रणनीति**

१ राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ अनुरूप पाठ्क्रम कार्यान्वयनमा लैजाने

२. पाठ्यक्रम विकास केन्द्रद्धारा विकास गरिएको पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधिकरण गर्ने

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिबृद्धि गर्ने

४. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षकण सिकाई क्रियाकलाप सञ्चालन गर्ने

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाई सामाग्री, स्व अध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चित गर्ने

६. माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिने

७. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामाग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने

८. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने

९. सहपाठी सिकाइ समूह गठन गरी कम्जोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्न व्यवस्था मिलाउने १०. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गरिने

११. विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको बृत विकाससग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न वातावरण सृजना गर्ने

१२. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने

### ४.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. पाठ्यक्रममा आधारित शिक्षण सिक्षण सिकाईद्धारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

३. निरन्तर, आवधिक तथा सतरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीहरुको सिकाइ उपलब्धीमा सुधार आएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८७/८८) |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु भएको विद्यालयको संख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | परीक्षामा सतरीकृत प्रश्न प्रयोग गरिने विद्यालयको संख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | ० | १ | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङकन गर्नर् विद्यार्थीको संख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ५ | जलवायु परिवर्तमान तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्न विद्यालयको सङ्ख्या | २ | २ | ४ | ४ | ४ | ४ |

### ४.१.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | पाठक्रमको् प्रभावकारीरूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३ | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | Digital सामाग्रीहरुको कार्यान्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र त्यसलाई Online/Offline माध्यमवाट विद्यार्थी (अपाङगता भएका विद्यार्थी समेत) र शिक्षकको पँहुचसम्म पुर्याउन सुनिश्चित गर्ने , पाठ्यक्रम विकास केन्द्रवाट विकास गरिएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई त्यसललवई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | ० | १ | १ | १ | १ | १ | १ | १ | |
| ५ | सस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (विज्ञहरुको परिचालन गरी गरी स्थानिय पाठ्यक्रमको | ० | ० | ४ | ४ | ४ | ४ | ४ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास र कार्यान्वयनका लागि प्राविधिक सयोग प्रदान गर्ने विधि र पद्धति स्थापना गर्ने) | | | | | | | | | |
| ६ | बह पाठ्यपुस्तकहरू को कार्यान्वयन गर्ने (जसमा:- बहू पाठयपुस्तक नितिको कार्यान्वयन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठयपुस्तकहरु को मुल्यांकन र छनौट, बहुवर्षिय पाठ्यपुस्तकहरु को परिक्षण गर्ने र अपाङगता भएको विद्यार्थीहरूको लागि उपर्युक्त पाठ्यपुस्तकको विकास गर्ने) | ० | १ | १ | १ | १ | १ | १ | १ | |
| ७ | आन्तरिक र बाह्य दुबै विधिका विद्यार्थी मुल्यांकन र त्यसको कार्यान्वयनको मापदण्डहरू विकास गर्ने (जस्मा:- नमुना सामाग्रीहरु विकास गर्ने, कक्षा कोठामा | ० | ० | २४ | २४ | २४ | २४ | २४ | २४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारित मुल्याङकन व मापदण्डहरूको विकास र त्यसको बारेमा अभिमुखीकरण साथै विद्यार्थी प्रगतीको प्रगतिको प्रतिवेदन र सुझाव सङकलन) | | | | | | | | | |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षकको प्रमुख धर्म भनेको आफ्नो  पेशाप्रति  प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य  हो। शिक्षकले शैक्षिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षिक सामाग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्यङकनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्ने क्षमता शिक्षकमा आवश्यक छ।

यस योजनामा शिक्षकको गुणस्तर अभिबृद्धिका लागि शिक्षण पेशालाई रोजाईको पेशाकोरुपमा विकास गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सयोग प्रणालीलाई सुदृढ गर्ने, शिक्षक पेशागत विकासलाई प्रभाकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक व्यवस्थापन प्रणालीलाई प्राथमिकतामा राखिने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको विद्यमान अवस्थाको  समिक्षा गरी चुनौतिहरु पहिचान गरिएका छन। यसरी पहिचान गरिएका चुनौतिहरु विश्लेषण गरेर  शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभाकारी बनाउन पालिकाले कार्यक्रमको उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाईने रणनितिहरु, कार्याक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यरू समवेश गरिएको छ।

#### ४.२.१ वर्तमान अवस्था

शिक्षण पेशालाई प्रतिष्ठित र रोजाईको पेशाको रुपमा विकास गर्न  सोह्रौ आवधिक योजना २०८१-०८५ ले शिक्षण पेशामा अब्बल व्यक्तिहरुलाई आकर्षण गर्न शैक्षिक योग्यतामा उत्कृष्ठ अंक हासिल गरेको व्यक्तीलाई सोझै शिक्षण पेशामा प्रवेश गर्ने कानूनी व्यवस्था गरेको छ।  शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक नियुक्तिका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक नियुक्तीका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनु पर्ने, बढुवाका लागि निश्चित मपदण्ड पूर गर्नु पर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाको रूपमा लिईने अवस्था सुधार हुदै गएको छ।

शिक्षक सेवा आयोगद्धारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरुको उल्लेख्य उपलस्थितले यस सेवा प्रति शिक्षित युवाहरुको आकर्षण बढदै गएको छ । शिक्षक सेवा आयोगवाट नियुक्तिको लागि सिफारिस भएका शिक्षकहरुलाई पालिकाले विद्यालयमा नियुक्ती तथा पदस्थापन गर्ने कार्यको शुरुवात भएको छ ।

यस पालिकामा कुल २४ वटा विद्यालय रहेका छन जसमा माध्यमिक विद्यालय चार, आधारभूत विद्यालय उन्नाईस रहेका छन भने प्रारम्भिक बालविकास केन्द्र एक रहेको छ । सबै विद्यालयहरुमा आवश्यक विषयगत शिक्षकको कम मात्र रहेको, दरबन्दी अनुसार शिक्षक उपलब्ध नभएको, विद्यार्थीको अनुपातमा शिक्षक कम रहेका छन ।

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रको रुपमा शिक्षक रहन्छन । सिकारु र शिक्षक विचको अन्तरक्रियामा सिकाईको गुणस्तर निर्भर रहन्छ । शिक्षकले सधैनै आफुले अध्यपन गराउने विषयवस्तुमा गहिरो दख्खल भएको हुनु पर्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिवद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरु विचमा प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । शिक्षकले शैक्षिक योजना निर्माण, सिकवइ सहजीकरणको लागि शैक्षिक सामाग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङकन कार्यान्वयन गर्न सहजतरिकाले सम्पादन गर्न सक्नु पर्छ ।

शिक्षक सेवा आयोग नियमवली २०५७ अनुसार वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रको लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्तिले मात्र शिक्षकका लागि योग्यता पुग्छ । शिक्षा ऐन, २०२८ (संसोधित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रविणता प्रमाणपत्र तह उर्त्तीण वा कक्षा १२ वा अन्य प्रवीणता प्रमाणपत्र तह उर्त्तीण गरी १० महिन शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेको र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उर्त्तीण वा अन्यवाट स्नातक तह उर्त्तीण गरी एक वर्षे वि.एड.गरी अध्यापन अनुमति प्राप्त गरेको व्यक्ति मात्र शिक्षक नियुक्तीका लागि योग्य रहन्छन । यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यपन गर्नका लागि स्नातकोत्तर तह उर्त्तीण गरेर अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने व्यवस्था रहेको छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भै शिक्षक सेवा आयोगले गदै आएको छ ।

शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा निर्भर रहन्छ । शिक्षण विधि छनौट गर्दा सभवभएसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनु पर्छ, जसमा बढी भन्दा बढी बिद्यार्थीहरु सहभागि हुने वातावरण मिलोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको ज्ञान, रुचि, क्षमता, चाहना, उनिहरुको तहगतस्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ । बालबालिकाको सिकाइ उपलब्धी मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रवरूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूदायिक क्रियाकलापमा आधारित बनाउन केन्द्रित गर्छ । यसमा विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउन, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सृजना गर्ने प्रयास गरिएको छ ।

नेपालमा पेशागत पद्धतिको शुरुवात वि.सं. १९९८ सालमा चिफ इनिस्पेक्टर स्कूलको स्थापना सगै भएको पाईन्छ । राष्ट्रिय शिक्षक पद्धति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१- १९९१) र सो पश्चात नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरु कार्यान्वयनमा आए । प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास

परियोजना (१९८४-१९९१), आधारभूत तथ प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८ २०७२/०७३) हुदै हाल कार्यान्वयमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ ।

ग्रामीण विकासको लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना देखिनै नेपालमा शिक्षक पेशागत सयोगका लागि स्रोत केन्द्रहरू स्थापिव भएर क्रमश: तिनको सङख्या विस्तार गरेर १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सयोग प्रदान हुदै आईरहेको थियो ।

शिक्षक पेशागत सयोग स्रोत केन्द्र १०५३, अगुपा स्रोत केन्द्र ४६ र “क” शिक्षक तालिम केन्द्रहरु ९, “ख” शिक्षक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ वटा विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियिमत प्रधानध्यापक बैठक, शिक्षक अन्तक्रिया कार्याशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुदै आएका थिए ।

शिक्षण सिकाई क्रियाकलाप शिक्षकको क्षमतामा भर पर्छ । स्थानीय  सरकारले प्रदेश र केन्द्र सरकारसँग समन्वय गरी शिक्षक तथा कर्माचारीहरुको क्षमता विकासका लागि प्रमाणीकरण तालिम, पुर्नताजकी तालिम, अनुभव आदानप्रदान कार्यक्रम, स्थानीय आवश्कतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाई आदि । पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षाबाट कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ । यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसर उपलब्ध गराउन आवश्यक छ । शिक्षकको पेशागत विकास विभिन्न विधिहरु जस्तैः शिक्षक तालिम, कार्याशाला गोष्ठी,  सेमिनार, कन्फेरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरुको सिकाई सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङग आदि अवसरहरुबाट शिक्षकको पेशागत विकास गर्न सकिने अवस्थाहरु छन ।

शिक्षकहरुको उत्तरदायित्व पेशा प्रतिको ईमान्दारिताको महत्वपुर्ण कडी हो । शिक्षक बालबालिकाहरुको भविष्य, अभिभावकहरुको आशाको केन्द्र, परिवर्तनको सभावक र समाजको प्रतिष्ठित व्यक्ति हुन । असल शिक्षकको कारण शिक्षामा लिएको उद्देश्य पुरा हुने सभावना रहन्छ ।  शिक्षको आचरण समाजको अन्य वर्गका लागि अनुकरणीय उदाहरण बन्नु पर्छ । शिक्षकमा समाजको मर्गदर्शक, उपदेशक र उदाहरणीय व्यक्तित्वको भूमिका निर्वाह गर्ने नैतिवान र आदर्शका गुण रहन्छ ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासन र प्रधानध्यापक प्रति सदैव उत्तरदायी र जवाफदेही बन्नु पर्छ । शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफुले पढाउने र सिकाउने विद्यार्थी कार्य सम्पादन तथा मुल्याकन प्रति जवाफदेही हुनु तथा पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धीमा  भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीलाई गुणस्तरिय शिक्षा प्रदान गरि उनिहरुको जिवन सार्थक बनाउनु रहन्छ । विद्यालयको आचार सहिता पालना गर्दे दैनिक कार्यातालिका अनुसार अध्यपन गर्ने, विद्यार्थीको सिकाईको लेखाजोखा तथा मूल्याङन गरी त्यसको प्रतिवेदन प्रधानअध्यापकलाई पेश गरेमा शिक्षक आफनो जिम्मेवारी प्रति सजग र उत्तरदायी रहेको देखिन्छ ।

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षकको दरबन्दीको विवरण अनुसूचि १२ मा व्यवस्था गरिएको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र

सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ को लागि ८ जना शिक्षक रहने व्यवस्था सो नियमावली छ ।

**शिक्षक व्यवस्थापन मुख्य समस्या र चुनौतिहरुः**

१ शिक्षण पेशालाई सबैको रोजाईको विषय बनाउनु ।

२. शिक्षण सिकाइलाई केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु ।

३. शिक्षक पेशागत सयोगको सुदृढ प्रणाली स्थापना गर्नु ।

४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।

५. शिक्षकको पेशागत विकासको असर र विस्तार गर्ने ।

६. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयसेवक सूची प्रकाशित गर्ने ।

### ४.२.२ उद्देश्य

१ तहगत, कक्षागत, तथा विषयगतरुमा शिक्षकको व्यवस्थापन गर्नु

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु

३. शिक्षकका लागि निरन्तर पेसागत विकासकालागि अवसरहरुको सुनिश्चिता गर्नु

### ४.२.३ रणनीति

१ शिक्षक विद्यार्थीको अनुपातको आधारमा तहगत र विषयगतरूपमा शिक्षक दरबन्दी मिलान/पुनःवितरण तथा व्यवस्थापन गरिने

२. रिक्त दरबन्दीमा स्थानीय तहद्धारा शिक्षको व्यवस्थापन गरिने

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवि शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयमा ल्याउने

५. शिक्षको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

६. शिक्षक तथा प्रधानाध्यापकको बृत विकासलाई विद्यार्थीहरुको सिकाइ सुधारसग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

७ शिक्षा योजना शिक्षक व्यावसायिक विकासका ‍ रुपरेखा र राष्ट्रिय शिक्षक क्षमताका ‍ रुपरेखासँग मेल खाने बनाउने

८ समुदायमा विद्यार्थीहरूको पहिलो भाषामा पढाउन सक्षम स्थानीय शिक्षकहरूलाई नियुक्ति गर्न प्राथमिकता दिने

९ शैक्षिक सीप, ICT र यसको प्रयोगमा केन्द्रित निरन्तर शिक्षक विकासमा महत्त्वपूर्ण लगानी गर्ने

१० शिक्षकहरूलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउनर कार्यसम्पादन मूल्याङ्कन प्रणाली विकास गर्ने

११ शिक्षक विकास कार्यक्रमहरू सबै शिक्षकहरूको लागि पहुँचयोग्य बनाउने

१२ उल्लेखित सूचकहरू स्पष्ट रूपमा परिभाषित गर्ने

### ४.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागतरुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ ।

३ विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन तथा आपूर्ति हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तरोकिएका योग्यता प्रति शिक्षक तथा सहजकर्ताको सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २ | आधारभूत तहमा कार्यरत तकिएका योग्यता प्राप्ति शिक्षक (%) | ९२ | ९२ | १०० | ११५ | १२० | १२५ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ८ | ८ | १०१ | १२ | १४ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | २४ | २४ | ३० | ४० | ५० | ६० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएको विद्यालय | २४ | २४ | ३० | ४० | ५० | ६० |

### ४.२.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ०८३ | २०८३ /०८४ | २०८४/० ८५ | २०८५/० ८६ | २०८६/० ८७ | जम्मा | | |
| १ | शिक्षक नियुक्ती | सख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तीलाई शिक्षण पेसामा सहभागिता गराउन क्षमता अभिवृद्धि | पटक | २ | २ | २ | २ | २ | १० | ५ | |
| २ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय बृद्धि | घण्टा | २० | ३० | ३० | ४० | ४० | १६० | २०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयमा आधारित शिक्षक पेशागत सहयोग | संख्या | १० | १० | २० | २० | २० | ८० | १०० | |
| ४ | शिक्षक योग्यता र वितरणको अध्याविधक मापदण्डको आधारमा शिक्षक व्यवस्थापन (पुनर वितरण र समायोजन) | संख्या | ० | १ | ० | १ | १ | ३ | ५ | |
| ५ | नयाँ नियुक्ति भएका शिक्षकरुलाई सेवा प्रवेश तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | १५ | |
| ६ | शिक्षकहरुलाई ICT मा आधारित तीन दिने Online/Offline सिकाई सम्बन्धी तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | १५ | |
| ७ | सबै प्रकारका शिक्षक तालिम सञ्चालनका लागि १० दिन प्रशिक्षक प्रशिक्षण तालिम (TOT) | संख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | १०० | |
| ८ | प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई | संख्य | ० | ६ | ३ | ४ | ५ | १८ | १८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Teacher's Time on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | | | | | | | | | |
| १० | विद्यालयमा आधारित अनुगमन तथा सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | संख्या | ० | ० | १ | १ | १ | ३ | ३ | |
| ११ | नया भर्ना हुने ECED Teachers/ Facilatotars हरूलाई १५ दिन (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | संख्या | ० | १ | १ | १ | १ | ४ | ५ | |
| १३ | हाल कार्यरत सबै ECED Teachers/ Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ वर्षमा पुर्नताजकी तालिम प्रदान गर्ने | सख्या | २० | २० | २० | २० | २० | १०० | १०० | |
| १४ | आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई | सख्या | २ | २ | २ | २ | २ | १० | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेतृत्व विकास तालिम प्रदान गर्न (जस्मा १५ दिन तालिम Face to Face दिन र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यसात्मक रुपमा दिने) | | | | | | | | | |

**४.३ शैक्षिक समता र समावेशिकरण**

पटेर्वा सुगौली गाउँपालिकको समुदायमा विविधता रहेको छ। यहाँ विभिन्न धर्म, सस्कृति तथा जातजातिहरुको समूदायको बसोबास रहेको छ। यसका प्रमुख समुदायहरुमा चौधरी, तेली र यादवहरु रहेका छन। साक्षरताको आधारमा हेर्दा पुरुषको भन्दा महिलाको २०.२ प्रतिशत कम रहेको छ। यहाँ मुख्य भाषाको रुपमा भोजपुरी रहेका छन। यस दलित समुदायका बालबालिकाको विद्यालयमा पहुँच हुन सकेको छैन। विद्यालयमा लक्षित समुदायलाई छात्रबृद्धिको व्यवस्था भएपनि अभिभावकमा चेतनाको अभाव र गरिबिको कारण प्रभावकारी बन्न सकेको छैन। पाठ्यपुस्तकहरु समय पाए पनि विद्यालयमा भर्ना हुने, छात्रबृति र पोषाक पाउने बेलामा मात्र विद्यालय आउने अरुवेला नआउने अभ्यास बढी रहेको छ। समुदायमा छोरालाई निजि स्कुल र छोरीलाई सामुदायिक विद्यालयमा पठाउने गरेका छन।

विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक कमी रहेका, दरबन्दी अनुसार शिक्षक नभएको,विषयगत शिक्षकको अभाव रहेको र शिक्षाको गुणस्तरमा सोचे अनुसार सुधार हुन सकेको छैन। विशेष गरेर दलित तथा पिछडीएका समुदायमा बाल विवाह र आफै विवाह गरेर जानेको संख्या पनि उत्तिनै छ। यद्यपी गाउँपालिकाले लक्षित समुदायलाई आय आर्जनको कार्यक्रममा सहभागी गराई उनिहरुको बालबालिकालाई विद्यालय पठाउन पहल शुरु गरेको छ।

**४.३.२ उद्देश्य**

१ लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशीरूपमा समतामूलक पहुँचको सुनिश्चित गर्ने,

२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागित बृद्धि तथा सिकाइ उपलब्धी सुधार गर्ने,

३. विद्यलयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थित, सहभागिता र सिकाइ सहज हुने वातावरण सृजना गर्ने।

**४.३.३ रणनीति**

१ विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ् मैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने ,

२. अपाङ्गता भएकाको प्रारम्भिक लेखाजोखा (Disability Screening) गरी अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको व्यवस्थापन गर्न वा तत सम्बन्धी विद्यालयहरुसग समन्वय र सहकार्य गर्ने,

३. छात्रबृतिका लागि विपन्न समुदायलाई लक्षित गरी आर्थिक रुपमा विपन्न, सुविधाविहीन, कठिन परिस्थितमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने वातावरण बनाउने,

४. शिक्षामा पहुँच र समावेशीकरण सम्बन्धी कार्यविधि वा निर्देशिका तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रबूद्धि प्रदान गर्ने,

५. विद्यालयमा सरसराई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रवन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ,

६. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदानलाई प्राथमिकतामा राख्ने,

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजननु स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाईलाई जिवनउपयोगी सिपसग जोड्ने,

८. सिकाइ क्रियाकलापलाई सहभागिमूलक बनाइ विद्यार्थीको आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गर्ने तथा विद्यालयमा कुनै प्रकारको विभेद, दुर्व्यवहार, बहिस्करण र हेपाह नहुने सुनिचिश्तता सहित बालमैत्री वातावरण सृजना गर्ने,

९. सबै विद्यालयहरुमा लैङगिक सम्पर्क व्यक्ति व्यस्था गर्ने,

१० शिक्षा योजनामा सीमान्तकू समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने स्पष्ट रणनीति,छात्रवृत्ति निर्देशिकाहरू रमापनयोग्य लक्ष्यहरू बनाउने

११. योजनामा विद्यालयहरूमा लैङ्गिक हिंसालाई सम्बोधन गर्ने

१२. असमानताहरू पहिचान गर्ने र प्रगति अनुगमन गर्ने तथ्यांक (जस्तै, लैङ्गिक, अपाङ्गता, जातीयताद्वारा) को सङ्कलन र विश्लेषण

**१३.** सीमान्तकृत विद्यार्थीहरूलाई सहयोग गर्न स्थानीय गैरसरकारी संस्थाहरू वा समुदायमा-आधारित संस्थाहरूसँग साझेदारी गर्ने योजना

१४. विद्यालय नेतृत्व, शिक्षक र अभिभावकहरूलाई समावेशीकरणका विषयमा शिक्षित गराउने

### ४.३.४ प्रमुख उपलब्धी तथा नतिजा

उपलब्धी

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धीमा सुधार आएर शिक्षाको गुणस्तर बढेको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २६५ | २६५ | २३० | २०० | १५० | १०० |
| २ | आधारभूत तहमा लैङ्गिक समनता सूचक | १.१३ | १.१३ | १.१३ | १.१३ | १.१३ | १.१३ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.१३ | १.१३ | १.१३ | १.१३ | १.१३ | १.१३ |

**४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट बन्चित हुनाका कारण पहिचान गरी वैत्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमामा गरी कार्यान्वयन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बालबालिकाको स्वास्थ्य परीक्षण गरी अपाङ्ताको आधारमा वर्गीकरण र अभिलेखिकरण गरी उपर्युक्त शिक्षाको व्यवस्था तथा समन्वय गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | बालबालिकाको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणको विषयवस्तुलाई समावेश गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ सस्थाविच जवाफदेही सहितको कार्यगत समन्वय गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | कार्यविधि वा निर्देशिका अनुसार ◌् छात्रबृद्धिका | विद्यार्थी सख्या | २०० | २०० | ३०० | ३०० | ३०० | १३०० | १५०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि विद्यार्थीको छनौट तथा छात्रबृद्धि वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवसीय ् छात्रबृद्धि समेत) | | | | | | | | | |
| ६ | अपाङ्तामैत्री विद्यालय सङ्ख्या | सख्या | २ | २ | २ | २ | २ | १० | १४ | |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

प्राथमिक विद्यालयमा खाजाको व्यवस्थाको  निश्चित जिल्लामा विश्व खाद्य कार्यक्रमको अनुदान शुरुवात नेपालमा सन १९७४ भएको थियो । सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था हाल निरन्तर छ । यसलाई यस गाउँपालिकाले पनि गरिरहेको छ। नेपालको सोह्रौ आवधिक योजनाले पनि शिक्षा क्षेत्रमा मुख्य रणतिक दस्तवेजले पनि दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने  विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनिहरुलाई  विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धी हासिल गर्न दिवा खाजाले योगदान पुर्याएको छ ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनिहरुको संज्ञात्मक क्षमता, शैक्षिक उपलब्धी, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनिहरुको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाउनु पर्छ । वार्षिक स्वास्थ्य  परीक्षण, अर्धावार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्याक्रम स्वास्थ्य क्षेत्रवाट सञ्चालन भएका छन ।

विद्यालयमा हुने सरसफाई र स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाकाक्ष स्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव पार्ने प्रष्ट छ । यसले बालबालिकाको भावि जिवनको लागि सरसफाई तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नका साथै परिवार तथा समुदायमा पनि सकारात्मक प्रभाव पार्छ  ।

### ४.४.१ वर्तमान अवस्था

पटेर्वा सुगौली गाउँपालिकामा २४ वटा सामुदायिक विद्यालयहरु रहेका छन । पालिकाले सबै सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई खाजाको व्यवस्था गरेको छ ।  बालबालिकालाई बजेटको सिमाभित्र रहेर स्वास्थ्य र पौष्टिक युक्त खाजा खुवाई रहेको छ । सबै विद्यालय भित्रको सरसफाई हप्तामा एक पटक नियमितरुपमा हुने गरेको छ । पालिकाले सबै विद्यालयहरुमा बर्षमा २ पटक स्वास्थ्य जाँच गराउने गरेको छ ।

चुनौति र अवसर

१ स्थानीय उत्पादनसग खाजा कार्यक्रम जोड्न,

२ दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका प्रभावकारीहरुलाई व्यवस्थापन,

२ सबै विद्यालयमा स्वस्थ्यकर्मीको व्यवस्थापन गर्ने,

३. विद्यालय खाजाका लागि उर्पयुक्त स्वरुप धारण गरी पौष्टिक तथा स्वास्थकर विद्यालय खाजा सुनिश्चित गर्न,

४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,

५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानिय कृषि उत्पादन तथा व्यापारसँग जोडने,

६. सरसफाई तथा स्वच्छताको लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

**४.४.२ उद्देश्य**

१ बालबालिकालाइ स्वस्थय एवम् पोषणयुत्त तथा रैथाने पौष्टक खाना प्राप्तिको सुनिश्चता

२. स्वास्थ्य, पोषण र सरसफाई तथा सच्छतासम्बन्धी सेवाको गुणस्तर बृद्धि गरि बालबालिकाको पोषण, स्वास्थ्य र शिकाई उपलब्धीमा सुधार गर्नु

३. दिवाखाजालाई स्थानीय उत्पादनसग जोड्ने

**४.४.३ रणनीति**

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्णमा बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको व्यवस्थापन गर्ने
- खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने
- विद्यालयमा विद्यार्थीको संख्यको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सरसफाई सामाग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग सौचालय तथा युरनल, किशोरीहरुकाला लागि चेन्जरुम, प्रयोग भईसकेको सामाग्री व्यवस्थापन, हात धुने ठाउ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाई प्रवन्ध र घेराबाराको व्यवस्था गर्न ।
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने
- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनाका लागि तीनै तहका सरकारहरूसग साझेदारी विकास, निजी सामाजिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोग वातावरण तथा संयन्त्रको विकास गर्ने
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसराइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने

**४.४.४ प्रमुख उपलब्धी तथा नतिजा**

उपलब्धी

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिबृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएक बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्न कक्षा | कक्षा ५ सम्म | कक्षा ५ सम्म | कक्षा ५ सम्म | कक्षा ५ सम्म | कक्षा ५ सम्म | कक्षा ५ सम्म |
| ४ | बार्षिकरूपमा विद्यार्थीहरुलाई नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ४ | १० | १५ | २० | २४ | २४ |
| ५ | बार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण परीक्षण गर्ने विद्यालयको सख्या सङख्या | ० | १० | १५ | २० | २४ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेरोकारवालाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ८ | ८ | १२ | १६ | २० | २४ |
| ७ | नरसिह सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ० | ० | १ | १ | १ |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | दिवा खाजाकालागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको व्यवस्थापन | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | १ सेट | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको व्यवस्था | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | विद्यालयमा विद्यार्थी सङ्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सरसफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र | संख्या | २ | ४ | ४ | ४ | २ | १८ | ६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | र छात्राका लागि अलग अलग शौचालय | | | | | | | | | |
| ४ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी सच्छताका लागि स्यानेटरी प्याड व्यवस्था | सख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी र सूक्ष्मपोषक तत्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ६ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशिलता

विपतको अवस्थामा परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द, महामारी तथा प्रकोपको अवस्थामा पनl बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गदै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम बुझिन्छ । यसले मुख्यरुपमा परिस्थितिजन्य कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बन्धित व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जना भएको संकटको व्यवस्थापन, सामाजिक द्वन्द् तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षा राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस सन्दर्भमा सभावित जोखिमको पूर्ण तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ । आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरेपछि यसलाई थप प्रभावकारी बनाउने कार्य शुरु भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तरराष्ट्रिय कानूनहरु, विश्वव्यापी घोषणाहरू, अन्तराष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा

प्रतिवद्धताहरुबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरुले आफनो नीति, कानुन तथा योजनाहरूमा परिस्थितन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छन :

क) प्राकृतिक प्रकोप: भूकम्प, बाढी, हावाहुरी, आगोलागी, चट्याङ्क, खडेरी, दुर्घटना, शितलहर, लु आदि ।
ख) महामारी: झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्ग्गु, टाइफाइड, हेपाटाइटिस, बडफ्लु, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड, सर्पदंश आदि सरूवा रोगहरू ।
ग) युद्ध, द्वन्द्, व्यवस्थापन: आन्तरिक तथा बाह्य युद्ध, (साम्प्रदायिक, धार्मिक, राजनीतिक) - युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको व्यवस्थापन तथा आन्तरिक तथा बाह्य स्थानान्तरणको अवस्थामा समेत बालबालिकाले शिक्षा प्राप्त गने अधिकारलाई सुरक्षित राख्ने।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्ष तथा सुविधाविहीन तथा अपाङगताहरूको लागि निःशुल्क उचित शिक्षाको सुनिश्चतताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुरव्यवहारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्त, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चत गरेको छ ।

यस गाउँपालिकामा पनि विभिन्न समयमा विपद तथा संकटको सामना गरिरहेको छ । यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिने तथा विपद तथा संकटको समयमा पनि विचलित नभई सोको व्यवस्थापन र न्यूनीकरण गर्न योजनाको रुपमा शिक्षा प्रदान गरीदै आएको छन । उदाहरणका लागि कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चत गरी सिकाइलाई निरन्तरता दिएको छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणाली मार्फत विद्यालयमा समाजिक दूरी कायम गदै शिक्षण सिकाइ समेत भएको थियो ।

### चुनौती र अवसर

- आपतकालिन अबस्थामा पनि निरन्तर सिकाइ सहजीकरण हुने वातावरण तयार गर्नु ,
- आपतकालिन अवस्थाको लागि पुर्व तयारीको अभ्यास गर्नु,
- संकटकालिन अवस्थामा पनि सिकाइ सहजीकरण गर्न आवश्यक स्रोत साधनको ब्यवस्था गर्नु,
- योजना निर्माण प्रक्रियामा सहभागी

### ४.५.२ उद्देश्य

१ विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु

२. संभावित विपतको व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानविय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिको सिक्न पाउने अधिकारकरो सुनिश्चित गर्नु

### ४.५.३ रणनीति

१. विपतको समयमा शिक्षा निरन्तरता दिनमा पूर्वतयारी, व्यवस्थान, प्रतिकार्यमा र पुर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने

२. संभावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी गराउने

३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी  गर्ने

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने

५. शिक्षा क्षेत्रमा प्रभावित पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वमानुमान तथा त्यसको प्रभाकारी मूल्याङ्कन तथा विश्लेषण गर्ने

६. विद्यालयस्तरीय प्रतिकार्यमा योजना तयार गर्ने

७. स्थानीयस्तरमा शिक्षण समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने

८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यन्न, पोषाक तथा अन्य राहत सामग्रीको व्यवस्थापन गर्ने

९ विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने

१०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजीकरण सिमित र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङङ्गिक समता तथा सामाजिक समावेशिकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बनपक्समबन्धी काम, अनुगमन तथा निरिक्षण गर्ने

११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिरो विकासका निम्ति कार्यक्रम सञ्चालन गर्ने

### ४.५.४ प्रमुख उपलब्धी तथा नतिजा

उपलब्धी

१. विपत् व्यवस्थापन प्रतिकार्यका लागि योजना लगायत संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

२. सभावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानविय तथा आर्थिक स्रोतको  व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालीन अवस्थामा बैकिल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | (२०८१/८२) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवनसिप सहित आगोलागि, कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| २ | हरित विद्यालयको संख्या | ० | १ | २ | २ | २ | २ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासकाका बारेमा नियमित अन्तरक्रिया गर्ने विद्यालयको संख्या | २ | २ | २ | २ | २ | २ |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | आवश्यकता अनुसार | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | नियमित | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य , पुर्नसस्थापना | सख्या | २ | २ | २ | २ | २ | १० | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | | | | | | | | | |
| ४ | शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम | सख्या | १ | ० | १ | ० | १ | ३ | ५ | |
| ५ | विपत् प्रतिरोध विद्यालयको संख्या | संख्या | ० | ० | १ | ० | १ | २ | ५ | |
| ६ | बैकल्पिक शिक्षा प्रणालीको विकास | संख्या | १ | ० | ० | ० | ० | १ | १ | |

**४.६ विद्यालय भौतिक पूर्वाधार विकास**

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । बालबालिका विद्यालयमा निर्माणका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षा कोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत सरचना हुन । राष्ट्रिय शिक्षा निति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

यस गाउँपालिकामा कूल २४ वटा सामुदायिक विद्यालय रहेका छन। सामुदायिक विद्यालय तर्फ ६२ भवन रहेकोमा १८६ वटा पक्की भवन छन्। यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १८ छात्र शौचालय २४ तथा महिला शिक्षक शौचालय १५ वटा छन्। सबै विद्यालयमा खानेपानीको आफनै श्रोत छ। पालिका भरिमा १८ वटा विद्यालयमा विजुली पुगेको छ, १५ वटा विद्यालयमा न्टरनेट पुगेको छ , भने १० वटा विद्यालयमा घेराबार भएको र केही विद्यालयमा निर्माण हुने क्रममा रहेका छन्। यस पालिकाका सबै विद्यालयहरूमा शौचालय भए पनि धेरै जसोमा पानीको राम्रो व्यवस्था नहुदा दुरगन्धित रहेको छ। स्वच्छ पिउने पानीको व्यवस्था राम्रो छैन। खेलकुद कोठा, स्वास्थ्य कक्ष लगायत अन्य भौतिक पुर्वाधारहरुको अभाव रहेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्याथी संख्याका आधारमा बन्नु पने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अन्तर क्रियाकलाप तथा खेलकूद कक्ष, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) उचित ब्यवस्थापन गर्नु यस पालिकाको प्रमुख प्राथमिकतामा रहेको छ ।

चुनौति र अवसर

१ भौतिक पूर्वाधारको विकास र विस्तारमा मूलत स्रोत साधन क्षमता समन्वय तथा त्यसको नियमित संभार तथा उपयोगमा पालिकाको भूमिकालाई बनाइ राख्नु,

२. पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवादेही बनाउनु,

३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्नु,

४. पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु,

५ विद्यालयको क्षेत्रफल थोरै हुने

**४.६.२ उद्देश्य**

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पुर्वाधार विकास गर्नु

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु

३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्शमा गर्नु

**४.६.३ रणनीति**

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थीको सख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्यमा एकै पटक गर्ने गरी पूर्णमा विद्यालय निर्माणको  अवधारणा कार्यान्वयन गर्ने

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागि साझेदारीका आधारमा श्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सवलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत सम्भार गर्ने

५. पूर्वाधार निर्माणसगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्धार प्रणाली अपनाउने

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

**४.६.४ प्रमुख उपलब्धी तथा नतिजा**

उपलब्धी

१. माग र आवश्यकताको आधारमा विद्यालयका पुर्वाधार विकास एवम विस्तारका लागि मापदण्ड अनुसार १० वर्षे गुरु योजना तयार भएको हुनेछ ।

२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा मापदण्ड विकास भएको हुनेछ ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यक्रमको प्रारुप विकास भएको हुनेछ ।

४. सबै विद्यलयमा प्रयाप्त भौतिक संरचना निर्माण हुनेछ

६. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरिक्षित हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | भुकम्प प्रतिरोधी विद्यालयको निर्माण | ४ | ४ | ४ | ४ | ४ | ४ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठाको सङ्ख्या | १० | १० | २० | २० | २० | २० |
| ३ | सवलीकरण गर्नु पर्ने कक्षाकोठाको संख्या | २० | २० | ३० | ३० | ४० | ४० |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालयको सङ्ख्या | ४ | २ | ४ | २ | २ | २ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालयको सङ्ख्या | २ | २ | ३ | ३ | ३ | ३ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | संख्या | २ | २ | २ | २ | २ | १० | २४ | |
| २ | विद्यालयको सवलीकरण | सख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | २४ | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत संभार र फर्निचर व्यवस्थापन समेत | विद्यालय संख्या | २ | २ | ३ | ३ | ३ | १३ | २४ | |
| ४ | छात्र र छात्रालाई अलग्गै शौचालय तथा पानी तथा | विद्यालय संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | २४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सरसफाइको प्रबन्ध | | | | | | | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय संख्या | २ | २ | २ | ३ | ४ | १५ | २४ | |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण | विद्यालय संख्या | ० | १ | ० | २ | ० | ३ | २४ | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजुसूची भर्ने | विद्यालय संख्या | ० | २४ | ० | ० | ० | ० | २४ | |

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

विद्यमान युग सूचना तथा प्रविधिको युग हो । सामान्यतया सूचना तथा प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधको प्रयोग गरेर भण्डारण, सम्पादन, सम्प्रेषण ,संग्रह र प्रवाहलाई बुझिन्छ । अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण नभए विकास सभाव छैन । विश्वका शक्तिशाली राष्ट्रिहरु विश्व बजारमा आफनो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफनो प्रविधिलाई कसरी विश्व बजारमा अगाडी लैजानेमा प्रतिस्पर्दा भईरहेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोलिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ । यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ । वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गदै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिनुका विकल्प छैन ।

#### ४.७.१ विद्यमान अवस्था

यस पालिकाको २४ वटा विद्यालयहरुमा विद्युतको पहुँच पुगेको छ । उक्त विद्यालयहरुमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा ईन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः १५ वटा रहेका छन ।यस पालिकमा ११ र १२ कक्षा विद्यार्थीहरुलाई तीन महिना कम्प्युटर केही बाहेक सबै शिक्षकहरु प्रविधिको पहुँच भन्दा टाढा रहेका छन ।

**चुनौति र अवसर**

१. सूचना तथा सञ्चार प्रविधी सम्वन्धी आधाभूत संरचना जस्तैः विद्युत, इन्टरनेट कनेक्टिभिटि लगायतका प्राविधिक पुर्वाधारको पहुँच सबै विद्यालयमा पुर्याउने,

२. सूचना तथा सञ्चार प्रविधी सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्ने,

३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट क्षमता अलिवृद्धि र डिजिटल भिन्नता कम गर्नु

४. अपांगता भएका व्यक्तीका लागि उपर्युक्त हुने गरी सामग्री विकास र प्रयोग गर्नु,

५. अन्तरक्रियात्मक स्टवेयरमा लाग्ने खर्च व्यवस्थापन गर्नु,

६. सूचना तथा सञ्चार प्रविधीको लागत प्रभावकारीता बृद्धि गर्ने

७. सवै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थापन गर्नु

८. इन्टरनेट सेवा प्रदायक संस्था र गाउँपालिका विचमा समन्वय स्थापना गर्नु,

**४.७.२ उद्देश्य**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रभावकारी पहुँच पुर्याउनु

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

**४.७.३ रणनीति**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने

५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने

६. कम्पयुटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टविहिन तथा सुनाइ क्षमता कम्जोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्वय सामग्रीको उचित प्रवन्ध र प्रयोग गरिने

**४.७.४ प्रमुख उपलब्धी तथा नतिजा**
**उपलब्धी**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुनेछ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगिबाट विद्यार्थीको सिकाई उपलब्धीमा सुधार आएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३ | ३ | ५ | १० | सबै | सबै |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ३ | ३ | ५ | १० | सबै | सबै |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गरिने विद्यालयको सङ्ख्या | ३ | ३ | ५ | १० | सबै | सबै |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको सख्या | ३ | ३ | ५ | १० | सबै | सबै |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ६ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | २ | २ | ३ | २ | २ | २ |
| ७ | सामुदायिक सूचना केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | IEMIS व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

#### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | सख्या | ० | १ | १ | १ | १ | ४ | २० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | २४ | |
| ३ | शिक्षक क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन,डिजिटल ल्याव स्थापना | सख्या | २ | २ | २ | २ | २ | १० | सबै | |
| ५ | प्रत्येक विद्यालमा अन्तरक्रियात्यामक डिजिटल सामग्री उपलब्धता | सख्या | ० | १ | १ | १ | १ | ४ | सबै | |
| ६ | IEMIS व्यवस्थापन | सख्या | १ | १ | १ | १ | १ | ५ | सबै | |
| ७ | तथ्याङक पद्धति पूर्ण पेपर लेस | सख्या | ० | ० | १ | ० | १ | २ | सबै | |
| ८ | सामुदायिक सिकाइ के न्द्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ९ | सूचना र प्रविधिमा व आधारित शिक्षक सहायता प्रणालीको | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास तथा सञ्चालन | | | | | | | | | |

## परिच्छेद ५ : अन्य उपक्षेत्र

पटेर्वा सुगौली गाउँपालिकाले निर्मण गरेको शिक्षा क्षेत्रको योजनाले ल्याएको दूरदृष्टि, दीर्घकालिन सोच, उद्देश्य तथा रणनितिक आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ। यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धी तथा सुचकहरु निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्ष नतिजा आंकलन गरिएको छ भने १० वर्षमा हुने नतिजा पनि प्रक्षेपण गरिएको छ । नतिजा खाँकामा उपलब्धी, उपलब्धीका सूचकहरु तथा तिनको सङख्यात्मक मान, सूचना प्राप्त हुने श्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धी मापन गर्ने सख्यात्मक साधन हो ।यसबाट योजनाको समग्र तथा उपक्षेत्रगत उपलब्धी मापन गर्न  सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सृजना गर्नुका साथै अनुगमन तथा मुल्याकनको मापदण्ड निर्धारण गर्न सहयोग पुर्याउछ । यसवाट योजनाको अपेक्षा उपलब्धीका लागि  पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्त गर्न सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग पुर्याउछ ।

यस परिच्छेदमा योजनाको समग्र खाका अन्तर्गत अपेक्षित प्रभावको आकलन, उपलब्धीहरु तथा उपलब्धीका सूचकहरु समावेश गरीएको छ । त्यसै गरी यसमा मुख्य कार्यसम्पादक सूचकहरुरू तथा कार्याक्रम नतिजाको ढाचाँ पनि  प्रस्तुत गरिएको छ।

### ५.१ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएको समग्र नतिजा खाका अन्तरर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यस प्रभाव वा गन्तव्य उल्लेख छ । त्यसै गरी योजनाको तत्कालिन, मध्यकालिन र दीर्घकालिन तथा उपलब्धीहरु उल्लेख गरीएको छ भने उपलब्धीका नतिजाका सूचकहरु तथा नतिजाको सत्यताका श्रोत स्रोत तथा तरिकाहरुपनि उल्लेख गररएको छ । यस पछिका दुई तालिकामा नतिजाका प्रमुख सूचकका मुख्य कायासम्पाद सूचकहरु र कार्यक्रम नतिजाका सूचकहरु समावेश गरिएका छन ।

**तत्कालीन उपलब्धी**

योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धीहरु

| क्र स | उपलब्धी | नतिजा सूचक | श्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | • प्रमुख कार्या सम्पादक सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• बार्षिक स्थति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षाको नतिजा विश्लेषण |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | सामुदायिक पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | स्थानिय पाठ्यक्रम कार्यान्वयन | | |
| ६ | निरिक्षणको विवरण सकलन | | |
| ७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |
| ८ | विद्यालयको मर्मत सम्भार | | |
| ९ | ई-पुस्तकालय स्थापना, अध्यावधिक र विस्तार | | |
| १० | मन्टेश्वरी कक्षा सञ्चालन | | |

**मध्यकालीन उपलब्धी**

| क्र स | उपलब्धी | नतिजा सूचक | श्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | • प्रमुख कार्यसम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचक व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन<br>• वार्षिक परीक्षको नतिजा विश्लेषण |
| २ | प्राविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयसेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रबृत्ति वितरण | | |
| ६ | आवसीय विद्यालय मार्फत छात्रबृत्ती | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार विकास | | |
| ८ | विद्यालयमा सूचक तथा सञ्चार प्रविधिको विकास | | |

**दीर्घकालीन उपलब्धी**

| क्र स | उपलब्धी | नतिजा सूचक | श्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै विद्यालयहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | • प्रमुख कार्या सम्पादनका सूचकहरु<br>• कार्याक्रम नतिजा सूचक | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेद<br>• वार्षिक अनुगमन प्रतिवेदन<br>• विभिन्न तहका वार्षिक प्रतिवेदन<br>• वार्षिक  परीक्षाको नतिजा विश्लेषण |
| २ | अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच , सहभागिता र गुणस्तर अभिबृद्धि गरिने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार ल्याउने। | | |
| ४ | सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने | | |
| ५ | विद्यालय तहमा रहेका आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दंभिक तथा मूल्याङन प्रणाली प्रभावकारी भई दैनिक जिवनका लागि आवश्यक व्यवहारिककुशल तथा जिवनउपयोगी सिपहरु समावेश हुने स्थानीयकला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथव ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारउन्मुख नागरीक तयार सहयोग हुने | | |
| ६ | प्रविधिमैत्री , क्षमतावान र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाईमा सुधार आउने । | | |
| ७ | सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तिनको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित गर्ने। | | |

| | | | |
|---|---|---|---|
| ९ | विद्यालयमा  अध्ययन गर्न  सबै बालबालिका स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाई प्रति सचेत हुने | | |
| १० | आर्थिक अभाका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बन्चित नहुने | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गरी अधिकालाई सुनिश्चत गरीने। | | |
| १२ | सबै  विद्यार्थीहरुलाई  सुरक्षित र उपर्युक्त भौतिक वातावरण अध्ययन गर्ने अवसर हुने । | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री र वातावरण निर्माण भई विद्यालय शिक्षको व्यवस्थापनमा सुधार ल्याई सुशासन प्रवर्धन गर्ने | | |
| १४ | शिक्षक सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई  बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयन समस्या तथा चुनौतिहरु  सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि     पृष्ठपोषण प्राप्त हुने। | | |

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

समयको आफनो चक्र हुन्छ । समय सधै एकनास रहदैन बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङख्यात्मक विस्तार ,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रर्वधन गर्नु आवश्यक छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रर्वधनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रर्वधन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रर्वधन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

### ६.१ शिक्षा व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ वर्तमान अवस्था

विद्यमान अवस्थामा शिक्षा क्षेत्रको विकासका लागि संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहका विभागिय रुपमा शिक्षा तथा मानविय श्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन । त्यसैगरी स्वायत्त निकायका रुपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशिल रहेका छन ।

साथै प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय ईकाइ, प्रत्येक पालिकामा शिक्षा शाखा स्थापना गरिएको छ । पालिका स्तरमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयमा रहेको छ । त्यस्तै गरी स्थानीय तहले आफनो शिक्षा ऐन र नियमावली पनि ल्याएका छन ।

विद्यमान अवस्थामा यस गाउँपालिका सबै विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको, नियमितरुपमा लेखा परिक्षण गरी अभिभावकहरुलाई बार्षिक उत्सवको कार्यक्रम मार्फत जानकारी गराएको, सामाजिक परिक्षण नियमित भएको, सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहेको, शिक्षक भर्ना गर्दा पारदर्शी ढंगबाट गरिएको, गुनासो सुनवाई सयन्त्र निर्माण भएको, पालिकाले नियमितरुपमा विद्यालयको अनुगमन गर्ने गरेको साथै शिक्षालाई नियमित र व्यवस्थित गर्न शिक्षा सम्बन्धी ऐन र नियमावली कार्यान्वयनमा ल्याएको छ ।

**चुनौती तथा अवसर**

- संविधानले तोकेका स्थानीय तहका अधिकार सूचीहरुलाई कार्यान्वयन गर्ने,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले गर्ने कार्यहरु किटानी साथ सुनिश्चित गर्न ,
- शैक्षिक तथ्याङ्क, सङ्कलन, सूचना संकलनका साथै प्रवाहीकरण गर्न,
- शिक्षामा पारदर्शी, जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व बोध र प्रयोग गर्न,

- सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनवाई, गुनासो सुनवाई र कार्यहरुको सञ्चार तथा सूचना प्रविधिको उपयोग भई सार्वजनिक सूचना प्रवाह गर्ने ,
- विद्यालय तथा शैक्षिक संस्थाहरुको निरीक्षण, अनुगमन सुपरीवेक्षण जस्ता कार्यमा प्रणालीगत व्यवस्था,
- सुशासन कायम गर्ने संख्या नेतृत्वहरु सक्षम र जनमुखि बनाउन संस्थागत/प्रणालीगत विकास गर्ने,
- शिक्षामा विकेन्द्रीकरण कार्य-अधिकार र कर्तव्य विचमा सामनजस्यता ल्यालाउन,
- सुशासन सम्बन्धी स्पष्ट कानुन नहनु र भएको ऐन, नियमको पालन पूर्ण पालना गर्न ,
- अनावश्यक राजनैतिक हस्तक्षेप कम गर्न,
- उपलब्ध मानवीय संसाधन, भौतिक साधन र स्रोतको पालन उचित प्रयोग र परिचालन गर्ने,
- पर्याप्त रुपमा सूचना र प्रविधिको विकास र प्रयोगमा गर्ने,
- अनुगमन, निरीक्षण र सुपरिवेक्षण कार्य प्रभावकारी हुन नसक्नु,
- समुदाय भित्रका विद्यालय उमेरका सबै बालबालिकालाई अझ पनि विद्यालय शिक्षाको पहुँमा ल्याउन,
- विशेष प्रकृतिका बालबालिका लागि उपयुक्त शैक्षिक वातावरणमा समायोजन हुन सक्नु ,
- बुद्धिजीवि, शिक्षाप्रेमी, नागरिक समाज, पत्राकार जनप्रतिनिधि, अभिभावक विभिन्न क्षेत्रका आवद्ध पेशाकर्मी तथा व्यवसायिहरु आदिको भूमिका सशक्त बनाउदै लैजानु ,
- शिक्षामा आधुनिक सूचना सञ्चार प्रविधिको अधिकतम उपयोगमा सीपगत-प्राविधिक कठिनाइ रहनु
- बिद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गठन
- बिद्यालयमा अभिभावकको न्युन सहभागित हुनु

### ६.१.२ उद्देश्य

१. स्थानीय तहमा आवशयक पर्ने जनशक्तीको व्यवस्थापन गर्ने

२. जनशक्तिका लागि संस्थागत क्षमता अभिबृद्धि गर्ने

३. आवशयक स्रोत साधनको व्यवस्थापन गर्ने

### ६.१.३ रणनीति

१ स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक निति तर्जुमा

२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने

४. स्थानीय तहमा शिक्षा पेसागत सहयोग प्रणाली स्थापना गर्ने

५. प्रानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने

६. कार्यक्रमको प्रभावकारी ढङ्बाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

### ६.१.४ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धी

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ

३. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा बृद्धि भएको हुनेछ

४. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचक | आधार वर्ष (२०८२/८३) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) | (२०८६/८७) |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यलयमा नेतृत्व तथा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानअध्यापकको संख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानअध्यापकको संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानध्यापक तथा प्राचायमा नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | सख्या | ० | १ | ० | १ | ० | २ | २ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ५ | विद्यालय कार्यसम्पादन एवम स्वमूल्याङ्कन गर्न, गराउने | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ६ | शिक्षा तालिम केन्द्रको स्थापना | सख्या | १ | ० | १ | ० | १ | ३ | २ | |
| ७ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनउने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

### ६.२ स्थानीय शिक्षक योजना कार्यान्वयनको प्रवन्ध

शिक्षा योजना कार्यान्वयन गर्दा मुख्यरुपमा वार्षिक योजना तथा बजेट तर्जुमा, कृयाकलाप निर्धाणरण तथा कार्यान्वयन, वित्तिय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्क्कन लगायत कायान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रकृया र जिम्मेवारी तथा उत्तरदायित्वहरु पर्दछन । नेपालमा संघिय संरचना अनुसार अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार

कृयाशिल भएको ८ वर्ष भईसकेका छ भने कानुनी व्यवस्था सहितको मुख्य सरचना तथा जनशक्ति र जिम्मेवारी निर्धाणरण गरिएको भए पनि राज्य प्रणालीलाई संघीय संरचना अनुरुप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्द गर्नु आवश्यक छ। शिक्षा योजना निर्माण पश्चात सो योजनाको प्रभावकारी रुपमा कार्यान्वियन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन\कार्यविधी निर्माण, बजेटको सुनिलश्चतता, तीन तहका सरकार बीचको समन्वय र सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजनाको निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गरी कार्यक्रम प्रभावकारी बनाउने रणनिती लिईने छ। कुनैपनि योजना कार्यान्वयनको समयमा समन्वय र सहजिकरणको आवश्यकता पर्दछ। योजनाहरु बहु क्षेत्रसंग सम्बन्धित भएमा समन्वयको खाँचो पर्न सक्छ। यसलाई योजना बनाई समन्वय र सहकार्य गर्नु जरुरी छ।

### ६.२.१ वर्तमान अवस्था

नेपालको वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरुको कार्यान्वयन संघ, प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाईएको अवस्था छ। स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानिय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ। यि अधिकारहरुलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाहरुमा प्रर्याप्त जनशक्ति छैन। वालशिक्षक कार्यक्रमको तर्जुमा गरिएता पनि कार्यक्रम कार्यान्वयनको प्रभावकारी रुपमा अनुगमन नगर्नाले कार्याक्रम फितलो हुने देखिएको छ। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको पहिचान र त्यसको व्यवस्थापनमा ध्यान नपुगेको अवस्था छ

**चुनौति र अवसर**

- संघ, प्रदेश र स्थानिय तहको बजेटलाई एकीकृत गरी स्थानीय तह शिक्षा योजना निर्माण गर्नु।
- नयाँ व्यवस्थालाई कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव हुनु ,
- स्थानीय तहका जनप्रतिनिधी लगायत मुख्य भुमिका खेल्नुपर्ने निकायहरुले शिक्षा क्षेत्रलाई शिक्षक व्यवस्थापन र चुनौती संरचना संग मात्र जोडेर हेर्ने परिपाटी कायम रहिरहनु ,
- शिक्षा, यूवा तथा खेलकुद महाशाखामा जनशक्ति कम दिएको कारणले उद्देश्य अनुसार अनुगमन निरीक्षण गर्न नसक्नु,
- संघ, प्रदेश तथा स्थानिय तहबिच समन्वय र सहकार्य गर्नु।
- स्थानिय तहलाई शिक्षा क्षेत्रमा सर्शत बजेटमात्र विनियोजन गर्नु

योजनाको कार्यान्वयन मुख्य थलो विद्यालय भएकोले विद्यालयमा कार्यान्वयनको उपर्युक्त वातावरण निर्माणका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापको क्रियाकलाहरुमा नियमित अनुगमन तथा कार्यान्वयन आवश्यकता अनुसार अनुसार सयोग, समन्वय र सहकार्य गर्नु पर्छ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न कार्य गर्न आवश्यक छ।

### ६.२.२ उद्देश्य

१. शिक्षा योजनको प्रभावकारी कार्यान्वयन सुनिश्चितता गर्नु

### ६.२.३ रणनीति

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरणमार्फत प्राप्त अनुदान तथा अन्य अनुदान र आफनै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमा नियमितरुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसको नतिजा विवरण तयार गर्ने, त्यसको समीकरण गरी थप सुधारमा प्रयोग गर्ने

५ विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने

६ विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने

७. विद्यालय व्यवस्थापनलाई सशक्तकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उतरदायी बनाउने

८. वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठमा समय तथा कार्यक्रमको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने

९. अभिभावक तथा सरोकारवालासग अन्तरक्रिया तथा सहकार्यमा गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षलाई प्रभावकारी बनाउने

१०.सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुका लागि साक्षरता, साक्षरोउत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चचालन दिदै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्यमा गर्ने

### ६.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. शिक्षक योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | | | | | | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | बार्षिक बजेट तथा कार्यक्रम निर्माण | सख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालय सुधार योजना निर्माण अद्यावधिक | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |

## परिच्छेद ७ : लगानी र श्रोत व्यवस्थापन

समाजको दिगो विकासका लागि शिक्षा आधारभूत पक्ष हो । सभ्य समाज र समृद्ध राष्ट्र निर्मणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु पर्छ।दक्ष, सीपयुक्त र गुणस्तरीय मानव ससाधन विकास गर्न शिक्षामा लगानी आवश्यक छ । शिक्षामा गरिएको लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालिन विकासका लागि सहयोग गर्छ । राष्ट्रिय आकाक्षालाई मध्यनजर गदै नेपाल सरकार र समुदायवाट विगत केही दशक दिखि शिक्षा क्षेत्रमा लगानिलाई विस्तार गरिएको छ । शिक्षामा गरीने लगानीले  समाजको आकाक्ष, आवश्यकता, मान्यता र दीगो विकाससको लक्ष्यका लागि कार्य गर्नु पर्छ ।

शिक्षामा आवश्यक पर्ने श्रोतको पहिचान गरी एकीकृत गर्ने र उपर्युक्त तरिकाले वितरण र उपयोग गर्नु शिक्षामा लगानिको लागि विशेष चासो दिनु पर्छ ।शिक्षामा आवश्यक पर्ने वित्तिय स्रोत जुटाउन, स्रोतको विनियोजन गर्न, विनियोजित स्रोतको प्रवाह गर्न र उपलब्ध स्रोतको उपयोग गर्न विषय संवेदनशिल भएकाले ध्यान दिन आवश्यक छ ।

### ७.१ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउन नेतृत्व र निति निर्माणकर्ता सहमत छन र तद अनुसार नीतिगत दस्तावेज पनि सार्वजनिक भएको छ ।

यस पालिकाले सघ, प्रदेश, पालिकाको र  यस क्षेत्रमा कार्य गर्ने सघ सस्थाले पनि पालिकासग समन्वय र सहकार्य गर्दे आएका छन र उनिहरुसग समन्वय, सहकार्य र साझेदारीमा विभिन्न विद्यालय र स्थानमा शिक्षा सम्बन्धी गतिविधिलाई तिब्रता दिएको छ । साथै स्थानीय तहले आफनो आम्दानीबाट शिक्षा क्षेत्रमा लगानी गर्दै आएको छ ।

### चुनौति र अवसर

- शिक्षा सम्बन्धी अन्तराष्ट्रिय परिवेशि,  स्थापित मूल्य र मान्यता, संबैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेको नितिलाई उचितरुपमा सम्बोधन गर्न शिक्षा क्षेत्रमा दिगो लगानी जुटाउन ।
- सघ, प्रदेशबाट स्थानीय तहलाई आवश्यकता अनुसार समन्वय गरी बजेट विनियोजन
- राजनैतिक क्षेत्रबाट मुक्त राख्न
- समय अनुसार निति तथा कानूनको निर्माण गर्न
- दिगो श्रोत जुटाउन
- शिक्षामा समता तथा समावेशिकरणलाई व्यवहारमा लागु गरी लक्षित वर्गको सहभागिता सुनिश्चित गर्नु
- वित्तिय गतिविधिहरु पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तिय सुशासन कायम गर्न ।

### ७.२ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक श्रोत प्रक्षेपण गर्नु

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तिय श्रोत पहिचान गर्न

३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

### ७.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानी अनुपातमा स्थानीय सरकारले आफनो स्रोतबाट शिक्षामा लगानीमा अभिबृद्धि गर्ने

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने

३. बार्षिकरुपमा कुल बजेटको .. प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि व्यवस्थापन गर्न

४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रका लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्धन गर्ने

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने

६. वित्तिय व्यवस्थापन क्षमतामा सुधार ल्याएर वित्तिय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने

७. लक्षित साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

### ७.४ प्रमुख उपलब्धी

**उपलब्धी**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ।

२. वित्तिय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

(क) सङ्घीय सरकार र प्रदेश सरकारबाट शिक्षालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापकामा प्राप्त हुने अनुमानित बजेट

| क्रस | अनुदान उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षमा जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७०९९ | ७८०९ | ८५९० | ९४४९ | १०३९४ | ४३३४० | ८६६८० |
| २ | आधारभूत शिक्षा | २८१९६ | ३१०१६ | ३४११७ | ३७५२९ | ४१२८२ | १७२१३९ | ३४४२७९ |
| ३ | माध्यमिक शिक्षा | १३९२६ | १५३१९ | १६८५० | १८५३६ | २०३८९ | ८५०२० | १७००३९ |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | २६०० | २८६० | ३१४६ | ३४६१ | ३८०७ | १५८७३ | ३१७४७ |

(ख) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्रस | अनुदान उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षमा जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५७४६ | ६३२० | ६३२० | ७६४७ | ८४१२ | ३५०८० | ७०१६० |
| २ | आधारभूत शिक्षा | ४००० | ४४०० | ४८४० | ५३२४ | ५८५६ | २४४२० | ४८८४१ |
| ३ | माध्यमिक शिक्षा | ५६०० | ६१६० | ६७७६ | ७४५३ | ८१९८ | ३४१८९ | ६८३७७ |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ५०० | ५५० | ६०५ | ६६५ | ७३२ | ३०५३ | ६१०५ |

**७.६ योजना बार्षिक बजेट तर्जुमा प्रक्रिया**

योजना बार्षिक बजेट तर्जुमा प्रक्रिया ( हजारमा )

| अनुदान उपक्षेत्र/विषय | आर्थिक वर्षगतरुपमा बजेट अनुमान | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| प्रारम्भिक बालविकास र शिक्षा | ७७१२ | १०२९८ | १०८५६ | ११४४४ | १२०९४ | ५२४०४ |
| आधारभूत शिक्षा | १३७२४९ | १४७२०४ | १७२७८० | १८७६३६ | २०३७१९ | ८४८५८८ |
| माध्यमिक शिक्षा | १०४८७ | १०३६९ | १११२७ | १०९५६ | ११५७० | ५४५०९ |
| पाठ्यक्रम तथा मूल्याङ्गकन | ५५८१० | ६३८१० | ६०३१० | ३९३१० | २७८१० | २४७०५० |
| शिक्षक व्यवस्थापन र विकास | २७११३२ | २७१०२० | २७११६० | २७१०६२ | २७११०५ | १३५५४७९ |
| अनौपचारिक शिक्षा तथा आजिवन शिकाई | १३०२६ | १६८७६ | ३७०२६ | २६८७६ | १७०२६ | ११०८३० |
| शैक्षिक समता तथा सामावेशिकरण | १३३१७९ | १३३१८८ | १३३२०० | २३३२१५ | २३३२३० | ८६६०१२ |
| विद्यालय भौतिक पुर्वाधार विकास | १५२४० | १५४८० | १८३६० | २१४८० | १७१९२ | १७१९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अनुगमन तथा मुल्यकन | २१८२४ | २४६२४ | ४८४३४ | ४८७८४ | ४८४३४ | १९२१०० |
| जम्मा | ६६५६५९ | ६९२८६९ | ७६३२५३ | ८५०७६३ | ८४२१८० | ३८१४७२४ |

अनुमान पहिलो पाँच वर्षका लागि जम्मा ७६,२९,४४८ नेपाली रुपिया आवश्यक देखिन्छ ।जसमा शिक्षक, कर्माचारी तथा सहजकर्ताको पारिश्रमिक जोडिदैन ।

**७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन**

यस पटेर्वा सुगौली गाउँपालिकाले योजना कार्यान्वयन गर्न बार्षिक रुपमा तय भएको योजना तथा कार्यक्रमलाई बार्षिकरुपमा सघ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमको आधारमा बार्षिकरुपमा स्रोत सुनिश्चितका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयनमा योजना निर्माण गरि कार्यान्वयन गरिदै लगिने छ । त्यसका लागि योजना, रणनिति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन गरिने तथा स्रोत सुनिश्चितका भएका आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिने छ ।

## परिच्छेद ८ : अनुगमन तथा मुल्याकन

कुनै पनि योजनाको प्रभावकारिता, परिणाम मापन गर्न प्रणाली अनुगमन तथा मुल्याकन हो । गाउँपालिकाले सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भईरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धी हासिल गर्न सफल भएका सफल भएका छन् वा छैन भन्ने सुनिश्चतताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यक्रम कार्यान्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरीक्षण,पर्यवेक्षण,निगरानी, रेखदेख,जाँचबुझ भौतिक रुपमा वा अन्दय कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपर्युक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त हुनेछ । अनुगमन कार्यक्रम कार्याक्रमको वितरणमा गरिन्छ भने मुल्यांकन कार्यक्रमहरूको सञ्चालनका कारणहरु साथसाथै कार्य सम्पन्न भए पछि मात्र गरिन्छ ।स्थानीयस्तरमा संञ्चलन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही,पारदर्शी,नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

पटेर्वा सुगौली गाउँपालिकाको शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीयस्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि पालिका भित्रका सवै वडाहरुमा संञ्चालन सामुदायिक विद्यालय सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा सञ्चालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन,ढाँचा,साधन,विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

### ८.१ वर्तमान अवस्था अवस्था

योजनाको अनुगमन तथा मूल्यांकन गरी अपेक्षित परिणाम हासिल गर्नका लागि पालिकाको शिक्षा सयन्त्रलाई चलायमान बनाउदै आवश्यकता अनुसार पालिकाको वडा कार्यालय तथा पालिकाको शिक्षा महाशाखा, शिक्षा समिति तथा निर्वाचित जनप्रतिनिधिहरुबाट समय समयमा अनुगमन तथा समीक्षा हुने गरेको भएता पनि अनुगमनलाई नतिजामूलक तथा योजनाबद्ध एवम् ब्यवस्थित गर्नु पर्ने देखिन्छ । यसको साथै विभिन्न परियोजना तथा संघसस्थाहरुको कामको पनि अनुगमन तथा सहजीकरण गर्ने गरिएको छ ।

पालिकामा शिक्षा समिति र शिक्षाशाखा रहेका छन । यि समिति र शाखा मार्फत नियमित अनुगमन तथा मुल्याकन भईरहेका छन । साथै शिक्षाको गुणस्तरियता कायम गर्नका लागि एकिकृत प्रतिवेदन प्रणाली लागु गरेको छ । अनुगमनलाई नियमित गर्न अनुगमन योजना बनाई अनुगमन गरिदै आएको छ । अनुगमन अघि अनुगमन गर्न विषयवस्तुको चेकलिष्ट अर्थात सूचक तयार गरी तद अनुसार परिणाम आए नआएको पहिचन गर्ने अभ्यासको शुरुवात गरेको छ । अनुगमनका क्रममा विद्यालयको उपलब्धी परिक्षण र कार्यसम्पादनलाई पनि अनुगमन तथा मुल्याकन आधार बनाई गरिन शुरुवात भएको छ ।

### चुनौति र अवसर

- विद्यालय अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित हुने वातावरण बनाउनु,
- अनुगमन तथा मूल्यांकन पश्चात समीक्षा गरी आवश्यक सुधार सहितको नतिजामूलक बनाउनु,
- अनुगमन तथा मूल्यांकन सम्बन्धी क्षमता विकास गर्नु,
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउनु,

### ८.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङकनका लागि समन्यात्मक तथा एकत्रित प्रणाली विकास गर्ने
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु ।

### ८.३ रणनीति

- योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्बन गरिने
- विद्यार्थीहरुको उपलब्धी परिक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई  थप व्यवस्थित र नियमित गर्ने
- कक्षा कोठाको सिकाईको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम प्रतिवेदन प्रणाली व्यवस्थित गरिने
- बिद्यालय तथा शिक्षकको  सुपरिवेक्षण तथा पेसागत सहयोगको  संयन्त्रको व्ययस्थापन र सुदृढीकरण गरिने योजना अन्तिममा कार्यक्रम तथा परिरोजना वा क्रियाकलापहरुको नियमित आवधिक, मध्यवधिक तथा अन्तिम अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने
- अनिवार्यरुपमा तथा निशुल्क शिक्षा ऐन, २०७५ ले तरोकेबमोजिम अनिमियततामा तथा निशुल्क शिक्षा कार्यान्वयन अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्ने ।

### ८.४ प्रमुख उपलब्धी तथा नतिजा
**उपलब्धी**

१ अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक एकत्रित प्रणाली विकास भएको हुनेछ

२ नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ योजना कार्यान्वयका चरणमा आएका समस्या तथा चुनौतिलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल भएको हुनेछ ।

३ योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी  अपेक्षाकृत उपलब्धी हासिल भएको हुनेछ ।

**नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ
२ नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भइमा योजना तथा कार्यक्रमको प्रभावकारिता कार्यान्वयन भएको हुनेछ ।

### ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य ( पाँच वर्षमा) | भौतिक लक्ष्य ( दश वर्षमा) | कैफियत |
|---|---|---|---|---|---|

| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | अनुगमन तथा मूल्यांकनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १ | १० | |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १० | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | १ | |
| ६ | अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | १० | |

अनुसूची १ स्थानीय शिक्षा योजनाको ढाँचा

विषय प्रवेश

**परिच्छेद १ : परिचय**

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

**परिच्छेद २ :**

दुरदूष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्देश्य

२.५ रणनीति

**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बाल विकास र शिक्षा

३.२ आधाभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

**परिच्छेद ४ : अन्तरसम्बधित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शैक्षिक समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

**परिच्छेद ५ : अन्य उपक्षेत्र**

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षा व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयन प्रबन्ध

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन**

**अनुसूची: ३ विद्यालयमा प्रारम्भिक बालविकास शिक्षाका क्षेत्रमा भएका सवल पक्ष, कम्जोरी, अवसर, चुनौति**

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष<br>• |
|---|---|
| • पटेर्वा सुगौली गाउँपालिकाको शिक्षा सम्बन्धी ऐन र कार्यविधि कार्यान्वयनमा रहेको<br>• सबै विद्यालयको भौतिक संरचना सुधार भएको<br>• प्राविधिक शिक्षाको सुभारम्भ (११ र १२ कक्षाका विद्यार्थीहरुलाई कम्प्युटर सम्बन्धी तालिम दिन शुरुभएको)<br>• विषयगत शिक्षकको उपलब्धतामा बृद्धि हुदै गएको<br>• विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकहरुको आचारसहिता निर्माण भएको<br>• प्रयोगशालाको व्यवस्थापन (तीन माध्यमिक विद्यालयहरुमा )<br>• कम्प्युटर (ICT) सम्बन्धी शिक्षाको व्यवस्थापन<br>• बालशिक्षकहरुको लागि मन्टेश्वरी तालिम प्रदानको सुभारम्भ<br>• आधारभूत विद्यालयमा कक्षा बृद्धि ( ५ कक्षाबाट ८ कक्षासम्म बढोउत्तरी )<br>• आवश्यकता अनुसार विद्यालयको विषयगत शिक्षक तथा कर्मचारीको व्यवस्थापन (पालिकाले शिक्षकको क्षमता अनुसार आधारभूत विद्यालयको दरबन्दी रहेकाझ शिक्षकलाई आवश्यकता अनुसार माध्यमिक तहको कक्षामा खटाइएको विषयगत शिक्षक व्यवस्थापन गर्ने प्रयास गरेको )<br>• सबै विद्यालयमा बाल विकास केन्द्रको स्थापना भएको<br>• गाउँपालिकाको सबै वडामा विद्यालय रहेको | • विद्यार्थी संख्याको अनुपातमा शिक्षक, कक्षाकोठा तथा सामाग्रीको चुस्त व्यवस्थापन गर्ने<br>• शैक्षिक वातावरण तथा हरित विद्यालयको निर्माणका लागि बजेट सहितको कार्यक्रम सुनिश्चितता गर्ने<br>• नेपाली/मात्रृ भाषामा स्थानीय पाठ्यक्रम तयार गर्नु पर्ने<br>• प्रविधिमैत्री शिक्षाको लागि आवश्यक पर्ने सामाग्री र उपकरण व्यवस्थापन<br>• अभिभावकलाई विभिन्न तौर तरिका र पद्यतिबाट शिक्षा सम्बन्धी सचेतना गर्ने<br>• समयानुकुल पाठ्यक्रम परिवर्तन हुन साथ तद अनुसार विषयगत शिक्षकहरुको क्षमता अभिबृद्धि गर्ने<br>• विपन्न समुदायका बिद्यालय बाहिर रहेका बालबालिकाका अभिभावकलाई पालिकाको आयमुलक कार्यक्रमसग जोड्ने<br>• विद्यलय समय पछि प्रत्येक टोलमा लक्षित समुदायका बालबालिकालाई अतिरिक्त कक्षा सञ्चालन गर्ने<br>• फरक क्षमता भएका व्यक्तिहरुको लागि शिक्षामा पहुच लागि सहज शिक्षाको व्यवस्थापन गर्ने<br>• प्रत्येक वडामा ई पुस्तकालयको निर्माण गर्नेका लागि दात्रृ सस्थासग समन्वय र आवश्यक श्रोतको व्यवस्थापन गर्ने<br>• विहान छ बजे देखि वेलुका छ बजेसम्म कक्षा सञ्चालन गर्ने (लागु आसत दुव्यवसनि नियन्त्रण र बिद्यार्थीलाई पढाई प्रति ध्यान केन्द्रित गर्न ) |
| अवसर | चुनौति |

| | |
|---|---|
| • सम्बैधानिक र कानूनी आधारहरु प्राप्त हुनु<br>• प्राप्त श्रोतहरुको उचित व्यवस्थापन गरी गुणस्तरिय शिक्षा दिन सकिने<br>• सूचना तथा प्रविधिको विकास हुनु<br>• स्थानीय पाठ्यक्रममा वातावरण सरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु निर्माण गरी कार्यन्वयनको अवसर हुनु<br>• पालिकाले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility-CSR) अन्तर्गत कार्यविधि बनाएर शिक्षक व्यवस्थापनको लागि श्रोत जुटाउन सक्ने<br>• करको दायर बढाएर थप श्रोत संकलन गर्न सक्ने<br>• संघको शिक्षा ऐनको मस्यौदा तयार भएको र समयमा पारित हुने अपेक्षा राखेको<br>• गरिव समुदायको पहिचान गरी आर्थिक बृद्धिका लागि रोजगारमूक कार्यक्रम सञ्चालन गर्ने<br>• गुणस्तरिय शिक्षा प्रदान तालिम प्राप्त शिक्षकहरुको उपलब्धता<br>• खेल्दै शिक्दै कार्यक्रम मार्फत प्रयोगात्मक शिक्षा प्रदान गर्न सकिने<br>• व्यवहारिक शिक्षालाई व्यवस्थित गर्न र विद्यालय व्यवस्थापन समिति क्षमता अभिबृद्धि गरी अनुगमन तथा मुल्यांकन प्रणाली प्रभावकारी बनाउन सकिने ।<br>• विद्यार्थी अनुसार दरबन्दी उपलब्ध गराउन र श्रोतको व्यवस्थापन<br>• संघको सहयोगमा एक पालिका एक प्राविधिक विद्यालय सञ्चालन गर्न सकिने<br>• पालिकामा शिक्षा कार्यक्रम सञ्चालन गरि रहेका गैरसकारी संस्थाहरुसंग समन्वय गरी गुणस्तरिय शिक्षा प्रवर्धन गर्न सकिने । | • संघिय शिक्षा ऐन समयमा पारित नभएको<br>• गरिविका कारण विद्यालय छोड्ने संख्या बढेको<br>• सामुदायिक विद्यालयका अभिभावकहरुमा अभिभावकिय भूमिका निर्वाह नगर्ने<br>• युवाहरुमा लागु औषध दुव्यवसनि बढ्दै गएको<br>• विद्यालय व्यवस्थापन समिति सक्रिय नहुनु<br>• विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कमी<br>• कम विद्यार्थी भएको विद्यालय गाभ्ने विषयमा अनावश्यक दबाव सृजना हुने गरेको<br>• दरबन्दी अनुसार विषयगत शिक्षकको अभाव<br>• रोजगारीको सिलसिलामा अन्यत्र बसाई सराई<br>• बालबिवाह<br>• नागरिता बनेपछि बैदेशिक रोजगारीमा जानाले विद्यालय छोड्ने वढेको<br>• विद्यार्थी भर्ना हुने तर नियमित कक्षामा उपस्थित नहुने<br>• सघीय सरकारले पालिकामा शिक्षा क्षेत्रमा सर्शत अनुदान मात्र दिदा थप शिक्षकको पारिश्रमिक व्यवस्थापन गर्न कठिन<br>• शिक्षकहरु विचमा मतभेद र समन्वयको अभाव रहेको |

| | |
|---|---|
| • शिक्षा क्षेत्रको विकासको लागि शिक्षा क्षेत्र योजना बनाई कार्यान्वयन गर्न सक्ने अवसर रहेका<br>• विद्यालय सञ्चालनका लागि संविधान र कानूनको अधिनमा रही आवश्यकता अनुसार ऐन, कानुन, नियमावली तथा कार्यविधि बनाउन सक्ने ।<br>• शिक्षा क्षेत्रमा पालिकाको आन्तरिक श्रोतबाट र प्राप्त समानुकरण अनुदानबाट शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्न सक्ने ।<br>• शिक्षकहरुसग कार्यसम्पादन मुल्यांकन सम्झौता गरी तद अनुसार कार्य भए नभएको समिक्षा गर्ने | |

**अनुसूची ४ शिक्षासग सम्बन्धीत ऐन, नियम, निर्देशिका लगायतका नितिगत दस्तावेजहरुको सूची**

१९ शिक्षा ऐन, २०२८ (संशोधितसहित)

२० शिक्षा नियमावली, २०५९(संशोधन सहित)

२१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५

२२ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७

२३ सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८

२४ अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५

२५ पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

२६ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी निर्देशिका, २०६९

२७ नमुना शिक्षालय विकास एवम सञ्चालन निर्देशिका, २०७४

२८ बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०

२९ विपन्न लक्षित छात्राबृत्ति कार्यक्रम मापदण्ड,२०८०

३० विशेष कारणको अवस्थामा रहेका शिक्षक व्यवस्थापन सम्बन्धी निर्देशिका शिक्षकहरुको व्यवस्थापन निर्देशिका, २०८०

३१ शिक्षा पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८०

३२ शिक्षक मेन्टरिङ कार्यामान्वयन कार्यविधि, २०८०

३३ विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०

३४ विद्यालय भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०

३५ विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८

३६ अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७

३७ पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

३८ बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५

३९ स्यानिटेरी प्याड सम्बन्धी कार्यविधि, २०७६

४० विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८

४१ गुनासो सुनुवाई कार्यविधि, २०७४ ( संशधनसिहत)

४२ किशोर किशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७

४३ विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७

४४ कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रत्येक वर्ष कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि विकास हुने) (केन्द्रस्तर एवम् प्रदेश, जिल्ला तथा स्थानीयस्तर)

४५ विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी कार्यविधि,२०७४

४६ विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन (संशोधनसिहत) निर्देशिका, २०६९ व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ (प्राविधिक तथा व्यवसायिक माध्यामिक शिक्षा) शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरु, २०७४

४७ परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड,२०७८

नीति, रणनीति र पुस्तिका

४८ दिगो विकास लक्ष्य, २०३० र राष्ट्रिय कार्यढाँचा

४९ राष्ट्रिय शिक्षा नीति, २०७६

५० शिक्षाको सोचपत्र, २०७९

५१ विद्यालय शिक्षा क्षेत्र योजना, २०२२-२०३२

५२ बृहत् विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५

५३ विद्यालय शिक्षाको  एकीकृत समता रणनीति, सन् २०१४

५४ बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०

५५ बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७

५६ प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गनिर्देशक पुस्तिका, २०६७ (संशोधन सहित)

५७ विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०

५८ सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६

५९ विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०

६० अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०८०

अनुसूची ५ स्थानीय तहको शिक्षा योजना विश्लेषण फ्रेमवर्क

स्थानीय तहको शिक्षा योजना विश्लेषण फ्रेमवर्क

पालिका

| |
|---|
| पटेर्वा सुगौली गाउपालिका |

## स्थानीय तहको शिक्षा योजना विश्लेषण रुपरेखा

### परिचय

यो दस्तावेजले नागरिक समाज संगठन (CSOs), शिक्षा अधिवक्ताहरू, अभियानकर्मी र समुदायका अगुवाहरुको लागि हो। यो रुपरेखाले स्थानीय सरकारका शिक्षा नीति, योजना र बजेटको विश्लेषण तथा मूल्याङ्कन गर्न मद्दत पुर्‍याउन एउटा विस्तृत खाका प्रदान गर्दछ। प्रमाणमा आधारित वकालत र नीति सुधारका लागि सहयोग गर्ने उद्देश्यले तयार गरिएको यस रूपरेखाले नेपालका स्थानीय शिक्षा प्रणालीहरूलाई समान, समावेशी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग [जस्तैः नेपालको विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय शिक्षा नीति २०७६, र गुणस्तरीय शिक्षासम्बन्धी दिगो विकास लक्ष्य ४ (SDG 4)] मेल खाने बनाउन सहयोग गर्दछ।

नेपालको संघीय संरचना अन्तर्गत स्थानीय तहहरूले शिक्षा योजनाकाे निर्माण, कार्यान्वयन र अनुगमनमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। तथापी, विशेष गरी सीमान्तकृत र जोखिममा रहेका समूहहरू (जस्तैः बालीका, अपांगता भएका तथा सिमान्तकृत समुदायका बालबालिका, लैङ्गिक तथा जातीय अल्पसंख्यकहरू) का लागि अझै पनि स्थानीय तहहरूमा पहुँच, गुणस्तर र समावेशिताका असमानताहरू कायम नै रहेका छन् । यस रूपरेखाले नागरिक समाज संगठनहरूलाई परिचालन गरि स्थानीय तहलाई अझै उत्तरदायी र जवाफदेही बनाउन, असमानताहरू हटाउन, नीति निर्माणमा वकालत गर्न र शैक्षिक योजनाहरूमा सबैका आवश्यकताहरू सम्बोधन सुनिश्चित गराउन सक्षम बनाउनेछ।

यो दस्तावेजले नागरिक समाज संगठनहरूलाई स्पष्ट रूपमा प्रश्न गर्दै विश्लेषण र कार्यान्वयन गर्न योग्य सिफारिसहरू प्रदान गरेर निम्न कार्यहरू गर्न सहयाेग गर्दछ:

- स्थानीय शिक्षा योजना तथा नीतिहरूको समीक्षा गर्न,
- सबल र कमजाेर पक्षहरू पहिचान गर्न,
- समान र समावेशी शिक्षा प्रणालीहरूका लागि वकालत गर्न,
- नीति तथा योजना कार्यान्वयनको अनुगमन गर्न,

यो रूपरेखाको खाकाले तपाइलाई नीति समीक्षा, वकालत वा प्रगति अनुगमन गरी स्थानीय तहमा पारदर्शी, प्रभावकारी र समावेशी शिक्षा प्रणाली प्रवर्द्धन गर्न सहयोग गर्नमा मद्दत पुर्याउनेछ।

## यस दस्तावेजलाई कसरी प्रयोग गर्ने?

यो दस्तावेजले नागरिक समाज संगठनहरूलाई नेपालको स्थानीयतहकाे शिक्षा योजनाहरूको विश्लेषण गर्न सहयोग पुर्‍याउनेछ। यो प्रभावकारी रूपमा प्रयोग गर्न निम्न चरणहरू कार्यान्वयन गर्नुपर्दछ :

**१. सम्बन्धित दस्तावेजहरूकाे संकलन**

- स्थानीय सरकारका शिक्षा योजना, बजेट विनियोजन, शिक्षक निर्देशिका र स्थानीय शिक्षा ऐनहरू संकलन गर्ने।
- सन्दर्भका लागि राष्ट्रिय नीतिहरू जस्तैः विद्यालय शिक्षा क्षेत्र योजना (SESP) र राष्ट्रिय शिक्षा नीति समीक्षा गर्ने।

**२. योजना भित्रकाे प्रावधानहरूकाे पहिचान**

- प्रत्येक खण्डमा रहेका सूचकहरू र प्रश्नहरू (जस्तैः प्रारम्भिक बालविकास शिक्षा, समानता, शिक्षक व्यवस्थापन) प्रयोग गरी स्थानीय योजनामा मुख्य रणनीति र गतिविधिहरूको मूल्याङ्कन गर्न,
- उदाहरणका लागि:
  - योजनाले विद्यालय बाहिर रहेका बालबालिकालाई कसरी  सम्बोधन गर्छ?
  - याेजनामा शिक्षक तालिम कार्यक्रम वा सूचना, संचार र प्रविधि (ICT) एकीकृत रणनीति समावेश छ?

**३. सबल र कमजोर पक्षहरूको विश्लेषण**

- स्थानीय तहले भोगिरहेका महत्वपूर्ण समस्याहरूको पहिचान गर्ने र ती समस्याहरूको पहिचान गर्नका लागि शैक्षिक तथ्यांकहरू साथै प्रमुख सरोकारवालासँगको अन्तर्वार्ताका लागि प्रयोग गर्ने।
- योजनामा कुनै महत्वपूर्ण विषयवस्तु छुटेको छ वा विस्तृत रूपमा समेटिएको छैन भने पहिचान गर्ने (जस्तै सीमान्तकृत समूहहरूको लागि अपर्याप्त बजेट विनियोजन)।
- याेजना वा कार्यक्रमहरूको सबल पक्षहरूलाई पनि उजागर गर्ने।

**४. सुझाव र सिफारिसहरू थप्ने**

- विश्लेषणका आधारमा योजनालाई सुधार गर्न कार्यान्वयन योग्य सिफारिसहरू प्रदान गर्ने।
- उदाहरणका लागि:

- समावेशी शिक्षा तथा शिक्षक प्रशिक्षणको लागि बजेट बढाउने।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई समेट्न समुदायमा स्वयम्सेवकहरूको सहायतामा अतिरिक्त कक्षा सञ्चालन गर्ने।
- अपांगता भएका बालबालिकाहरूको शिक्षामा पहुँच वृद्धि गर्न प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने।

**५. वकालत र अनुगमन**

- वकालत र अनुगमनका निष्कर्ष र सिफारिसहरू स्थानीयतह, शिक्षा समिति र समुदायसँग साझा गर्ने ।
- यो रूपरेखा प्रयोग गरी योजनाहरूको कार्यान्वयन अनुगमन गर्ने र सिफारिसहरू समय क्रममा लागू भए नभएको सुनिश्चित गर्ने ।

यो दस्तावेज,

- स्थानिय तहका लागि योजनाको मस्यौदा तयार र पुनःससोधन गर्न,
- स्थानिय तहलाई समतामूलक र कार्यान्वयन योग्य दीर्घकालीन शिक्षा योजना बनाउनका लागि सिफारिसहरू प्रदान गर्न,
- साथै मध्यकालीन र दीर्घकालीन शिक्षा योजनाहरू नभएका अवस्थामा, नया योजना बनाउन पनि प्रयोग गर्न सकिन्छ ।
- स्थानीय तहले आफ्नो योजना अनुसार वार्षिक बजेट विनियोजन गरेको छ छैन भनी सुनिश्चित गर्नका लागि पनि यो रुपरेखा प्रयोग गर्न सकिन्छ ।

## स्थानीय तहको शैक्षिक योजना

### प्राथमिक योजनाहरू

योजनामा शिक्षाको प्राथमिकताका क्षेत्रहरू स्पष्ट रूपमा परिभाषित छन्? छ भने प्राथमिकताका क्षेत्रहरू के-के हुन्?

**जनता पालिकाका प्राथमिकताहरू**

- १० वर्षको अन्त्यसम्ममा जनता पालिकाले १००% साक्षरता दर हासिल गर्ने।
- ५ वर्षभित्र विद्यार्थी र शिक्षकको अनुपात ५०:१ मा झार्ने।
- विद्यालय सुधार योजनालाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउने

## शिक्षा योजनाको सान्दर्भिकता

प्रस्तावित योजना र कार्यक्रमहरू पालिकाले सामना गर्ने शैक्षिक चुनौतीहरूसंग सान्दर्भिक छन् ?

*योजनामा  स्थानीय तहको सबै सान्दर्भिक शिक्षा सम्बन्धी तथ्याङ्कहरू समावेश छन् ? त्यहाँ कुनै सान्दर्भिक शिक्षा तथ्याङ्कहरू छुटेकाछन् ? शिक्षा सम्बन्धी रणनीतिहरू SESP र राष्ट्रिय शिक्षा नीतिहरूलै आधार बनेर योजनाको तयारी गरिएका छन्?*

- विद्यालय बाहिर रहेका बालबालिकाको कुल संख्या सम्बन्धी तथ्यांक उपलब्ध छैन।
- शिक्षक र विद्यालयहरूको प्रारम्भिक तथ्यांक शिक्षा उपक्षेत्रमा प्रस्तुत गरिएको तथ्यांकसँग मेल खाँदैन।
- योजनामा प्रस्तुत गरिएको शिक्षा उपक्षेत्र, SESP (School Education Sector Plan) का उपक्षेत्रहरूसँग मेल खान्छ।
- योजनाले राष्ट्रिय शिक्षा नीतिको धारा ५१ मा उल्लेख गरेअनुसार STEM शिक्षाको महत्वमा जोड दिएको छ।

—-------------------------------------------------------------------------------------------------------------------------------------------------------

*तथ्यांकले स्थानीय तहको शिक्षा योजनाका प्राथमिकता र उद्देश्यहरूलाई सूचित गर्छ ? तथ्यांकको आधारमा पालिकाका लागि के–के मुख्य प्राथमिकता क्षेत्रहरू हुनुपर्छ?*

- तथ्यांकले जनता पालिकामा स्वभर्ना दर केवल ८०% मात्र भएको देखाँउछ, त्यसैले योजनाले शिक्षाको महत्त्वबारे अभिभावकमा चेतना अभिवृद्धि गर्ने कुरालाई प्राथमिकता दिनुपर्छ।
- जनता पालिकामा महिला साक्षरता दर ४०% छ भने पुरुष साक्षरता दर ६०% रहेको छ, त्यसैले छात्रवृत्ति योजनाहरू महिला विद्यार्थीहरूलाई लक्षित गरी उनीहरूलाई आधारभूत शिक्षा पूरा गर्न प्रेरित गर्नुपर्छ।

## शिक्षा योजनाको कार्यान्वयन

*कार्ययाेजनाका गतिविधिहरू र रणनितीहरु परिणाम उन्मुख छन् कि छैंनन ? के शैक्षिक गतिविधिहरु योजना र शिक्षा बजेटसँग अन्तरसम्बन्धित हुने गरी संरचना गरिएको छ?*

- जनता पालिकाले प्रत्येक शिक्षा उपक्षेत्रका लागि विस्तृत रणनीति र अन्य धेरै गतिविधिहरूको योजना बनाएको छैन ।
- वार्षिक बजेटले योजनामा समावेश गरिएका गतिविधिहरूलाई प्रतिबिम्बित गर्दैन।
- छात्रवृत्तिका लागि विनियोजित रकम, विशेष गरी महिला तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि, योजनाले निर्धारण गरेको "सबैलाई आधारभूत तहसम्म निःशुल्क शिक्षामा पहुँच" को लक्ष्य पूरा गर्न पर्याप्त छैन।

प्रत्येक कार्ययाेजनाका गतिविधिका लागि स्रोतहरू पहिचान गरिएको छ कि छैन? योजनामा हरेक वर्ष मूल्याङ्कन गर्न मिल्ने प्रतिवेदन सूचकहरू समावेश गरिएको छ?

- उनीहरूले विद्यार्थीहरूका लागि छात्रवृत्तिको खर्च बेहोर्न सस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility)लाई पहिचान गर्न  गाउँपालिकाले कार्यविधि बनाउने योजना रहेको छ ।
- प्रत्येक ४ महिनामा शिक्षक विकास सत्र सञ्चालन गर्ने योजना बनाइएको छ, तर यी गतिविधिहरू को द्वारा सञ्चालन गरिने हो भन्ने कुरा पहिचान गरिएको छैन

## सहभागीताको प्रक्रिया

योजना

- योजनाले प्रत्येक वर्षको अन्त्यसम्ममा विद्यालय व्यवस्थापन समिति (SMC) र अभिभावक शिक्षक संघ (PTA) गठनको लक्ष्य निर्धारण गरेको छैन।
- हरेक ४ महिनामा अभिभावकसँग अन्तर्क्रिया गर्ने योजना रहेको छ।
- विद्यालय सुधार योजना बनाएका छन तर विद्यालय व्यवस्थापन समितिका पदाधिकार, शिक्षक र बालक्लबलाई समावेश गरिएको छैन

## शिक्षाका उपक्षेत्रहरू

**तलको तालिका सम्बन्धी निर्देशन:**

- प्रमुख प्रश्नहरूसँग मेल खाने उपक्षेत्रहरूमा रणनीति र गतिविधिहरूको पहिचान गर्नुहोस्।
- प्रमुख प्रश्नहरूको आधारमा सुझावहरू प्रस्तुत गर्नुहोस्।
- रणनीति र गतिविधिहरूका लागि दिइने सुझावहरू स्पष्ट र समयको क्रममा मापन गर्न मिल्ने सूचकहरूसहित हुनु आवश्यक छ।
  *(उदाहरणका लागि: ५ वर्षभित्र सबै* प्रारम्भिक बाल विकास शिक्षा *[ECED] शिक्षकहरूले प्रदेश सरकारसँगको सहकार्यमा १० दिनको पेशागत विकास तालिम प्राप्त गर्नेछन्)*।

### १. प्रारम्भिक बाल्यकाल शिक्षा र विकास

| सूचकहरू | योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू | सिफारिसहरू |
|---|---|---|
| १. योजनाले प्रारम्भिक बाल विकास शिक्षा शिक्षकहरूको नियुक्तिको प्रक्रिया सुधार गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्छ? | यस बारेमा योजनामा उल्लेख गरिएको छैन | प्रारम्भिक बाल विकास शिक्षकहरूको नियुक्तिको लागि पालिकाले कार्यविधि बनाउने |

| | | |
|---|---|---|
| २. प्रारम्भिक बाल विकास शिक्षा केन्द्रहरूलाई बालमैत्री बनाउने र सिकाइ स्रोतहरूमा पहुँच बढाउने योजना छ? | योजनामा प्रारम्भिक बाल विकास शिक्षा केन्द्रहरूलाई बालमैत्री बनाउने र सिकाइ स्रोतहरूमा पहुँच बढाउने योजनाका बारेमा प्रतिवेदनमा उल्लेख गरिएको छैन । छलफलको क्रममा बालमैत्री शिकाइमा पहुँच पुयाउन सूचक सहितको ठोस कार्ययोजना तथा मापदण्ड हालसम्म पालिकाले नबनाएको सघको निर्देशन, तालिम सिकेका कुराहरुलाई आधार मानेर सिकाइ अभ्यास भई रहेको देखियो । | बालमैत्री शिकाइमा पहुँच पुयाउन सूचक सहितको ठोस कार्ययोजना तथा मापदण्ड बनाउने |
| ३. बालबालिकालाई उनीहरूको पहिलो भाषामा सिक्ने वातावरण बनाउन सोही भाषामा निर्देशन दिने सहितको स्पष्ट योजना छ? | प्रतिवेदनमा यस विषयमा केही कुरा पनि उल्लेख गरिएको छैन । छलफलमा स्थानीय पाठ्यपक्रम तयार गर्न पालिकालाई अनुमति दिएपनि यस सम्बन्धमा छलफल प्रारम्भ गरिएको छैन । | स्थानीय पाठ्यक्रम तयार गर्ने |
| ४. प्रारम्भिक बाल विकासको महत्त्व बुझाउन र केन्द्रहरूको सञ्चालनमा अभिभावक तथा समुदायलाई संलग्न गर्ने योजना छ? | योजनामा यस बारेमा केही पनि उल्लेख गरेको देखिदैन । छलफलमा हालसम्म प्रारम्भिक बाल विकास व्यवस्थापन समिति गठन गरिएको छैन । र यस प्रकारको सोच बनाएको छैन । | प्रारम्भिक बाल विकासको व्यवस्थापनको लागि छुटै व्यवस्थापन समिति बनाउनु पर्ने<br>अभिभावक तथा समुदायलाई सचेतना कार्यक्रम सञ्चालन गर्ने |

| | | |
|---|---|---|
| ५. प्रारम्भिक बाल विकास र शिक्षामा विशेष गरी सीमान्तकृत समुदायको पहुँच बढाउने योजना छ? | योजनामा यस बारेमा उल्लेख गरिएको छैन । छलफलमा यस सम्बन्धमा कुनै योजना बनाएर कार्य भएको छैन । घरदैलो कार्यक्रम मार्फत आएकालाई भर्ना गर्ने गरिएको छ । | स्थानीय तहमा सीमान्तकृत समूदायसंग कार्य गर्ने सस्थासंग साझेदारी काम गर्ने |
| ६. प्रारम्भिक बाल विकास शिक्षा को गुणस्तर बृद्धि गर्न विज्ञ, नागरिक समाज र नागरिक समाजका संस्थाहरूलाई संलग्न गराउने योजना छ? | योजनामा यस बारेमा उल्लेख गरिएको छैन । छलफलमा यस सम्बन्धमा हालसम्म कुनै योजना बनाएको छैन । | प्रारम्भिक बाल विकास शिक्षा को गुणस्तर बृद्धि गर्न विज्ञ, नागरिक समाज र नागरिक समाजका संस्थाहरूलाई संलग्न गराउन यस क्षेत्रमा कार्यरत सघ संस्थासंग समन्वय र सहकार्य गर्नु पर्ने |
| ७. योजनाले प्रारम्भिक बाल विकास शिक्षा विद्यार्थीहरूको पोषण र स्वास्थ्य सम्बन्धी आवश्यकताहरू जस्तै दिवा खाजा र सफा पिउने पानी पूरा गर्ने व्यवस्था गरेको छ? | योजनामा यस बारेमा उल्लेख गरिएको छैन । छलफलमा यस सम्बन्धमा ५ कक्षा सम्म दिवा खाजाको व्यवस्था गरेको, कुवा र हातेकल बाट आउने पानी पिइरहेका छन । | पोषणयुक्त खाजाको लागि स्थानीय खद्यन्न प्रयोग बढाउने योजना बनाउनु पर्छ । |
| ८. योजनामा अपाङ्गता भएका बालबालिकाको सहभागीता र अपाङ्गता भएका बालबालिकाका लागि प्रारम्भिक बाल विकास शिक्षाका **अनुभव डिजाइन** गर्ने प्रावधानहरू समावेश छन्? | प्रतिवेदनमा यस बारेमा उल्लेख गरिएको छैन । छलफलमा प्रारम्भिक बाल बिकास शिक्षा भौतिक संरचना सामान्य रहेको छ **।पछिल्लो प्रश्न प्रष्ट छैन ।** | |
| ९. प्रारम्भिक बाल विकास शिक्षाका लागि गतिविधि र नतीजाहरुको मापनलागि सूचकहरु स्पष्ट रूपमा परिभाषित र मापन योग्य छन्? | प्रतिवेदनमा सूचकहरु रहेका छन तर सबै सूचक स्पष्ट र मापन योग्य छैन । | |

आधारभूत शिक्षा

| सूचकहरू | योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू | सिफारिसहरू |
|---|---|---|
| १. विद्यालयबाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा समावेश गर्ने प्रभावकारी योजना के रहेका छन्? | योजनामा आधारभुत शिक्षा उपक्षेत्रमा विद्यालय बाहिर रहेका बालबालिकालाई मुलधारमा ल्याउन स्पष्ट योजना छैन । छलफलमा सहभागीहरुले नयाँ शैक्षिक सत्र सकिए पछि घरदैलो एक मुष्टरुपमा गर्ने गरेको बताउनु भयो। | यस क्षेत्रमा कार्यरत स्थानीय संघ संस्थासंग समन्वय गरी घरदैलो र फलोअप कार्यक्रम सञ्चालन गर्ने |
| २. विद्यालय जान नसक्ने विद्यार्थीहरूका लागि वैकल्पिक माध्यमबाट विद्यालय शिक्षाका ़ पहुँचका लागि शिक्षा सुनिश्चित गर्ने योजनाहरू छन्? | योजनामा वैकल्पिक माध्यमबाट शिक्षाको पहुँचका बारेमा उल्लेख गरिएको छैन। छलफलमा भर्चुल कक्षा सञ्चालन गर्न सकिने यसका लागि पालिकाले आर्थिक र मानविय श्रोत जुटाउन पहल गर्नु पर्ने कुरा सहभागीले बताउनु भयो। | भर्चुल कक्षा सञ्चालन गर्न सकिने यसका लागि पालिकाले आर्थिक र मानविय श्रोत जुटाउन पहल गर्नु पर्ने |
| ३.योजनामा विद्यार्थीहरूका ़ विद्यालयमा उपस्थित गर्न र कक्षा ८ पूरा गर्न सुनिश्चित गर्ने प्रभावकारी उपायहरू समावेश गरेका छन्? | योजनामा विद्यार्धीहरुलाई विद्यालयमा उपस्थित हुन र ८ सम्म टिकाउने बारेमा केही पनि उल्लेख छैन। छलफलमा विद्यालयमा गुणस्तरिय शिक्षा दिन सकेमा टिकाउने मात्र होइन अरु क्षेत्रबाट पनि विद्ययार्थी यस पालिकामा आउँछन | विद्यालय सुधार योजना प्रभावकारी कार्यान्वयन गरी गुणस्तर कायम गर्ने |
| ४.विद्यार्थीहरूलाई उनीहरूको पहिलो भाषामा सिक्ने अवसरहरू प्रदान गर्ने स्पष्ट योजना रहेका छन्? | योजनामा यस बारेमा कुनै कुरा पनि उल्लेख गरेको छैन। छलफलमा सहभागीहरुले पालिकालाई स्थानीय पाठ्यक्रम तयार गर्न कानुनी व्यवस्था | स्थानीय पाठ्यक्रम तयार गर्ने |

| | | |
|---|---|---|
| | भए पनि यस सम्बन्धमा पहल गर्नु पर्ने बताउनु भयो । | |
| ५.एकीकृत पाठ्यक्रम कार्यान्वयन सुनिश्चित गर्न कुनै व्यवहारीक योजनाहरू छन्? | एकिकृत पाठ्य योजनाको बारेमा योजनामा केही पनि उल्लेख गरिएको छैन । तर योजना आवश्यक रहेको सहभागीहरुले बनाउनु भयो | एकीकृत पाठ्यक्रम लागु गरेर शिक्षामा गुणस्तरियता कायम गर्ने |
| ६.पोर्टफोलियोमा आधारित मूल्याङ्कन सञ्चालन गर्ने शिक्षकहरूको क्षमता विकास गर्ने प्रावधान रहेका छन्? | यस बारेमा योजनामा केही पनि उल्लेख गरेको छैन । शिक्षकको क्षमता अभिबृद्धि गर्न पोर्टफोलियोमा आधारित मूल्याङ्कन गर्न जरुरी रहेको सहभागीले बताउनु भयो । | शिक्षकको क्षमता अभिबृद्धि गर्न पोर्टफोलियोमा आधारित मूल्याङ्कन गर्न |
| ७.स्थानीय पाठ्यक्रम डिजाइन र कार्यान्वयन गर्ने योजना छन् ? | यसबारेमा योजनामा केही पनि उल्लेख गरको छैन । सहभागीहरुले यो आवश्यक रहेको र तुरुन्त गर्नु पर्ने बताउनु भयो । | पालिकाले यथाशिघ्र स्थानीय पाठ्यक्रम डिजाइन र कार्यान्वयन गर्ने |
| ८.अभिभावक, बिद्यालय व्यवस्थापन समिति, समुदाय र नागरिक समाज जस्ता सरोकारवालाहरूलाई संलग्न गराइ विद्यार्थीहरूमा आधारभूत साक्षरता भए नभएका◌े मूल्याङ्कन गर्न र सुनिश्चित गर्नका लागि आवश्यक रणनितिहरू डिजाइन गर्ने स्पष्ट योजना छन्? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । तेस्रो पक्षको सलग्नतामा अनुगमन तथा मुल्यांकन गर्ने रणनीति तयार भएमा गुणस्तरिय शिक्षाको सुनिश्चित गर्न सकिन्छ । | तेस्रो पक्षको सलग्नतामा अनुगमन तथा मुल्यांकन गर्ने कार्ययोजना बनाउनु पर्ने |
| ९. विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाहरूका◌े | विद्यालयहरूमा भएका बालबालिकाहरूका◌े सिकाइ सम्बन्धमा योजना मौन् छ । यसबारेमा | अपाङ्गता भएका बालबालिकाहरूको अवस्था विश्लेषण गरी तद अनुसार योजना बनाउनुपर्ने |

| | | |
|---|---|---|
| सिकाइ सम्बन्धी पहिचान गर्न र सहयोग गर्न सक्षम बनाउने स्पष्ट योजना छन् ? | सर्व प्रथम अपाङ्गता भएका विद्यर्थीको पहिचान गरी योजना बनाउनु पहल गर्नु पर्ने कुरामा सहभागीहरुले जोड दिनु भयो । | |
| १०. विद्यालयहरूमा सबै लिङ्ग र अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयोग्य सफा पिउने पानी, शौचालय, कक्षा का ेठा र अन्य सुविधाहरू बनाउने प्रावधान रहेका छन्? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । सहभागीले अपाङ्ग मैत्री शुद्ध खानेपानी, शौचालय र कक्षा कोठा बनाउन ध्यान दिनु पर्नेबताउनु भयो | अपाङ्ग मैत्री शुद्ध खानेपानी, शौचालय र कक्षा कोठा बनाउने |
| ११. योजनाले दिवा खाजा र सफा पिउने पानी जस्ता विद्यार्थीहरूको पोषण र स्वास्थ्य सम्बन्धी आवश्यकताहरू पूरा गर्ने व्यवस्था गर्छ? | योजनाले पोषण र स्वास्थ्यको बारेमा उल्लेख गरेता पनि खाजामा स्थानीय खद्यय प्रयोग गर्ने बारेमा उल्लेख छैन । सफा पिउने पानीका बारेमा स्पष्ट योजना नरहेको सहभागिले बताउनु भयो । | |
| १२. माथीका सबै नतीजाहरू र गतिविधिहरूको सूचकहरू स्पष्ट रूपमा परिभाषित छन्? | उल्लेखित सूचकहरु अझ स्पष्ट बनाउनु पर्ने देखिन्छ । | |

## माध्यमिक शिक्षा

| **सूचकहरू** | **योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू** | **सिफारिसहरू** |
|---|---|---|
| १. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने प्रभावकारी योजनाहरु रहेका छन् ? | आधारभुत शिक्षा उपक्षेत्रमा विद्यालय बाहिर रहेका बालबालिकालाई मुलधारमा ल्याउन स्पष्ट योजना योजनामा छैन । छलफलमा सहभागीहरुले नयाँ | यस क्षेत्रमा कार्यरत स्थानीय संघ संस्थासंग समन्वय गरी घरदैलो र फलोअप कार्यक्रम सञ्चालन गर्ने |

| | | |
|---|---|---|
| | शैक्षिक सत्र सकिए पछि घरदैलो एक मुष्टरुपमा गर्ने गरेको बताउनु भयो । | |
| २. माध्यमिक विद्यालयहरूमा विद्यालय छाड्ने दर घटाउन कुनै विशेष योजनाहरू समावेश रहेका छन्? | यस बारेमा योजनामा उल्लेख गरिएको छैन । विद्ययालय छाड्नेलाई रोक्न बालविवाहलाई अन्त गर्ने र यसका लागि अविभाक सचेत कार्यक्रम गर्नु पर्ने बताउनु भयो । साथै शैक्षिक गुणस्तर सुधार गर्नका लागि विद्यालय सुधार योजना बनाइ प्रभावकारी कार्यान्वयन गर्नु पर्नेमा सहभागीहरुले जोड दिनु भयो | विद्ययालय छाड्नेलाई रोक्न बालविवाहलाई अन्त गर्ने र यसका लागि अविभाक सचेतना कार्यक्रम गर्ने |
| ३. माध्यमिक विद्यालयहरूलाई समावेशी र पहुँचयोग्य बनाउने कुनै प्रावधान रहेका छन्? | योजनाले यसबारेमा उल्लेख गरेको छैन । उद्यपी विद्यालय समुदायको सरोफेरोमा रहका छन । तर दलित समुदायका बालबालिका माध्यमिक विद्यालयमा धेरैकम रहेको यसका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्नेमा जोड दिनु भयो | |
| ४. सबै लैङ्गिगता र अपाङ्गता भएका व्यक्तिहरूका लागि शौचालय जस्ता सुविधाहरू सफा र पहुँचयोग्य बनाउने कुनै प्रावधान रहेका छन्? | यस बारेमा योजनामा उल्लेख गरिएको छैन । सहभागीहरुले शौचालयहरु लैङ्गिगता र अपाङ्गतामैत्री बनाउनु पर्नेमा जोड दिनु भयो | भौतिक सरचना लैङ्गिक र अपाङ्गमैत्री बनाउने |
| ५. माध्यमिक तहका विद्यार्थीहरूका लागि प्राविधिक विषय उपलब्ध गराउने कुनै प्रावधान रहेकाे छ? | योजनाले यसबारेमा अलग्गै उपक्षेत्रमा उल्लेख गरेको छ । यो प्रभावकारी हुदै गएको बनाउनु भयो । | |
| ६. सबै विद्यालयहरूमा योग्य विषयगत शिक्षकहरू छन् भनी सुनिश्चित गर्ने स्पष्ट योजनाहरू रहेका छन्? | योजनाले विषयगत शिक्षक माग गर्ने रणनीति उल्लेख गरेको छ तर त्यस क्षेत्रमा विषयगत शिक्षकको अभाव रहेको बताउनु भयो । | |
| ७. विद्यालयहरूमा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित [Science, Technology, Engineering, Art and | यसबारेमा योजनामा उल्लेख गरेको छैन । अन्तरविषय सिकाइ लागू गर्ने स्पष्ट योजनाको योजना बनाउनु पर्ने उल्लेख गर्नु भयो । | अन्तरविषय सिकाइ लागू गर्ने स्पष्ट योजनाको योजना बनाउनु पर्ने |

| | | |
|---|---|---|
| Mathmatics-STEAM] पद्धति जस्ता अन्तरविषय सिकाइ लागू गर्ने स्पष्ट योजना रहेका छन्? | | |
| ८.माध्यमिक विद्यालय पुरा गरेपछि विद्यार्थीहरूले सान्दर्भिक सीप र ज्ञान प्राप्त गर्ने कुरा सुनिश्चित गर्न निजी क्षेत्र र नागरिक समाज संस्थाहरूसँग साझेदारी गर्ने कुनै प्रावधान रहकाे छ? | यसबारेमा योजनामा उल्लेख गरेको छैन । यस बारेमा योजना बनाउनु पर्ने उल्लेख गर्नु भयो । | निजी क्षेत्र र नागरिक समाज संस्थाहरूसँग साझेदारी गर्ने |
| ९. विद्यार्थीहरूलाई उच्च शिक्षाको लागि तयार गर्ने वा उनीहरूकाे करियर परामर्शको लागि कुनै प्रावधान र इच्छुक योजनाहरू रहेका छन्? | यसबारेमा योजनामा उल्लेख गरेको छैन । यस बारेमा योजना बनाउनु पर्ने उल्लेख गर्नु भयो । | उच्च शिक्षाको लागि तयारका लागि करियर परामर्शको कार्यक्रम आयोजना गर्ने |
| १०. माथीका सबै नतिजाहरु र गतिविधिहरूको लागि सूचकहरू स्पष्ट रूपमा परिभाषित गरिएका छन्? | सूचक छोटो र प्रष्ट बनाउन जरुरी छ । | |

## समता र समावेशीकरण

| सूचकहरू | योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू | सिफारिसहरू |
|---|---|---|
| १. शिक्षा याेजनामा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने स्पष्ट रणनीति,छात्रवृत्ति निर्देशिकाहरू रमापनयोग्य लक्ष्यहरू परिभाषित वा तय गरिएका छन्? | योजनाले छात्रबृत्ति दिने व्यवस्था गरेको छ । तर यस सम्बन्धमा पालिकाले कुनै रणनीति, निर्देशिक तथा मापदण्डका बारेमा बनाएको गरेको छैन । | पालिकाले कुनै रणनीति, निर्देशिक तथा मापदण्ड बनाउने |

| | | |
|---|---|---|
| २. योजनामा विद्यालयहरूमा लैङ्गिक हिंसालाई सम्बोधन गर्ने रणनीतिहरू समावेश गरिएका छन्? साथै सबै लैङ्गिक , सिमान्तकृत समुदाय र अपाङ्गता भएका विद्यार्थीहरूका लागि सुरक्षित सिकाइ वातावरण सिर्जना गर्ने योजना छन्? | यस बारेमा योजनामा केही पनि उल्लेख गरेको छैन । विद्यालयहरूमा लैङ्गिक हिंसाबारेमा विद्यार्थी र अभिभावक बीचमा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्छ । | विद्यालयहरूमा लैङ्गिक हिंसाबारेमा विद्यार्थी र अभिभावक बीचमा सचेतना कार्यक्रम सञ्चालन गर्ने |
| ३. योजनाले असमानताहरु पहिचान गर्न र प्रगति अनुगमन गर्ने तथ्यांक (जस्तै, लैङ्गिक, अपाङ्गता, जातीयताद्वारा) को सङ्कलन र विश्लेषण गरेको छ? | यस बारेमा योजनामा केही पनि उल्लेख गरेको छैन । अनुगमनमा असमानताहरुको पहिचान गर्ने,प्रगति अनुगमन गरेर विश्लेषण गर्ने परिपाटी विकास गर्नु पर्छ । अनुगमन गरि दिएको सुझावहरु कार्यान्वयन भए नभएको बारेमा फलोअफ गरिरहनु पर्छ । | अनुगमन गर्दा लैङगिक, जातिय तथा अपङ्गता सम्बन्धी तथ्य र तथ्याक आउने गरी चेकलिष्ट बनाउनु पर्छ |
| ४. अपाङ्गता भएका व्यक्तिहरूका लागि विद्यालय र सिकाइलाई पहुँचयोग्य बनाउने स्पष्ट योजना समावेश गरिएकाे छ? | अपाङ्गता भएका व्यक्तीका बारेमा योजनामा उल्लेख गरिएको छैन । उल्लेख गर्नु पर्छ । | विद्यालयमा समावेशी योजना बनाउनु पर्ने |
| ५. योजनामा सीमान्तकृत विद्यार्थीहरुलाई सहयोग गर्ने स्थानीय गैरसरकारी संस्थाहरू वा समुदायमा-आधारित संस्थाहरूसँग साझेदारी गर्ने याेजना समावेश गरिएको छ? | यस बारेमा शिक्षा योजनामा उल्लेख गरिएको छैन । स्थानीय गैरसरकारी संस्थाहरू वा समुदायमा-आधारित संस्थाहरूसँग साझेदारी गर्नका लागि यस क्षेत्रमा कार्यरत गैसस वा समुदायमा आधारित संस्थाहरुसग साझेदार गर्नु पर्छ । | स्थानीय गैरसरकारी संस्थाहरू वा समुदायमा-आधारित संस्थाहरूसँग साझेदारी गर्नका कार्यविधि बनाउनु पर्छ |

| | | |
|---|---|---|
| ६. विद्यालय नेतृत्व, शिक्षक र अभिभावकहरूलाई समावेशीकरणका विषयमा शिक्षित गराउने योजना रहका े छ? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । विद्यालय नेतृत्व, शिक्षक र अभिभावकहरूलाई लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्छ । | विद्यालय नेतृत्व, शिक्षक र अभिभावकहरूलाई लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न् |
| ७. योजनामा विद्यालय निर्णय प्रक्रियामा सीमान्तकृत समूहका अभिभावक र समुदायका सदस्यहरूलाई संलग्न गराउने रणनीतिहरू समावेश रहेका छन्? साथै सबै लैंगिकता, अपाङ्गता भएका बालबालिका र जातीय अल्पसंख्यकहरूका लागि शिक्षाको महत्त्वको बारेमा समुदायहरूमा चेतना जगाउने प्रावधानहरू छन्? | योजनामा अभिभावक भेला गर्ने उल्लेख छ तर विद्यालय निर्णय प्रक्रियामा सीमान्तकृत समूहलाई समलग्न गराउने रणनीति छैन । | विद्यालयमा समावेशी योजना बनाउनु पर्ने |
| ८. योजनामा विद्यार्थी, अभिभावक, शिक्षक, नागरिक समाजलाई समानता र समावेशीकरणसँग सम्बन्धि सवालहरू रिपोर्ट र प्रतिक्रिया गर्ने संयन्त्रहरू समावेश छन्? | यस सम्बन्धमा योजनामा उल्लेख गरिएको छैन ।<br><br>विद्यार्थी, अभिभावक, शिक्षक र नागरिक समाजलाई समानता र समावेशीकरणसँग सम्बन्धि सवालहरू रिपोर्ट र प्रतिक्रिया गर्ने संयन्त्रहरू बनाउनु पर्छ । | पालिकाले विद्यालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकर कार्यविधि बनाउने |
| ९. माथीका सबै नतीजा र गतिविधिहरूको लागि सूचकहरू परिभाषित छन्? | सूचकहरुलाई मापनयोग्य बनाउन जरुरी छ । | |

## शिक्षक व्यवस्थापन र विकास

| सूचकहरू | योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू | सिफारिसहरू |
|---|---|---|
| १. स्थानीय तहको विद्यालय शिक्षा योजना शिक्षक व्यवस्थापन र विकासको लागि संघिय विद्यालय शिक्षा याेजनाको [SESP] दृष्टिकोणसँग मेल खान्छ? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । गाउँपालिकाले आफनो तजविजी अनुसार शिक्षकको व्यवस्थापन गरिरहेको छ । यसमा मापदण्ड तयारी गर्नु जरुरी छ । | |
| २. स्थानीय तहको शिक्षा योजना शिक्षक व्यावसायिक विकासको रुपरेखा र राष्ट्रिय शिक्षक क्षमताकाे रुपरेखासँग मेल खान्छ? | योजनामा यस बारेमा उल्लेख गरेको छैन । शिक्षक र शिक्षिकाको क्षमताका बढाउन आवश्यकतामा आधारित क्षमता विकास योजना बनाउन जरुरी छ । | शिक्षक र शिक्षिकाको क्षमताका बढाउन आवश्यकतामा आधारित क्षमता विकास योजना बनाउने |
| ३. शिक्षा योजनाले संघीय र प्रदेश सरकार साथै नागरिक समाज संस्थाहरूसँग सहकार्यका लक्ष्य बारे विस्तृत विवरणहरूको रूपरेखा दिन्छ? | योजनाले यसबारेमा उल्लेख गरेको छैन । पालिकाले यस सम्बन्धमा योजना बनाई कार्य गरेका श्रोत र क्रियाकलापको दोहोरो पन हट्छ । साझेदारी, समन्वय प्रभावकारी हुन्छ । | पालिकाले गैसस सम्बन्धी कार्यविधि बनाई नागरिक समाजसग कार्य गर्ने योजना बनाउनु पर्छ । |
| ४. शिक्षा योजनाले न्यूनतम शिक्षक-विद्यार्थी अनुपात पूरा गर्न शिक्षक नियुक्तिहरूलाई सम्बोधन गर्दछ? | शिक्षा योजनाले विद्यार्थीको अनुपातमा शिक्षक नियुक्ती गर्न माग गर्ने उल्लेख छ । | पालिकाले अन्य गैसस र सामाजिक उत्तरदायित्व अन्तर्गत श्रोत सकलन गरी न्यूनतम शिक्षक-विद्यार्थी अनुपात पूरा गर्न सक्छ । |
| ५. शिक्षा योजनाले समुदायमा विद्यार्थीहरूको पहिलो भाषामा पढाउन सक्षम स्थानीय शिक्षकहरूलाई नियुक्ति गर्न प्राथमिकता दिन्छ? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । पालिकाले स्थानीय पाठ्यक्रम तयार गर्नु पर्छ । तद | स्थानीय पाठ्यक्रम तयार गर्ने |

| | | |
|---|---|---|
| | अनुसार शिक्षक नियुक्तीको व्यवस्था गरिनु पर्छ । | |
| ६.शिक्षा योजनाले शैक्षिक सीप, ICT र यसको प्रयोगमा केन्द्रित निरन्तर शिक्षक विकासमा महत्त्वपूर्ण लगानी देखाउँछ? | योजनामा यसबारेमा शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तलिम दिने व्यवस्था गरेको छ । | |
| ७. शिक्षा योजनाले शिक्षकहरूलाई विद्यार्थीकाे सिकाइप्रति जवाफदेही बनाउनर कार्यसम्पादन मूल्याङ्कन प्रणाली विकास गर्न प्राथमिकता दिन्छ? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । शिक्षकहरुलाई जवाफदेही बनाउन कार्यसम्पादन मुल्यांकन गरी राम्रोलाई पुरस्कृत र कम्जोरलाई क्षमता विकासका लागि अभिप्रेरित गर्नु पर्छ । | शिक्षकको कार्यसम्पादन मुल्यांकन प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउने |
| ८. शिक्षा योजनाले स्थानीय शिक्षक सहायता प्रणाली विकास र सञ्चालन समावेश गर्दछ? साथै योजनाले शिक्षक समूहहरूलाई निरन्तर संलग्न र समर्थन कसरी गरिनेछ भनेर सम्बोधन गर्दछ? | यसबारेमा शिक्षा योजनाले उल्लेख गरेको छैन । | |
| ९. स्थानिय तहकाे शिक्षा योजना शिक्षक विकास कार्यक्रमहरू सबै शिक्षकहरूको लागि पहुँचयोग्य बनाउन केन्द्रित छ? | योजनामा यस बारेमा उल्लेख गरेको छैन । शिक्षक विकास कार्यक्रममा सबै शिक्षकको पहुच बढाउन योजना बनाउनु पर्छ । | |
| १०. माथी उल्लेखित सूचकहरू स्पष्ट रूपमा परिभाषित छन्? | सूचकलाई स्पष्ट बनाउन जरुरी छ । | |

## शिक्षामा प्रविधि

| सूचकहरू | योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू | सिफारिसहरू |
|---|---|---|
| १. स्थानीयतहकाे शिक्षा योजना विद्यालय शिक्षा क्षेत्र योजना (SESP), डिजिटल नेपाल फ्रेमवर्क र राष्ट्रिय शिक्षा नीतिमा उल्लिखित शिक्षामा ICT को राष्ट्रिय दृष्टिकोणसँग मेल खान्छ? | शिक्षा योजनामा उल्लेख भएको | |
| २. शिक्षा योजनाले पालिकाका सबै विद्यालयहरूको लागि ICT पूर्वाधार र स्रोतहरूमा समान पहुँच सुनिश्चित गर्दछ? | योजनाले सबै विद्यालयहरूको लागि ICT पूर्वाधार र स्रोतहरूमा समान पहुँच सुनिश्चित गर्ने रणनीति बनाएको छ । | |
| ३. शिक्षा योजनामा शिक्षण र सिकाइ सुधार गर्न प्रविधिको प्रयोग समावेश गरेकाे छ? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । शिक्षण र सिकाइ सुधार गर्न प्रविधिको प्रयोग गरिनु पर्छ | |
| ४. शिक्षा योजनामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच | अपङ्गताको बारेमा यस पालिकाले प्रविधिका बारेमा उल्लेख गरेको छैन । | अपङ्गताको बारेमा यस पालिकाले प्रविधिका बारेमा योजना बनाउने |

| | | |
|---|---|---|
| बढाउन प्रविधिको प्रयोग  समावेश गरेको छ? | | |
| ५. शिक्षा योजनामा शिक्षकहरुलाई शिक्षण र सिकाईमा ICT को प्रभावकारी रूपमा प्रयोग गर्न तालिम दिने प्रावधानहरू समावेश गरिएकाे छ? साथै यसमा सूचना उपभोग गर्न मात्र नभई नयाँ चीजहरू सिर्जना गर्न प्रविधि समावेश गरेको छ? | यसलाई योजनाले सम्बोधन गरेको छ। तर सूचना उपभोग गर्ने नयाँ चीजहरु सर्जना गर्ने प्रविधिको समावेश गरिएको छैन। | |
| ६. शिक्षा योजनाले शिक्षण र सिकाइको लागि प्रविधि अपनाउन विद्यालयहरूको क्षमता बढाउन निजी क्षेत्र र नागरिक समाज संस्थाहरूसँगको सहकार्यको रूपरेखा प्रस्तुत गरेको छ? | शिक्षण र सिकाइको लागि प्रविधि अपनाउन विद्यालयहरूको क्षमता बढाउन निजी क्षेत्र र नागरिक समाज संस्थाहरूसँगको सहकार्यको बारेमा योजनामा उल्लेख गरेको छैन। यसमा निजी क्षेत्र र नागरिक समाज संस्थाहरूसँगको सहकार्यको बारेमा योजना बनाउनु पर्छ। | शिक्षण र सिकाइको लागि प्रविधि अपनाउन विद्यालयहरूको क्षमता बढाउन निजी क्षेत्र र नागरिक समाज संस्थाहरूसँगको सहकार्यको बारेमा योजना बनाउने |
| ७. माथीका सबै नतीजा र गतिविधिहरूको लागि सूचकहरू | | |

| | | |
|---|---|---|
| स्पष्ट रूपमा परिभाषित छन्? | | |

### आपतकालीन र संकटमा शिक्षा

| सूचकहरू | योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू | सिफारिसहरू |
|---|---|---|
| १. स्थानीय शिक्षा योजना आपतकालीन अवस्थामा शिक्षा (Emergency in Education) को लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय ढाँचाहरू, जस्तैः विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय विपद् जोखिम न्यूनीकरण लगायतका नीतिहरूसँग मेल खान्छ? | योजनाले केही मात्रमा यस विषयलाई सम्बोधन गर्ने गरि रणनिति बनाएको छ। | |
| २. शिक्षा योजनामा विद्यालय र समुदायहरुलाई आपतकालिन अवस्थाको लागि तयार पार्न र शिक्षामा जोखिम कम गर्न उपायहरू समावेश गरिएका छन्? | योजनामा विपत पुर्व तयारी र प्रतिकार्य योजना बनाउने उल्लेख छ। | |
| ३. शिक्षक, विद्यार्थी र विद्यालय नेतृत्वलाई आपतकालीन अवस्थाको लागि तयार पार्न क्षमता बढाउने योजना रहेको छ? | योजनाले समेटेको छ। | |

| | | |
|---|---|---|
| ४. शिक्षा योजनाले आपतकालीन अवस्थाको समयमा र त्यसपछि शिक्षाको निरन्तरता सुनिश्चित गर्दछ? उदाहरणका लागि वैकल्पिक सिकाइ ठाउँहरूको उपलब्धता (जस्तैः अस्थायी सिकाइ केन्द्रहरू, सामुदायिक भवनहरू), आपतकालीन शिक्षा सामाग्रीहरूको व्यवस्था र लचिलो सिकाइ पद्धतीहरूको प्रयोग गरिएकाे छ? | योजनाले समेटेको छ । | |
| ५. शिक्षाा योजनाले आपतकालीन अवस्थामा विद्यार्थी र शिक्षकहरूको सुरक्षा र व्यक्तिगत कल्याणलाई प्राथमिकता दिएको छ? [उदाहरणका लागि संकटबाट प्रभावित विद्यार्थी र शिक्षकहरूको लागि मनोसामाजिक सहयोग सेवाहरूको उपलब्धता साथै विद्यार्थीहरू, विशेष गरी छात्रा र सिमान्तकृत समुदायका बालबालीकाहरुको सुरक्षा सुनिश्चित गर्ने उपायहरू।] | यस बारेमा योजनामा उल्लेख गरिएको छैन । | पालिकाले विपत व्यवस्थापन योजना बनाउदा यसलाई सम्बोधन गर्नु पर्छ |
| ६. शिक्षा योजनाले आपतकालीन अवस्थामा सिकाइ निरन्तरता सुनिश्चित | योजनाले समेटेको छ । | |

| | | |
|---|---|---|
| गर्न प्रविधि अपनाउने कुरामा ध्यान केन्द्रित गर्दछ? | | |
| ७. आपतकालीन र संकटमा शिक्षाको विषयमा समुदाय, नागरिक समाज संगठन र विज्ञहरूसँग सहकार्य गर्ने योजना छ? | यसबारेमा योजनामा उल्लेख गरेको छैन। समुदाय, नागरिक समाज संगठन र विज्ञहरूसँग सहकार्य गर्ने बारेमा योजना बनाउनु पर्छ। | समुदाय, नागरिक समाज संगठन र विज्ञहरूसँग सहकार्य गर्ने योजना बनाउने |
| ८. माथिका सबै नतीजा र गतिविधिहरूको सूचकहरू स्पष्ट रूपमा परिभाषित छन्? | | |

## संस्थागत संरचना र क्षमता अभिवृद्धि र कार्यान्वयन व्यवस्था

| सूचकहरू | योजनामा उल्लेखित प्रमुख प्रश्नहरू सम्बोधन गर्ने रणनीतिहरू र गतिविधिहरू | सिफारिसहरू |
|---|---|---|
| १.शिक्षा याेजनामा प्रधानाध्यापक छनोट र प्रधानाध्यापकहरूको पेशागत विकासको विद्यमान प्रणालीमा सुधार गर्ने योजना छ? | यस बारेमा योजनामा उल्लेख छैन। प्रधानध्यापक छनौटका लागि कार्यविधि बनाउनु पर्नेछ | प्रधानध्यापक छनौटका लागि कार्यविधि बनाउने |
| २.शिक्षा योजनामा पालिका र वडा तहकाे शिक्षा समितिहरूको गठन र सञ्चालनका लागि दिशानिर्देशनहरू समावेश छन्? | पालिका स्तरमा रहेको छ। | |

| | | |
|---|---|---|
| ३. शिक्षा योजनामा विद्यालयकाे नेतृत्व तहमा महिला, दलित र सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व बढाउने योजना समावेश छन्? | योजनामा छ व्यवहारमा लागु गर्न क्रियाकलाप उल्लेख छैन | |
| ४. योजनामा  शिक्षामा कार्यरत पालिकाका कर्मचारीहरूको क्षमता बढाउने ठोस योजना छ? | योजनामा क्षमता विकासको योजना छ तर बजेट विनयोजन गरेको छैन | योजनामा क्षमता विकासको योजना बनाउने |
| ५.  शिक्षा योजनामा कुनै दलीय निष्ठा बिना विद्यालय व्यवस्थापन समिती (School Management Committee)  र शिक्षक अभिभावक संघ(Parent Teacher Association) गठनको लागि अनुकूल वातावरण सिर्जना गर्ने याेजना समावेश रहेकाे छ? | योजनाले सम्बोधन गरेको छ। | |
| ६. शिक्षा योजनामा विद्यालय सुधार योजनाहरू कार्यान्वयन गर्न  विद्यालय व्यवस्थापन समिती (School Management Committee) SMC र शिक्षक अभिभावक संघ( Parent Teacher Association) लाई सहयोग गर्ने याेजना समावेश रहेको छ? | योजनाले सम्बोधन गरेको छ। | |
| ७.  शिक्षा योजनामा विद्यालयहरूको योजना र कार्यान्वयन कार्यहरू सुधार गर्न एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Information System)  को प्रयोग समावेश छ? | योजनाले सम्बोधन गरेको छ। | |

| | | |
|---|---|---|
| ८. शिक्षा योजनाले संघीय सरकारको सशर्त अनुदान कसरी प्रयोग गर्ने भनेर रूपरेखा प्रदान गरेको छ ? | यस बारेमा योजनामा उल्लेख छैन । पालिकाले रुपरेखा बनाउनु पर्छ | |
| १०. पालिकाको शिक्षा योजनामा सबै अधिकारवालाहरू र सरोकारवालाहरूलाई शिक्षाको अवस्थासँग सम्बन्धित सबै आवश्यक जानकारीको नियमित प्रसारण समावेश गरिएको छ? | यस बारेमा योजनामा उल्लेख गरेको छैन । | सबै अधिकारवालाहरू र सरोकारवालाहरूलाई शिक्षाको अवस्थासँग सम्बन्धित सबै आवश्यक जानकारीको नियमित प्रसारण गर्ने बारेमा योजना बनाउने |
| ९. शिक्षा योजनाले पालिकाका विद्यालयहरूको कार्यसम्पादन अनुगमन गर्न नागरिक समाज र समुदायका सदस्यहरूलाई स्पष्ट भूमिका दिन्छ? | योजनामा उल्लेख गरेको छैन । | तेस्रो पक्षलाई अनुगमन गराउने बारेमा योजना बनाउने |

अनुसूची ६

शिक्षा निति निर्माणका क्रममा कैद गरिएका तस्विरहरु







